# दोधारमा लाहुरे

● शिव शर्मा



पोखरा- भूतपूर्व ब्रिटिस आर्मी कास्की पुम्दीभुम्दीका फुलबहादुर गुरुङ आवासीय भिसामा स्थायी बसोबासका लागि बेलायत जाने तरखरमा थिए, तर उनी अहिले अलमलमा परेका छन् । किन त ? बेलायत सरकारले सन् १९९७ जुलाई ३ अघि सेवानिवृत्त भएकाहरूलाई आवासीय भिसा दिने कि नदिने निर्णय गर्न गरेको ढिलाइ नै गुरुङ अलमलिनुको कारण हो । गुरुङ सन् १९६१ देखि १९७० सम्म करिब नौ वर्ष वेलायती सैनिकमा काम गरेपछि सेवानिवृत्त भएका थिए ।

बेलायतको उच्च अदालतले गएको सेप्टेम्बर ३० मा सन् १९९७ अघि सेवानिवृत्त भएका सबै भूतपूर्व ब्रिटिस लाहुरेलाई आवासीय बसोबासको व्यवस्था गर्नुपर्ने फैसला गरेको थियो । यसअघि सन् १९९७ पछिका सबैलाई बेलायत बस्ने अनुमति थियो । अदालतले फैसला दिएपछि बेलायत हुईकिन लागेका उनलाई बेलायतको पछिल्लो निर्णयले असमजस्यमा पारेको छ । सरकारले छिटो निर्णय गरे जाने तयारीमा छु, गुरुङले साप्ताहिकसँग भने ।

फूलबहादुर मात्र होइनन्, उनीजस्ता धेरै बेलायती भूतपूर्व सैनिक अन्यौलमा छन् । बेलायतमा सन् १९९७ अघिका करिब १५ हजार र पछिका ३० हजार गोर्खा सैनिक छन् । अदालतले सबै जान पाउने भन्छ, तर बेलायत सरकारले कुनै निर्णय नगर्दा रनभुल्लमा छु, आफ्नो घरबारीसमेत बेचेर बेलायत जाने सुरमा रहेका एक भूतपूर्व ब्रिटिस लाहुरेले आफ्नो नाम उल्लेख नगर्ने सर्तमा भने- 'कतै बेलायत पुगेपछि बिचल्ली भइने त हैन ?' यस्तै दोधारे मनस्थिति बनाएर बसेका लाहुरे परिवार यहाँ धेरै छन् ।

बाँकी पृष्ठ ३ मा

*(निरुताको संन्यास घोषणा जम्काभेटमा)*

# प्लेगर्ल
## निरुताको संन्यास

● सुब्रत आचार्य

काठमाडौं– 'प्लेब्वाइ' लाई साधारण अर्थमा केटी फेर्दै हिड्ने लफंगा केटो भनेर बुझिन्छ । अमेरिकाबाट यही शीर्षकमा एउटा पत्रिका प्रकाशित हुने गरेको छ, जसमा चर्चित युवतीहरूको नग्न तस्बिरलगायतका सामग्री प्रकाशित हुन्छन् । यही शीर्षकको ब्रान्डमा बजारमा एक थरीको अत्तर पनि पाइन्छ । त्यसैको लिङ्ग परिवर्तित शब्द 'प्लेगर्ल' को अर्थ खोज्ने हो भने सीधै बुझिन्छ, केटा फेर्दै हिंड्ने केटी ।' ५० को दशकमा हलिउडमा यही शीर्षकमा एउटा चलचित्र पनि बनेको थियो । इन्टरनेटमा एउटा वेबसाइट पनि छ प्लेगर्ल डटकम, जसमा पुरुषका नग्न तस्बिरहरू छन् । हाम्री नायिका निरुता सिंहलाई 'प्लेगर्ल' मान्न सकिन्छ होला ?

चलचित्रको पर्दामा घरेलु महिलाको छवि बनाएकी निरुताले हालसालै फोटोग्राफर राजीव श्रेष्ठसँग आफ्नो छवि विपरीत तस्बिर खिचाइन् । ती ग्ल्यामरस तस्बिर नेटनसा डटकममा प्रकाशित भए । निरुताको तस्बिर श्रृंखलामा एक ठाउँमा उनले 'प्लेगर्ल' अंकित टिसर्ट लगाएकी छिन् । जसमा 'प्लेब्वाइ' को लोगो 'खरायोको टाउको' पनि छ ।

निरुताले त्यो टिसर्ट जानेर लगाइन् कि नजानेर ? हामीलाई जान्न मन लाग्यो र उनैसँग सोध्यौं, जवाफ यस्तो आयो- 'प्लेगर्ल अंकित टिसर्ट लगाउँदैमा नराम्रो भन्न मिल्दैन, के त्यसो भए प्लेब्वाइ परफ्युम लगाउने केटाहरू सबै खराब हुन् त ?'

निरुताका अनुसार त्यो एउटा ब्रान्ड हो र उनलाई उक्त टिसर्टको डिजाइन मन परेकाले खरिद गरेकी हुन् । 'के त्यो टिसर्ट मलाई सुहाएको छैन ?'- उनको प्रतिप्रश्न थियो । तपाईंहरू आफै भन्नुहोस्, के यो टिसर्ट उनलाई सुहाएको छ ?



## ● क्यासेट ●

### शुभेच्छा



सुनकोसी संगीत-कला प्रतिष्ठानले तयार पारेको गीतिसंग्रह 'शुभेच्छा' मा आधुनिक शैलीका नौवटा गीत समावेशछन् । संग्रहका गीतहरू प्रेमध्वज प्रधान, रामकृष्ण ढकाल, यम बराल, अञ्जु पन्त, जगदीश समाल, स्वरूपराज आचार्य, धनबहादुर नेपाली, राम भण्डारी तथा दीपक लिम्बूको स्वरमा सजिएका छन् । सुरेश घिमिरे निश्चिन्तद्वारा रचना गरिएका संग्रहका सबै गीत रामचन्द्र अञ्जानले संगीतबद्ध गरेका छन् ।

### लहर



गायक कविराज निरौलाको स्वरमा सजिएका पप तथा आधुनिक शैलीका गीतहरूको नयाँ संग्रह 'लहर' श्रोतामाझ आएको छ । साइराम पिक्चर्सले बजारमा ल्याएको उक्त संग्रहमा सञ्जीव सिंह, धीरज चापागाईं एवं गायक निरौलाद्वारा संगीतबद्ध आठ गीत तथा एउटा म्युजिक ट्र्याक सुन्न सकिन्छ । संग्रहका गीत कृष्ण अविरल, धीरज चापागाईं, प्रेमहरि मैनाली, भवानी पोखरेल तथा गायक निरौलाले रचना गरेका छन् ।

### रिस्क

गायक सञ्जय खड्गीका मेलोडियस पप गीतहरूको नयाँ संग्रह 'रिस्क' हालै बजारमा आएको छ । धौलागिरि क्यासेट सेन्टरले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत संग्रहित छन् । राहुल प्रधान, सुमन कपाली, नील शाक्य एवं गायक खड्गीद्वारा संगीतबद्ध संग्रहका गीतहरू अमिर, तारा कार्की, नील शाक्य, प्रतिमा श्रेष्ठ, दिलकृष्ण प्रजापति तथा नरेश भट्टराईले रचना गरेका छन् ।

## ● रंगमञ्च ●

● मिथिला समाजमा अभिशापका रूपमा रहेको दाइजो प्रथालाई मुख्य विषय बनाएर मञ्चन गरिएको नाटक 'ओ खाली मुह देखइछी' मञ्चन भएको छ । गत शनिबार गुरुकुलमा मञ्चन गरिएको यो नाटक महेन्द्र मलङ्गियाले लेखेका हुन् भने निर्देशक अनिल झा हुन् । मिथिलाको लोकभाका तथा शैली समेटिएको नाटकमा रमेशरञ्जन झा, प्रमेश झा, सुनिल मिश्र, अनिल झा आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन् । आरोहण गुरुकुलले आयोजना गरेको अन्तर्राष्ट्रिय नाटक महोत्सवमा मञ्चन गरिएका स्वदेशी तथा विदेशी नाटकहरूमध्ये यो पनि एक थियो । महोत्सवमा नेपाललगायत भारत, बंगलादेश, थाइल्यान्ड, डेनमार्क, नर्वे, अमेरिका तथा बेलायतका १७ वटा समूहले भाग लिएका थिए । हिजो बिहीबार सम्पन्न नाटक महोत्सवमा नेपालबाट चारवटा समूहले भाग लिएका थिए । महोत्सवमा आरोहण गुरुकुल, कर्णाली थिएटर, षट्कोण तथा मिनापले भाग लिएका थिए । कर्णाली थिएटरको नाटक 'कर्णाली दखिखन बग्दो छ' महोत्सवको अन्तिम दिन हिजो प्रदर्शन गरिएको थियो । महोत्सवले रंगकर्मको प्रवर्द्धन, अन्तर्राष्ट्रिय भ्रातृत्व सम्बन्धमा विस्तार, रंगकर्मको क्षेत्रमा भएका विकासका सम्बन्धमा जानकारी आदान-प्रदान गर्न सहयोग पुगेको विश्वास आयोजक संस्थाको छ । महोत्सवमा करिब २ सय नाट्यकर्मीको सहभागिता थियो ।

## ● ग्यालरी ●

● पोल्यान्डको ९० औं स्वतन्त्रता दिवस तथा नेपालसंगको दौत्य सम्बन्ध ५० वर्ष पुगेको अवसर पारेर गत साता राजधानीमा कला प्रदर्शनी गरियो । प्रदर्शनीमा 'द वेज अफ न्वाइज' शीर्षकमा कलाकार रविन कोइरालाका चित्रहरू प्रदर्शन गरिएको थियो । प्रदर्शनमा कोइरालाले तयार पारेका करिब दुई दर्जन चित्रकला समावेश थिए । सोही कार्यक्रममा पोल्यान्डबाट आएका कलाकारले नेपाली कलाकारसँग मिलेर सांगीतिक कार्यक्रम पनि प्रस्तुत गरेका थिए ।

● सिन्धुपाल्चोक, चौताराका कलाकार अमित घिमिरेले पाँच वर्ष लगाएर संकलन गरेको जराहरूको अमूर्त कलाको प्रदर्शनी गत शुक्रबार प्रारम्भ भएको छ । पहिलो पटक जराबाट तयार पारिएका कलाकृतिको प्रदर्शनी गरिरहेका कलाकार घिमिरे दर्शकको बाक्लो उपस्थितिका कारण हर्षित देखिन्थे । कलाकार घिमिरेले वनजंगलबाट संकलन गरिएका जरालाई मिहिनतसाथ अमूर्त आकृतिमा ढालेका छन् । यौनलाई मुख्य विषय बनाएर तयार पारिएका कलाकृतिमा प्रकृतिले यौनलाई कसरी हेरिरहेछ भन्ने सन्देश दिन खोजिएको छ । प्रदर्शनीमा ७० वटा कलाकृति राखिएका छन् ।

## ● पुस्तक ●

### मानवअधिकार : लोकतन्त्र र अहिंसाको आधार

मानवअधिकार तथा शान्ति समाजद्वारा प्रकाशित ७ सय ६४ पृष्ठको यो दस्तावेजका लेखक कृष्ण पहाडी तथा पुरुषोत्तम दहाल हुन् । १ हजार मूल्यको यो पुस्तक मानवअधिकार तथा शान्ति समाजको अवधारणा जान्न मात्र होइन, समग्र मानवअधिकारका बारेमा जानकारी हासिल गर्न पनि उपयोगी छ । मानवअधिकारसम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय दस्तावेजहरूका साथै विभिन्न अभियानहरू समेटिएको यो पुस्तक मानवअधिकारसम्बन्धी जानकारी चाहनेहरूका लागि समग्र सामग्री नै हो । जिज्ञासु, विद्यार्थीहरू सम्बद्ध पेसाकर्मी, राजनीतिज्ञ, पत्रकार आदि सबैका लागि नभैनहुने दस्तावेजका रूपमा यो पुस्तक अगाडि आएको छ ।

## ● चलचित्र ●

### जंगली बाबु



नौलो विषयवस्तुमा नेपाली चलचित्र निर्माण हुने क्रम बढ्दो छ । नयाँ विषय तथा अनुसन्धानमूलक चलचित्रको सूचीमा 'जंगली बाबु' थपिएको छ । यो चलचित्र यसै साता देखि राजधानीबाहिरका चलचित्र भवनमा प्रदर्शन हुँदैछ । रमेशकुमार पाण्डेद्वारा निर्मित चलचित्र 'जंगली बाबु' मा विभिन्न पशुपक्षीलाई अभिनय गराइएको छ । चलचित्रमा बाघ, गोही, अजिङ्गर, बाज, माहुरी, कोब्रासँग कलाकारहरूले काम गरेका छन् । परम्परागत नेपाली चलचित्रभन्दा पृथक् यो चलचित्रले मानव तथा जनावरबीच आपसी तालमेल हुन सके दुवै पक्षलाई फाइदा पुग्नुका साथै वातावरणीय सन्तुलनमा पनि ठूलो सहयोग पुग्न सक्छ भन्ने सन्देश बोकेको छ । निर्माता पाण्डेका अनुसार यसमा मानिस तथा जनावरबीचको आपसी सम्बन्धलाई आकर्षक रूपमा प्रस्तुत गरिएको छ । द्वन्द पक्ष आकर्षक रहेको भनिएको यो चलचित्रमा हालसम्मकै पृथक् द्वन्द दृश्य समावेश गरिएको निर्देशक रोशन श्रेष्ठ बताउँछन् । यो चलचित्रमा सन्तोष केसी, रेजीना उप्रेती, सुनिल थापा, कृष्ण पराजुली, हिउँवाला गौतम, महिमा पोखरेल आदि कलाकारको मुख्य भूमिका छ ।

### ओय लकी, लकी ओय



आज शुक्रबार बलिउडमा तीनवटा चलचित्र प्रदर्शन हुँदैछन् । 'सरी भाइ', 'द प्रेसिडेन्ट इज कमिङ' तथा 'ओय लकी, लकी ओय' प्रदर्शन हुने चलचित्र हुन् । यीमध्ये 'ओय लकी, लकी ओय' ले दर्शकहरूको मन जित्ने सम्भावना छ । दिवाकर बनर्जीद्वारा निर्देशित यो चलचित्रमा अभय देओल, परेश रावल, नीतु चन्द्रा, अर्चना पुरण सिंह, मनु ऋषि, रिचा चड्ढा, अनुराग चड्ढा, मन्जोत सिंह, राजिन्दर सेट्ठी आदिले मुख्य भूमिका निर्वाह गरेका छन् ।

कम बजेटमा निर्माण गरिएको यो एउटा हास्यप्रधान चलचित्र हो । चलचित्रमा बर्जीले भारतको राजधानी दिल्लीलाई प्रस्तुत गरेका छन् । सेटको प्रयोग नगरी छायांकन गरिएको यो चलचित्रमा प्रयोग गरिएका लोकेसनहरू यसअघि थुप्रै हिन्दी चलचित्रमा प्रयोग भैसकेका छन् । चलचित्रको कथा देवेन्दर अर्थात् बन्टी नामक वास्तविक चोरको जीवनमा आधारित छ, जो यतिबेला दिल्लीको केन्द्रीय कारागारमा कैदी जीवन बिताइरहेको छ । अभय देओलले चलचित्रमा लकी नामक चोरको भूमिका निर्वाह गरेका छन् । लकीलाई जुन वस्तु राम्रो लाग्छ, त्यसलाई चोरेरै हासिल गर्छ, चाहेजति नै जोखिम मोल्नु किन नपरोस् ? उनी प्रायः दिल्लीका धनाढ्य व्यक्तिको घरमा मात्र चोरी गर्छन् । चलचित्रमा एउटा चोरको जीवनलाई व्यंग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । प्रहरीले गिराफ्तार नै गर्न नसक्ने चलाख चोरको भूमिकामा प्रस्तुत अभय आफ्नो भूमिकामा न्याय गर्न सफल देखिएका छन् । परेश रावलको प्रस्तुति चलचित्रको मुख्य आकर्षण हो । चलचित्रका अधिकांश गीतमा नयाँ गायक-गायिकाको स्वर सुन्न सकिन्छ ।

### फोर क्रिसमसेज



क्रिसमस आउन तीन साता बाँकी नै रहेको अवस्थामा हलिउडमा क्रिसमससँग सम्बन्धित चलचित्र 'फोर क्रिसमसेज' प्रदर्शन हुँदैछ । कमेडी, रोमान्स तथा होलीडे श्रेणीमा राखिएको यो चलचित्र १ घण्टा २० मिनेट लामो छ । सेथ गोर्डनद्वारा निर्देशित यो चलचित्रमा भिन्स भोन, रेसी विदरस्पुन, ज्याक बोगन, नोह मुङ्क, हली हालाक आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन् । वार्नर ब्रोज पिक्चर्सले वितरण गर्ने यो चलचित्रको निर्माण गे रिडेल, पिटर बिल्लिस्ले तथा टोबी इम्मिरिचले संयुक्त रूपमा गरेका हुन् । केही यौनजन्य भाषा प्रयोग गरिएकाले यो चलचित्र १३ वर्षभन्दा माथि दर्शकले मात्र हेर्न सक्नेछन् । चलचित्रको छायांकन अमेरिकाको लस एञ्जल्स तथा क्यालिफोर्नियामा गरिएको छ ।

चलचित्रमा एउटा त्यस्तो अविवाहित जोडीको कथा समेटिएको छ, जसले क्रिसमसजस्तो रमाइलो पर्व आफ्नो खुसीले मनाउन पाउँदैनन् । विवाह गर्ने योजनामा रहेको यो जोडी क्रिसमसको छुट्टी कुनै एकान्त स्थलमा बिताउन चाहन्छ, तर क्रिसमसकै दिन बिहान अचानक बिग्रिएको मौसमका कारण उनीहरूको छुट्टी मनाउन जाने कार्यक्रम परिवर्तन मात्र हुँदैन, परिवारका सबै सदस्य उनीहरूसँगै जाने निर्णयका कारण उनीहरूको इच्छासमेत पूरा हुँदैन । पश्चिमा देशका नागरिकहरू क्रिसमसमा कसरी रमाइलो गर्छन् भन्ने विषयमा केन्द्रित यो चलचित्रमा प्रशस्त हास्य दृश्य छन् ।

## तपाईंको यो साता





### मेष

स्वास्थ्य गडबड हुन सक्छ । काममा सफलता पाउन गाह्रो पर्ला । नैराश्यता एवं उदासीनता बढ्नेछ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । घरेलु समस्याले सताउनेछ । मंगलबारदेखि मान-सम्मान पाइने, काममा सुधार आउने तथा प्रसन्नता बढ्ने योग छ । धन आर्जन तथा रमाइलो यात्रा हुने अवसर पनि जुट्नेछ ।

### वृष

साता मध्यम रहनेछ । काममा सफलता पाउन कसरत गर्नुपर्ला । वैदेशिक कार्यमा रुचि बढ्नेछ । भेटघाटमा रमाउने अवसर जुट्नेछ । अरूबाट सहयोग पनि पाउनुहोला । आइतबारदेखि बुधबारसम्म स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ । कुरा काट्नेहरू सक्रिय हुनेछन् । बिहीबार मन प्रसन्न रहनेछ ।

### मिथुन

धन आर्जन गर्ने अवसर जुट्नेछ । व्यवसायमा सफलता हात लाग्नेछ । यात्रा पनि होला । भेटघाटमा रमाउने अवसर पाइनेछ । अरूको मन जित्न सकिनेछ । मंगलबारदेखि स्वास्थ्य गडबड रहने तथा काममा अवरोध आउने योग छ । चिन्ता एवं शत्रु बढ्नेछन् । शरीरमा चोटपटक लाग्न सक्छ । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । संयमित रहनुहोला ।

### कर्कट

सुरुमा गलत विचार बढ्नेछ । समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ । विश्वास गरेकाहरूले धोका दिनेछन् । अध्ययनमा अवरोध खडा हुनेछ । शनिबारदेखि बुधबारसम्म काममा सफलता मिल्नेछ । व्यवसाय बढ्नुका साथै धन आर्जन एवं यात्रा हुने योग छ । सोच्ने शक्ति प्रबल हुनेछ । अरूको मन जित्न सकिनेछ । बिहीबार स्वास्थ्य गडबड रहने तथा चिन्ताले सताउने देखिन्छ ।

### सिंह

आफन्तहरूले धोका दिन सक्छन् । झूटा आरोप पनि लाग्नसक्छ । गलत विचार बढ्नेछ भने अध्ययनमा अवरोध खडा हुनेछ । सन्तानको समस्याले सताउनेछ । मन चिन्तित रहनेछ । शत्रुदेखि सजग रहनुहोला । स्वास्थ्यमा गडबडी उत्पन्न हुनसक्छ । बिहीबार प्रसन्नता बढ्ने, काममा सफलता मिल्ने तथा व्यवसायमा लाभ हुने योग छ । यात्रा गर्ने अवसर जुट्नेछ ।

### कन्या

पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनुका साथै नयाँ काम पाइने योग छ । सोच्ने शक्ति प्रबल हुनेछ । अध्ययनमा सुधार आउला । बौद्धिक कार्यबाट लाभ मिल्नेछ । धन आर्जन हुन सक्छ । बोलीको प्रभाव बढ्नेछ । अरूको मन सजिलै जित्न सकिनेछ । ठूला व्यक्तिले भरोसा गर्नेछन् । प्रतिस्पर्धीहरूसँग सजग रहनुहोला । स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ ।

### तुला

सुरुमा विवाद बढ्नेछ भने धनमाल हराउन सक्छ । काममा अवरोध पनि आउला । चिन्ता बढ्नेछ । शनिबारदेखि पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आफन्तहरूको सहयोग पाइनेछ । सोच्ने शक्ति प्रवल हुनेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ । नयाँ मित्रसित गरिने अन्तर्क्रियाले मनोबल बढ्नेछ । बोल्दा विचार पुऱ्याउनुहोला ।

### वृश्चिक

मान-सम्मान मिल्नेछ भने भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ । सभासम्मेलनमा तपाईंको सहभागिता रहनेछ । पराक्रम बढ्नेछ । अधुरा काम पूरा हुनुका साथै नयाँ काम पाइने योग छ । आफन्तहरूले सहयोग गर्नेछन् । सोच्ने शक्ति प्रबल हुनेछ । अध्ययन एवं व्यवसायमा सफलता हात लाग्नेछ । यात्रा हुनसक्छ । अरूको मन सजिलै जित्न सकिनेछ ।

### धनु

झूटा आरोप पनि लाग्नसक्छ । चिन्ताले पनि सताउन सक्छ । समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन् भने प्रतिस्पर्धीहरू सक्रिय रहनेछन् । शनिबारदेखि मान-सम्मान मिल्ने तथा भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ । पराक्रम बढ्नेछ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आफन्तहरूको सहयोग प्राप्त हुनेछ ।

### मकर

समय बलियो हुँदैछ । सुरुमा धन आर्जन गर्ने अवसर जुट्नेछ । मान-सम्मान पनि पाइनेछ । अरूबाट राम्रो सहयोग मिल्नेछ । सोच्ने शक्ति बढ्नेछ भने अध्ययनमा सफलता हात लाग्नेछ । वैदेशिक कार्य एवं व्यवसायमा सफलता देखिन्छ । यात्रा हुन सक्छ । शनिबार, आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ ।

### कुम्भ

सुरुमा मान-सम्मान मिल्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ । अरुबाट प्रशंसा पनि पाउनुहोला । रोकिएका कामहरू पूरा हुनेछन् । नयाँ काम पाइने योग छ । पराक्रम बढ्नेछ भने अध्ययनमा सफलता मिल्नेछ । भोज-भतेरमा सामेल हुने अवसर प्राप्त हुनेछ । मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ । कुरा काट्नेहरू सक्रिय रहनेछन् ।

### मीन

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ । काममा अवरोध आउनाले मनोबल घट्न सक्छ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । झूटा आरोप पनि लाग्न सक्छ । शनिबारदेखि मान-सम्मान तथा काममा सफलता मिल्ने योग छ । आफन्तहरूबाट सहयोग प्राप्त हुनेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ । व्यवसायमा सफलता हात लाग्नेछ ।

## यो साताको पञ्चाङ्ग

मंसिर १३ गते : क्षयरोगविरुद्ध अन्तर्राष्ट्रिय दिवस, १६ गते : विश्व एड्स दिवस, १७ गते : विवाह पञ्चमी, जनकपुर मेला, दासताविरुद्ध अन्तर्राष्ट्रिय दिवस, १८ गते : अन्तर्राष्ट्रिय अपांग दिवस,

# दोधारमा लाहुरे

पृष्ठ १ बाट जारी

नेपालमा जमेर बसेका कतिपय लाहुरे परिवारले त विचल्लीमा परिने हो कि भनेर बेलायत जाने मनस्थिति नै परिवर्तन गरेका छन् । सन् १९८८ मा गोर्खा सैनिकबाट सेवानिवृत्त भएका धनशमशेर गुरुङ जाने योजना बनाए पनि अहिले निर्णय बदलेका छन् । गुरुङ भन्छन्- 'बाँकी जीवन अब स्वदेशमै बिताउने निर्णय गरेको छु ।'

अदालतको निर्णयलाई बेलायत सरकारले कार्यान्वयन गर्नेतर्फ चासो नदेखाएपछि बेलायत जान कस्सिएका लाहुरेहरू अन्यौलमा परेका हुन् । अदालतले सबै गोर्खालीलाई आवासीय बसोबासका लागि अनुमति दिन त्यहाँको सरकारलाई आदेश दिएको दुई महिना बितिसक्दा पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । अदालतले बेलायती गृह मन्त्रालयलाई निर्णय कार्यान्यवनका लागि तीन महिना समय दिएको थियो । अहिले गोर्खा सैनिकलाई गोरासरह अवसर र बेलायती उच्च अदालतको निर्णय कार्यान्वयन गराउन गोर्खा भूतपूर्व सैनिक संघ आन्दोलनमा छ ।

आवासीय बसोबासका लागि भूतपूर्व लाहुरेहरू बेलायत जाने क्रम चलिरहेको छ । यसरी जानेहरूमा अधिकांश सन् १९९७ पछि सेवानिवृत्त भएकाहरू छन् । निर्णयपछि अहिलेसम्म करिब २ हजार ५ सय भूतपूर्व लाहुरे स्थायी बसोबासका लागि बेलायत पुगिसकेका छन् नेपाल भूतपूर्व सैनिक संघ, कास्कीका अध्यक्ष क्याप्टेन टेकप्रसाद गुरुङ भन्छन्- 'यो क्रम बढीरहेको छ ।' बेलायत पुग्नेहरू पछिल्लो निर्णयबाट नभै पुरानै नीतिअनुसार गएका हुन् । त्यसरी जाँदा बेलायतमा आफन्त हुनुपर्ने, विशेष उपचार गर्नुपर्ने, बेलायतसँग गहिरो सम्बन्ध रहेको आधारमा गएका हुन्,' गुरुङ भन्छन्- 'पछिल्लो निर्णय त कार्यान्वयन नै भएको छैन ।'

सन् १९९७ अघि अवकास पाएका कतिपयले स्वदेशमा भएको आलिसान बंगला नै बेचेर गएका छन् । कोही आफन्तलाई घरको जिम्मेवारी सुम्पेर बेलायत पसेका छन् । आर्थिक रूपले सबल हुनेहरूले बेलायत पुगेर करोडौं पर्ने बंगला किनेका छन् भने कमजोर आर्थिक अवस्था हुनेहरूले पनि किस्ताबन्दीमा धमाधम बंगला किनिरहेका छन् । २५ वर्षे किस्तामा बेलायतमा घर किन्न पाइन्छ । आवासीय बसोबासका लागि जानेहरू सुरक्षागार्ड, होटल व्यवसायदेखि घरायसी काममा रहेको बताइन्छ । भूतपूर्व लाहुरेहरूले भने वृद्धभत्तासमेत पाउँछन् । बेलायत जानेहरूमा वृद्ध-वृद्धाको संख्या न्यून छ । उनीहरूका सन्तति आवासीय बसोबासका लागि बेलायत गएको तथ्याङ्कले देखाएको छ । लाहुरे बस्ती बाक्लो रहेको पोखराबाट स्थायी बसोबासका लागि बेलायत जानेको संख्या बढी देखिन्छ ।

लाहुरे संस्कारमा भिजेकाहरू लाहुर नै जान मन पराउँछन् । आकर्षक सुविधा र राम्रो तलबका कारण पनि लाहुरे संस्कार विकसित भैरहेको बेला आवासीय बसोबासका लागि बेलायत जानेहरू बढिरहेका छन्, पूर्व लाहुरे बबरसिंह गुरुङ भन्छन्- 'नेपालमा जागिर पाइयो भने बल्लतल्ल ४ हजार रुपैयाँ मासिक तलब पाइन्छ, त्यसैले उतातिर आकर्षण बढेको हो ।' यही भएर आफ्ना छोराछोरीको उज्ज्वल भविष्यका लागि अधिकांश अभिभावक बेलायत जाने गरेका छन् । बेलायतमा नागरिकता पाउन त्यहाँ बसेर चार वर्ष काम गरेको हुनुपर्ने प्रावधान छ ।



## भर्ती बन्दको विरोधमा लाहुरे

भूतपूर्व लाहुरेहरू गोर्खा भर्ती केन्द्र बन्द गरे त्यसको विरोधमा आन्दोलनमा उत्रने तयारीमा छन् । उनीहरू गोर्खा भर्ती बन्दको विरुद्ध विरोधका कार्यक्रमहरूसमेत सार्वजनिक गर्ने तयारीमा जुटेका छन् । सत्तासीन नेकपा माओवादीले आफ्नो घोषणापत्रमा गोर्खा भर्ती केन्द्र बन्द गर्ने जनाएपछि भूतपूर्व लाहुरेहरू आक्रोषित भएका हुन । माओवादी नेताहरूले बारम्बार गोर्खा भर्ती केन्द्र बन्द गर्ने अभिव्यक्ति पनि दिँदै आएका छन् ।

भूतपूर्व लाहुरेहरूको संगठन नेपाल भूतपूर्व सैनिक संघले गोर्खा भर्ती बन्द गरे हजारौं युवा बेरोजगार भएर देशको अर्थतन्त्रमा ठूलो नोक्सानी पुग्ने जनाउँदै संघले प्रतिरोधात्मक आन्दोलन गर्ने जनाएको हो । 'गोर्खा भर्ती बन्द गरे हजारौं युवा बेरोजगार हुन्छन्, त्यसबाट देशले ठूलो आर्थिक क्षति बेहोर्नुपर्छ,' संघका केन्द्रीय अध्यक्ष मेजर दीपक गुरुङले भने- 'बेरोजगारी बढाएर देशलाई गरिब बनाउने निर्णय कसैले गर्छ भने त्यो ठूलो भूल हुनेछ, हामी त्यसको कडा प्रतिरोध गर्नेछौं ।'

संघले गोर्खा भर्तीले नेपालका हजारौंले रोजगार पाएको र २३ अर्बभन्दा बढी रकम भित्रिने जनाएको छ । गोर्खा भर्तीकेन्द्र बन्द भयो भने नेपालमा बेरोजगारी समस्या जटिल भएर जाने भूतपूर्व लाहुरेहरूको निष्कर्ष छ । 'हामीले पाइरहेको रोजगारी खोस्नेलाई बाँकी राख्दैनौं,' अध्यक्ष गुरुङले भर्ती बन्द नगर्न चेतावनी दिँदै भने- 'अब हामी कदापि चुप लागेर बस्दैनौ ।'

'चुनावी घोषणापत्रमा लेखेर मात्र के हुन्थ्यो र ? अहिले त्यही पार्टी सत्तामा भएकाले बन्द गर्छ कि भन्ने शंका लागेको छ,' उनले भने- 'प्रधानमन्त्री प्रचण्डले भारत भ्रमणका बेला चार एजेण्डामध्ये गोर्खा भर्तीलाई पनि राखेका रहेछन् ।'

एमालेले ०४८ सालमा गोर्खा भर्ती बन्द गर्ने घोषणा गरेकै कारण चुनाव हारेको दाबी गर्दै उनले अब पनि बन्दका कुरा गर्नेले सोही अवस्था भोग्नुपर्ने चेतावनी दिए । हामीलाई पनि विदेशमा बन्दुक बोकेर जिउने मन छैन,' नेपाल भूतपूर्व सैनिक संघका कास्की अध्यक्ष टेकप्रसाद गुरुङले भने- 'बन्द नै गर्ने हो भने सबैको लागि उपयुक्त वैकल्पिक व्यवस्था हुनुपर्छ ।' अधिकांश लाहुरे हुने आदिवासी जनजातिहरू लाहुरे पेन्सनले नै चलेको छ । माओवादी एजेन्डामा जस्तै गोर्खाभर्ती केन्द्र रोकेर सबै युवालाई योग्यताअनुसारको काम दिलाउन त्यति सजिलो भने देखिँदैन । सन् १८१६ को सुगौली सन्धिसँगै नेपालीहरू लाहुरे हुन थालेका हुन । यति लामो संस्कार बोकेको लाहुरे परम्परालाई उनीहरूका पुस्ताले अहिलेसम्म पनि पछ्याउँदै आएका छन् । बेलायती लाहुरेमा भर्ती भएपछि सामान्य तलब सुविधा गरेर मासिक १ लाखभन्दा बढी हुन्छ । फेरि अवकाश पाएपछि पनि त्यस्तै सुविधा । देशमा पढेअनुसार रोजगारी छैन, एक पूर्व लाहुरे भन्छन्– 'त्यही भएर त म छोरालाई ब्रिटिस आर्मीमा भर्तीका लागि प्रयास गर्दैछु ।'




**अर्जेन्ट आवश्यकता**

NGOबाट विगत ५ वर्षदेखि सञ्चालित संस्थालाई बिभिन्न पदका कर्मचारीहरुको आवश्यकता ।पार्टटाइम,फुलटाईम जबको व्यबस्था। महिला, विद्यार्थीलाई प्राहयता

**तलब**- ८५००+गाडीभाडा

**संख्या**: १७ जना

**योग्यता**: साधरण लेखपढ, Test-SLC +2 + above

**सम्पर्क:** २०७२५४५,९८४१४९३०२६, ९८०३०७५९८१, चाबहिल

शनिबार पनि अफिस खुल्ला रहनेछ ।













**होटल तालिम विशेष छुटमा** २००३ मा स्थापित

नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक **Worldwide valid Certificate**

COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम

- UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
- ६ महिने कुकमा FREE BARMAN/ ६ जनाको ग्रुपमा आउँदा १ जना FREE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

केयर गिभरका नयाँ कक्षाहरु धमाधम शुरु भैरहेको छ ।

**रयाडीसन होटल ट्रेनिङ्ग सेन्टर**
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
2200889, 016913003, 9841-891131

**साहारा होटल तालिम सेन्टर**
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, शंखमुल मार्ग
2040782, 016200757, 98510-93629

**रयाडीसन होटल तालिम सेन्टर**
नयाँ बानेश्वर, BICC जाने ट्राफिकको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

● सम्पादकीय ●

# साना हतियार नियन्त्रण गर

अहिले संसारभर जे–जस्ता विद्रोह र अपराध देखिएका छन् तिनका पछाडि मूल कारणका रूपमा साना हतियारको अनियन्त्रित प्रयोग एवं वितरण देखिएका छन् । नेपाल पनि यो प्रसंगबाट अछुतो छैन । साना हतियारको यस्तो बिगबिगीलाई नियन्त्रण गर्न अहिले संयुक्त राष्ट्रसंघले समेत आफ्ना सदस्यराष्ट्रहरूबीच हात–हतियार सन्धि गराउन महत्त्वपूर्ण पहल गरिरहेको छ । तटस्थ अनुगमनकर्ताहरूको भनाइलाई स्वीकार गर्ने हो भने अहिले विश्वभरि कम्तीमा पनि ९८ देशका १ हजार १ सय ३५ कम्पनीद्वारा उत्पादित ९ करोडभन्दा बढी साना हतियार विद्रोही तथा अपराधी समूहसम्म पुगेको छ, अर्थात् अहिले विश्वभरि प्रत्येक १० जना बराबर एउटा सानो हतियार छ । प्रत्येक वर्ष यस्ता साना हतियार ८० लाख थानका हिसाबले विस्तार भैरहेको छ । नेपालमा साना हतियारको संख्या कति छ भन्ने यकिन तथ्यांक अहिलेसम्म सार्वजनिक हुन सकेको छैन । माओवादी जनयुद्ध प्रारम्भसँगै नेपालमा देखा परेका साना–ठूला हतियारधारी समूहहरूले पनि यस्तै साना हतियारको बल र दम्भमा आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको तीतो यथार्थ हामीले अनुभव गरेकै छौं । कुनै पनि किसिमका साना हतियारको प्रयोगले मानिसको बाँच्न पाउने न्यूनतम मानव अधिकारको हनन गर्छ । किनभने प्रत्येक वर्ष मारिनेहरूमध्ये एकतिहाइसम्म साना हतियारको प्रयोगबाट आफ्नो ज्यान गुमाउन बाध्य हुन्छन् । यो स्थितिलाई नियन्त्रण गर्न पनि सरकारले साना हतियार नियन्त्रण गर्नैपर्छ ।

नेपालजस्तो भर्खरै शान्ति स्थापनाको चरणमा प्रवेश गरेको मुलुकमा साना हतियारको नियन्त्रण दिगो शान्तिका लागि अपरिहार्य छ । विगतमा माओवादी छापामार, नेपाली सेना र अन्य छरिएर रहेका हतियारधारी समूहले साना हतियारकै बलमा समाजमा आफ्नो हिंसक उपस्थिति जनाउँदै आएको कुरा हामी कसैबाट लुकेको छैन । शान्ति सम्झौतापछि नेपाली सेना र माओवादी विद्रोहीका साना हतियारहरू केही नियन्त्रित भए पनि शान्ति सम्झौताको विपक्षमा रहेका अन्य दर्जनौं विद्रोही समूह अहिले पनि साना हतियारकै बलमा सक्रिय हिंसामा छन् । यो स्थितिमा सरकार र माओवादी विद्रोहीबीच भएको शान्ति सम्झौतासमेत अप्ठ्यारो स्थितिमा परेको छ । माओवादी स्वयंले बेलाबखतमा साना हतियारको प्रदर्शन र प्रयोग गर्दै आएको प्रसंगमा साना हतियारलाई नियन्त्रण गर्नुपर्ने आवश्यकता अझ टड्कारो रूपमा प्रस्ट भएको छ । तसर्थ सरकार तथा विपक्षी दलसमेत मुलुकमा दिगो शान्तिका लागि प्रतिबद्ध हुने हो भने उनीहरूले सबैभन्दा पहिले मुलुकलाई साना हतियाररहित वा नियन्त्रित प्रयोगको अवस्थामा पुऱ्याउन आफ्ना तर्फबाट अधिकतम पहल गर्नुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

## जनतालाई अपमानित गर्ने काम

अहिले जताततै युथफोर्स र वाइसिएलको प्रतिस्पर्धा देख्न सकिन्छ । उनीहरू प्रत्यक्षरूपमा जनतालाई आक्रमण गरेको देखाउँदैनन् तर आन्तरिक तवरबाट धम्की, डर र त्रास दिएर जनतालाई भित्रभित्रै आतंकित तुल्याउन खप्पिस छन् । देशका विभिन्न भागमा शिक्षकहरूको राजीनामा गराएर आफ्नो पक्षको नियुक्ति गराउने र विद्यालय व्यवस्थापन समितिमा पनि परिवर्तनको नाममा आफ्नो पक्षमा रहेकालाई स्थापित गराउने काम अहिले ग्रामीण तहका विद्यालयहरूमा भएको छ । फरक मत राख्नेहरूलाई वाइसिएल तथा युथफोर्सले निलम्बन गराउने, जरिवाना तिराउने एवं आतंकित पार्ने गरेको पाइन्छ । जसले गर्दा विभिन्न व्यक्ति आफ्नो जागिर वा जिम्मेवारीबाट विस्थापित हुन पुगेका छन् । फरक मत राख्ने र अन्यायका विरुद्ध बोल्ने सोझा जनता पिटिएका छन् । अहिले ग्रामीण क्षेत्रमा विभिन्न प्रकारका ज्यादति एवं दुर्व्यवहारका घटनाकै कारण आम जनतामा माओवादी नेतृत्वको सरकारप्रतिको विश्वासमा धेरै कमी आएको छ ।

यसले सकारात्मक विचार बोक्ने एवं स्वच्छ छवि भएका राजनैतिक कार्यकर्ताहरूको मुखमा बुझो लगाउने काम भएको छ । यस प्रकारका गतिविधिबाट कुनै पनि दलको संगठन दिगो हुन सक्दैन भन्ने कुरा नेतृत्व तहले बुझ्नु आवश्यक छ । फरक मत र फरक विचार राख्नेले पिटिनु पर्ने, अन्यायमा पर्नै पर्ने वा जागिरबाट हात धुनै पर्ने, राज्यबाट पाउने सहुलियत र अवसरबाट वञ्चित हुनैपर्छ भने किन गर्ने लोकतन्त्र र गणतन्त्रको बखान ? अहिले जनता पिटिनु पर्ने, धम्कीका आधारमा आफ्नो पेसाबाट समेत हात धुनु पर्ने वा माओवादीमै प्रवेश गर्नु पर्ने बाध्यात्मक परिस्थिति सिर्जना गरिएको छ । के लोकतान्त्रिक गणतन्त्र नेपालमा यस्तो वातावरण सिर्जना हुनु लज्जास्पद होइन ? अब यो सरकारबाट जनताले के आशा गर्ने ? यदि यस्ता घटनाहरू दलहरूको केन्द्रीय स्तरबाटै निर्देशित हुन् भने उनीहरूका यस्ता क्रियाकलापले जनमानसमा राम्रो छाप छोड्न सक्दैन । अहिले त माओवादीलगायत सरकारमा सहभागी दलहरूले फलेको वृक्ष बनेर सबै विचार बोक्ने विभिन्न तह र तप्काका व्यक्तिहरूसमक्ष झुक्न सक्नुपर्थ्यो । सबैका भावना एवं विचारहरूको कदर गर्नुपर्थ्यो ।

● चिठीपत्र ●

संविधानसभामा ठूलो दलका रूपमा जनताको म्यान्डेट पाएपश्चात् माओवादीले अब हत्या, हिंसा, धम्की र त्रासको वातावरण समाप्त पार्नु आवश्यक छ । किनभने गाउँमा द्वन्द्वकालमा माओवादी र सेना दुवै पक्षबाट उर्दी जारी गरी पटक-पटक जनतालाई आतंकित पारिन्थ्यो तर अहिले वाइसिएल र युथफोर्सले उर्दी जारी गरी जनतालाई आक्रान्त पार्ने काम भएको छ। अब जनताले विचार र व्यवहारबाट चिन्न चाहन्छन् माओवादी लगायत सबै दललाई। मुलुकमा अब हामी सबैले शिर ठाडो गरेर हिंड्न, बोल्न र आफ्ना दैनिक क्रियाकलाप स्वतन्त्र एवं निर्भयतापूर्वक गर्न पाउनुपर्छ। केवल फरक मत राखेकै आधारमा यातना पाउनु हुँदैन ।

**– वासुदेव देवकोटा**
**मुचोक–४, साउने, गोरखा**

## सुविधाको नकरात्मक उपयोग

वर्तमानमा विद्यार्थीहरू बढी सुविधामुखी हुन खोजिरहेका छन् । काठमाडौंका विद्यार्थीहरूले कलेज आउने-जाने क्रममा अत्यधिक सुविधा तथा साधनको प्रयोग गर्ने कुरा नौलो होइन । विद्यार्थीहरूले सानो दूरीको बाटोमा पनि गाडीको प्रयोग गर्ने तथा हुनेले त कलेजमा बाइक नै लाने गरेका छन् । उता दुर्गमका विद्यार्थीहरू भने इच्छा हुँदाहुँदै पनि उच्च शिक्षा प्राप्त गर्नबाट वञ्चित छन् । यसको मूल कारण आर्थिक अभाव हो । सरकारी क्याम्पसमा पढे पनि के गर्ने, भर्ना शुल्क, किताब, कापी, कलमका साथै परीक्षा र अरू विभिन्न कुराका लागि पैसा चाहिन्छ । सर्वसाधारण विद्यार्थीहरूका लागि गरिबी नै मुख्य अभिशाप बन्न पुगेको छ ।

शिक्षाका लागि कलेजको मासिक शुल्क तिर्नसमेत नसक्ने स्थितिमा रहेका गाउँले विद्यार्थीहरूले अन्य रवाफमा हात हाल्ने त कुरै भएन । वास्तवमा विद्यार्थी जहाँका हुन्, सुविधाको प्रयोग गर्न मन लाग्छ तर दुर्गमका विद्यार्थीहरू सकारात्मक तथा आफूलाई आवश्यक पर्ने सुविधाबाट पनि वञ्चित छन् । उनीहरू आफूलाई आवश्यक पर्ने पुस्तक, कापी, कलम किन्नमा पनि कन्जुस्याइँ गर्न बाध्य छन् । काठमाडौंका कतीपय विद्यार्थी सानो कुरालाई पनि ठूलो बनाएर झगडा गर्छन् । झगडाको कारण पनि ठूलो चाहिने रहेनछ । अर्कातर्फ कतिपय कलेजको कक्षामा शिक्षकहरूले पढाउँदा हो-हल्ला गर्ने, शिक्षकहरूलाई नटेर्ने, कक्षामा मोबाइल चलाउने आदि घटना पनि सामान्य हुँदै गएका छन् । छाडा विद्यार्थीहरूले कक्षामा होहल्ला गरेर आफू पनि पढ्दैनन्, अरूलाई पनि पढ्न दिँदैनन् ।

कलेजले मात्र नियन्त्रण गरेर विद्यार्थी नियन्त्रित हुन सक्दैनन् । शिक्षकहरूको काम भनेको राम्रो बाटो र खराब बाटो पहिल्याइदिने हो । काठमाडौंमा सुविधाको बढी उपयोग गर्दै कतिपय विद्यार्थी कलेजलाई विकृत बनाउन लागेका छन् भने ग्रामीण भेकका विद्यार्थीहरू गुणस्तरीय शिक्षाबाट वञ्चित छन् । ग्रामीण भेकमा कलेजको संख्या एकदमै न्यून छ भने कतै त एउटा कलेज पनि छैन । एकातर्फ आर्थिक समस्या, अर्कातर्फ कलेजको कमी, फलस्वरूप पढेर आफ्नो भविष्य उज्यालो बनाउने ग्रामीण विद्यार्थीहरूको सपना पूरा हुन सकेको छैन ।

अब हामी सबै नागरिक लगायत सरकारले पनि यस विषयमा गहिरिएर सोच्नै पर्ने स्थिति आएको छ । सहरी विद्यार्थीहरूमा अनुशासनसम्बन्धी व्यवस्था कडाइका साथ लागू गर्नुपर्छ भने ग्रामीण क्षेत्रमा पनि कलेजको संख्यामा वृद्धि गर्नुपर्छ । त्यस्तै सहरी कलेजका विद्यार्थीहरूले पनि आफ्नो जिम्मेबारीलाई वहन गर्दै, आफ्ना आमाबाबुको लगानीलाई मध्यनजर गर्दै बेकारको रवाफतर्फ नलागी, अनुशासित रूपमा राम्रोसँग अध्ययन गरी देशको सच्चा एवं कर्मठ नागरिकका रूपमा स्थापित हुनु आवश्यक छ ।

**–सागर शर्मा, वनस्थली, काठमाडौं**

## त्रिभुवन विश्वविद्यालयसँग

नेपालको सबैभन्दा जेठो सरकारी विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयले विभिन्न संकायको नतिजा www.tuexam.edu.np मार्फत पनि हेर्न सकिने भनेर प्रचार गर्छ, तर नतिजा प्रकाशन भएको १५ दिनसम्म पनि वेबसाइटमा नतिजा हेर्न नपाउनु विडम्बना नै भएको छ । त्रिभुवन विश्वविद्यालयको यस्तो हेलचक्र्याइँतिर कसैले ध्यान दिएको हेला ? १५-१६ दिनपछि वेबसाइटमा राखिएको मानवशास्त्र तथा समाजशास्त्रतर्फ स्नातकोत्तर तह दोस्रो वर्षको परीक्षाफल बिल्कुलै गलत छ, जहाँ परीक्षा भएको २०६५ जेठ-असार महिना भनेर उल्लेख गरिएको छ, जब कि परीक्षा गत २०६४ फागुन-चैत महिनामा सम्पन्न भएको थियो । साथै हामीले अहिले मार्कसिट लिइसकेपछि र परीक्षामा उत्तीर्ण भैसकेको सिम्बल नम्बरसमेत वेबसाइटमा हेर्दा अनुत्तीर्ण देखिन्छ । यस विषयमा त्रिभुवन विश्वविद्यालय सम्बद्ध निकायहरूको ध्यान जाला कि ?

**देवी सापकोटा, काठमाडौं**

● तीतो सत्य ●

मानिस जब बिग्रन्छ माया गर्न लायक त परै जाओस् घृणा गर्न लायक पनि रहँदैन ।

**–राघव श्रेष्ठ 'पाल्पाली'**

जसले आफ्नो स्वार्थका लागि झूट बोल्छ, त्यसलाई दुराचारी मानिन्छ ।

चरित्रहीन व्यक्ति जति पढेलेखेको भए पनि विद्वान् हुँदैन ।

पैसाको प्रचुर पात नलागी दुनियाँमा कसैले कसैलाई बाक्लो छहारी दिन सक्दैन ।

**–बीके लामा, भक्तपुर**

मन र पानी जहिले पनि तलतिर जान खोज्छ ।

**–बलबहादुर क्यापछाकी**

जानीजानी अपराध गर्ने मान्छे अपराधी होइन, महाअपराधी हो ।

जो मर्नदेखि कहिल्यै डराउँदैन उसले मृत्युमाथि विजय प्राप्त गर्छ ।

सकारात्मक सोंच लिएर हिँड्ने व्यक्ति सधैं सफल हुन्छ ।

असल ज्ञान आर्जन गर्न जति कठिन हुन्छ, खराब ज्ञान आर्जन गर्न त्यति नै सजिलो हुन्छ ।

**–सिजन श्रेष्ठ**

अव्यवहारिक ज्ञान लिनुभन्दा थोरै तर सीपमूलक अनि व्यवहारिक ज्ञान लिनु नै उत्तम हुन्छ ।

हरेक क्रान्ति फरक-फरक हुन्छ तर त्यसको समाधानको एउटै बाटो शान्ति हुन्छ ।

**सिजन**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

● सहर चर्चा ●



## गाउनुको मज्जा

इलामको पश्चिमी मंगलबारे गाउँको बीचमा एउटा सानो बजार छ । हरेक साँझ बजारकै कुनै कुनामा गुञ्जिने सुरिलो संगीतले बजारवासीलाई छुट्टै आनन्द दिने गरेको छ । समकक्षीहरू राजधानीमा नाम र दाम दुवै कमाएर जमेका छन्, तर मंगलबारेका पाका गायक देवी गौतम भने हार्मोनियम, मादल, बाँसुरी, मुर्चुङ्गा, विनायो आदि वाद्ययन्त्रले भरिएको आफ्नै घरको कोठामा गीत सुनाउँछन् । संगीतप्रेमी जोकोही पनि पश्चिमी मंगलबारे पुगे भने देवी सरको घरमा सांगीतिक जमघटमा जमिहाल्छन् । हुन पनि बाबु, छोरी, छोरा सबै गाउने-बजाउने भएपछि सांगीतिक वातावरणमा रम्ने धोको भएका जोकोहीलाई उनको घर नै सांगीतिक प्यास मेटाउने थलो भएको छ ।

मंगलबारे बहुमुखी क्याम्पसका प्रमुख गौतम क्याम्पस चलाउन मात्र होइन, दर्जनौं गीत रेकर्ड गराएर सांगीतिक फाँटमा पनि उत्तिकै सक्रिय छन् । ५० को नेटो काटेका गौतमले २१ वर्षअघि रेडियो नेपालमा स्वर परीक्षा उत्तीर्ण गरेपछि सांगीतिक यात्रालाई गति दिएका हुन् । मन रुने गरी सारङ्गी बज्यो गीत पहिलो पटक रेकर्ड गराएयता उनले जाऊँ है चेली, लेकबेसीका सुसेलीहरू, रुँदै बसेछु जस्ता एल्बम बजारमा ल्याइसकेका छन् । उनी अहिले 'पर्खी बसेको छु नि' एल्बम निकाल्ने तयारीमा जुटेका छन् । क्याम्पसको व्यस्तता र दुर्गम क्षेत्रको बसाइका कारण समकक्षीहरूको तुलनामा प्रगति गर्न नसकेको उनको बुझाइ छ । 'राजधानीमा बसेर संघर्ष गर्न नसकेपछि केही हुँदो रहेनछ,' उनले भने– 'समयअनुसार जिल्लाका आक्कल-झुक्कल कार्यक्रम भ्याउँछु अनि आएका इष्टमित्रलाई घरमै गीत सुनाउँछु ।' उनी आफूलाई ओझेल परेको कलाकार मान्छन् ।

**–विप्लव भट्टराई**

● साइबर गर्ल ●

पोखरामा रहेर पनि पर्याप्त चर्चा पाउन सफल मोडल हुन्– मनिता पुन । मनिताले दुई वर्षअघि लक्स ब्युटी कन्टेस्टबाट मोडलिङ सुरु गरेकी हुन् । चर्चित गायिका मौसमी गुरुङ हुँदै श्रद्धा राई (शम्भु राई, सुपुत्री) को म्युजिक भिडियोमा समेत देखा पर्न सफल मनिताले आफ्नो यात्रा धीरजजंग गुरुङजस्ता नवगायकसँग काम गर्न पनि भ्याएकी छिन् । पोखराका गायक तथा निर्देशक शोभित बस्यालको भिज्युअल नै मनिताको पहिलो म्युजिक भिडियो हो । उनी सेल्युलाइड चलचित्र डरको छोटो-मीठो भूमिकामा समेत देखा परेकी छिन् । सोभित बस्याल, प्रदीप श्रेष्ठ, अराज केशव, राजन इशान, युग गुरुङ, प्रसन्न पौडेल आदि निर्देशकहरूसँग काम गरेपछि उनको मोडलिङ यात्राले उचाइ प्राप्त गरेको छ । हाल होटल म्यानेजमेन्ट कलेज छिनेडाँडामा बीबीए दोस्रो सेमेस्टरमा अध्ययनरत मनिताको लक्ष्य सफल उद्यमी बन्नु हो । समयको सदुपयोग गर्न उनी मोडलिङमा लागेकी हुन् । मोफसलमा रहेर मोडलिङ पेसामा आबद्ध हुनेहरूका लागि अवसरको कमी भएको मनिताको धारणा छ । मनिता वैचारिक रूपमा कमजोरहरूको प्रवेशले यो क्षेत्रमा दुर्गन्ध बढाउने खतरातर्फ सजग रहन सम्बन्धित व्यक्ति एवं निकायहरूसँग आग्रह गर्छिन् ।




● मुखाले ●

प्रचण्डजी आफैं बसेको हाँगा काट्दै हुनुहुन्छ, कालीदासजस्तो ।

**–गिरिजाप्रसाद कोइराला**

सत्ता हाँक्ने अनि जनता मार्ने ? यो हुन सक्दैन ।

**–प्रदीप ज्ञवाली, नेता, नेकपा एमाले**

जनताको भावनाअनुसार क्रान्ति गर्न अझै बाँकी छ ।

**–डा. बाबुराम भट्टराई, अर्थमन्त्री**

जनगणतन्त्रको वकालत गर्नु प्रजातन्त्रमा वैचारिक छुटको अंग हो ।

**–डा. प्रकाशचन्द्र लोहनी**

माओवादीबाट जे सोच, विचार, दृष्टिकोण आइरहेको छ यसबाट तिक्तता पैदा भएको छ ।

**–झलनाथ खनाल**

लडाकुहरूको समायोजन र व्यवस्थापनको विवाद केवल सैनिक र प्राविधिक विषय मात्र होइन ।

**–नरहरि आचार्य**

भद्रगोलपछि नाइके निस्कन्छ ।

**–सूर्यबहादुर थापा**

मैले आजसम्म कसैसँग यौनसम्पर्क गरेकी छैन, म भर्जिन छु ।

**–रेजिना उप्रेती, चलचित्र नायिका**

विफोर म्यारिज नो सेक्स ।

**–आगन्तुक खरेल, गायिका**

नेपालीको रात्रिजीवन भनेको सुत्ने हो ।

**–सौजन्य सुब्बा, टेलिभिजन कलाकार**

म कसैको निगाहमा नायिका भएको होइन ।

**जेनिसा केसी, चलचित्र नायिका**

# सेयर बजारमा नेपालीले दुई खर्ब गुमाए

**दुई वर्षयता सेयर बजारमा नेपालीहरूको चासो अकासिएको छ। सेयरमा लगानी गर्दा राम्रो कमाइ हुन्छ भन्ने हल्लाका कारण धेरैजसो सहरियाहरू सेयर खरिद गर्न थालेका थिए। कृषि विकास बैंकले आफ्ना ऋणीहरूलाई बैंकको हिस्सेदार बनाउने नीति लिएपछि यो लहर गाउँसम्म पुग्यो। दुई वर्षपछि यही सेयर धेरैजसोका लागि 'हार्ने खालको जुवा' सावित भएको छ। दुई महिनायता स्टक एक्चेन्जमा सूचीकृत सबैजसो कम्पनीको मूल्य घटेपछि लगानीकर्ताहरू चिन्तित भएका छन्। यही मेसोमा १४ नम्बरका सेयर दलाल ईश्वरीप्रसाद रिमालसँग सेयरबजारसँग सम्बन्धित विविध समस्याका बारेमा साप्ताहिकले छलफल गरेको थियो।**



ईश्वरीप्रसाद रिमाल, सेयर दलाल

**सेयरमा लगानी गर्नेबित्तिकै राम्रो कमाइ हुन्छ भन्नेहरू अहिले टाउकोमा हात राख्न थालेका छन्, यस्तो अवस्था किन आयो ?**

यसमा तीनवटा कारण छन्। पहिलो सरकारको नीति। दोस्रो विश्वमा आएको आर्थिक मन्दी। तेस्रो बजारको ट्रेन्ड।

**सेयर घट्नुको कारणमध्ये पहिलो नम्बरमै सरकारको नीति भन्नुभयो, जब कि अर्थमन्त्रीले सेयर बजारलाई व्यवस्थित बनाउँदै लाने कुरा गर्नुभएको छ ?**

कुरा र काम फरक कुरा हो। अर्थमन्त्रीले कुरा के गर्नुभयो भन्दा पनि के काम गर्नुभयो भन्नेतर्फ ध्यान दिनुपर्छ।

**के काम गर्नुभयो ?**

अर्थमन्त्रीले बजेटको आकार ठूलो बनाउनुभयो। त्यसका लागि पैसा चाहियो। अघिल्लो वर्ष सेयर बजार अकासिएको थियो। त्यसबाट सरकारलाई ९३ करोड राजस्व आम्दानी भयो। यो ट्रेन्ड देखेपछि अर्थमन्त्रीलाई अहो, पैसा त यहाँ पो रहेछ भन्ने लाग्यो। यदि यसमा थप ५० प्रतिशत कर बढायो भने त कम्तीमा पनि एक अर्बभन्दा बढी राजस्व यसले उठाउँछ भन्ने लाग्यो। जबकि त्यो सोचाइ नै गलत थियो।

**कसरी ?**

अघिल्लो वर्षसम्म नेपाली सेयर बजार अपरिपक्व हिसाबले चलेको थियो। सेयरको भाउ बढेको बढ्यै थियो। मानिसले आम्दानी गरिरहेका थिए, त्यसैले त्यति धेरै राजस्व उठ्यो। अर्थमन्त्रीले यो ट्रेन्ड सधैंभरि यत्तिकै कायम रहन्छ भन्ने मान्नुभयो। जबकि धेरैजसो कम्पनीको सेयर मूल्य वास्तविकभन्दा धेरै बढेको थियो र सानो कारणले पनि यो क्षेत्र तल आउने निश्चित थियो। यस्तो बेलामा सरकारले बढाएको कर निहुँ बन्न पुग्यो। यो वर्ष पहिलेको तुलनामा सरकारले ५० प्रतिशत कर बढाएको छ। यो कुरा लेखेर राख्नुहोस्, करको दर बढाएको अवस्थामा पनि सरकारले यो क्षेत्रबाट ३५ करोडभन्दा बढी राजस्व उठाउन सक्दैन। अघिल्लो वर्ष ९३ करोड राजस्व उठ्ने क्षेत्र अहिले करको दर बढाए पनि आधाभन्दा बढी घट्ने निश्चित छ। यसैबाट थाहा हुन्छ, अर्थमन्त्रीको निर्णय गलत थियो।

**सेयर घट्नुपर्ने दोस्रो कारणमा तपाईंले विश्वको आर्थिक मन्दीलाई देखाउनुभएको छ, जबकि स्टक एक्चेन्जका महाप्रबन्धकले विश्वको आर्थिक मन्दीले नेपालको सेयर बजारलाई कुनै प्रभाव पर्दैन भनिरहनुभएको छ ?**

नेपालमा विदेशीले सेयरमा लगानी गर्न पाउँदैन, न त नेपालीले नै विदेशमा पूजी लान पाउँछ। यस अर्थमा झट्ट हेर्दा नेपालको सेयर बजार सुरक्षित देखिन्छ। यद्यपि वास्तविकता के हो भने नेपालमा सेयर लगानी गर्ने ठूला लगानीकर्ता भनेका उद्योगपति र व्यापारी नै हुन्। अहिले छड, सिमेन्ड, पेट्रोलियम पदार्थको भाउ घटेका कारण पहिले स्टक राख्ने धेरै व्यापारीलाई करोडौं घाटा लाग्यो। यो घाटा पूर्ति गर्न उनीहरूले आफूसँग भएका सेयर बेच्न थाले। ठूलो मात्रामा सेयर बेच्दा बजार ओरालो लाग्नु स्वाभाविक हो।

**तेस्रो कारणमा तपाईंले बजारको ट्रेन्ड भन्नुभएको छ। यसले के संकेत गर्छ ?**

बजारको ट्रेन्ड भन्नुको अर्थ सेयर बजार उकालो लाग्नु वा ओरालो लाग्ने क्रम भन्ने बुझिन्छ। यसको अर्थ के हो भने धेरैजसो कम्पनीले बोनस, राइट सेयर तथा बोनस सेयरको घोषणा गरिसके। हरेक वर्ष बोनस वा सेयरको घोषणा गरेपछि बजार ओरालो लाग्छ। दुई महिनायता केही कम्पनीबाहेक अन्यले यस्तो घोषणा गरेका कारण ती कम्पनीको मूल्य घट्नुपर्थ्यो, तर अहिले भने बजारको ट्रेन्डका कारण बोनस घोषणा नगरेका कम्पनीहरूको पनि मूल्य घट्न पुग्यो।

**यी तीन कारणको विश्लेषण गर्दा सेयर मूल्य यति धेरै नझर्नुपर्ने जस्तो लाग्यो, सत्य के हो ?**

हो, यति धेरै नझर्नुपर्थ्यो। मेरो विचारमा अबचाहिँ झर्ने क्रम रोकिनुपर्छ। होइन भने यसले ठूलो अप्ठ्यारो सिर्जना गर्छ।

**सबैभन्दा बढी कुन कम्पनीका लगानीकर्ताले धेरै पैसा गुमाए ?**

नेपाल टेलिकमका लगानीकर्ताले सबैभन्दा बढी गुमाए। एक महिनायता यो कम्पनीका लगानीकर्ताले १ अर्ब ५० करोड रुपैयाँभन्दा बढी गुमाएको देखिन्छ।

**दुई महिनादेखि सेयर बजार तल झरेको देखिन्छ। नयाँ लगानीकर्ताले कति रकम गुमाएको देखिन्छ ?**

दुई महिनाअघि स्टक एक्चेन्जमा दर्ता भएका कम्पनीहरूको कुल सेयर मूल्य ६ खर्ब १२ अर्ब रुपैयाँभन्दा बढी थियो। अहिले यो घटेर ४ खर्ब २१ अर्ब रुपैयाँ पुगेको छ। यसबाट नेपालीले झन्डै दुई खर्ब रुपैयाँ गुमाएको देखिन्छ।

**सबैभन्दा कम नोक्सान बेहोर्ने कम्पनी कुन–कुन हुन् ?**

राम्रो व्यवस्थापन भएका स्टान्डर्ड, नबिल, बैंक अफ काठमाडौं, सिद्धार्थ बैंकजस्ता १० वटा कम्पनीलाई धेरै अप्ठ्यारो परेको देखिँदैन। ती तुरुन्तै कभर हुने खालका छन्। लहैलहैमा बढेका नयाँ तथा कमजोर व्यवस्थापन भएका कम्पनीहरूलाई अप्ठ्यारो परेको छ। विशेष गरी नेपाल टेलिकमको सेयर मूल्य १ हजार ४ सय रुपैयाँभन्दा बढी पुगेको थियो। यो ६ सयमा झरेको छ। यस्ता कम्पनीलाई अप्ठ्यारो पर्ने देखिन्छ।

**सेयर मूल्य झर्ने क्रम कहिलेसम्म चल्ला ?**

लगानीकर्ताले आत्मविश्वास नगुमाउने हो भने यो लामो समय चल्दैन। विश्व अर्थतन्त्र सुध्रिने हो भने पनि अहिलेको मूल्यमा सुधार आउँछ। सरकारले करको दरमा पुनर्विचार गर्ने हो भने पनि यो सच्चिन्छ। यी तीनवटै कुरा नहुने हो भने पनि बजारमा सुधार आउँछ। कुरा के हो भने बजार घट्नु नै मूल्य बढ्ने संकेत हो।

**बजार आफ्नो अनुकूल बनाउन सेयर दलाल तथा केही लगानीकर्ता मिलेर मूल्य घटबढ गर्छन् भन्ने आरोपलाई के भन्नुहुन्छ ?**

गलत भन्छु। मार्केट कसैले चाहँदैमा घटबढ हुन सक्दैन। यसको आफ्नै लय हुन्छ। जसले बजारलाई आफ्नो प्रभावमा पार्छु भन्छ, त्यसले ठूलो नोक्सान पनि बेहोर्नुपर्ने हुन्छ। अमेरिकामा रख बेलर नामका एक व्यापारीले संसारभरिको अनाज किनेर बजार नियन्त्रण गर्न खोज्दा टाट पल्टिएका थिए। त्यस्तो प्रयास गऱ्यो भने नेपाली लगानीकर्ता पनि डुब्न सक्छन्।

**तर केही दलाल तथा लगानीकर्ताले यस्तो प्रयास गरेको सुनिन्छ नि ?**

अहिले दैनिक ७ करोडको सेयर किनबेच हुन्छ। यसलाई प्रभावित गर्न दैनिक कम्तीमा पनि ५ करोड लगानी गर्नुपर्ने हुन सक्छ। नेपालमा दैनिक ५ करोड लगानी गर्न सक्ने ग्रुप छ भन्ने मलाई लाग्दैन। बजारमा ५ प्रतिशतसम्म हेरफेर गर्ने प्रयास भने हुन्छ।

**बजारमा के भनिन्छ भने अरूले सेयरबाट आम्दानी गरे पनि नगरे पनि सेयर दलालले भने राम्रो पैसा कमाए।**

दलालका राम्रा दिन आएकै हुन्। नेपाली दलालले पनि वार्षिक करोडभन्दा बढी आम्दानी गर्न थाले। यो खुसीको कुरा हो।

**नेपालमा सेयर कारोबार प्रारम्भ हुँदाको अवस्था के थियो ?**

वर्षभरि काम गर्दा काम गर्ने केटाहरूलाई दसैं खर्च दिने अवस्था पनि थिएन। मैले पनि तलब दिन नसकेको अनुभव छ। कम्पनीहरू कर बचाउन मात्र स्टक एक्चेन्जमा दर्ता हुन्थे, कारण स्टक एक्चेन्जमा दर्ता हुँदा ५ प्रतिशत कर छुट हुन्थ्यो। बिस्तारै यो क्षेत्र व्यवस्थित हुँदै गएको छ।

**गत वर्ष कति कमाउनुभयो ?**

मैले गत वर्ष कुल २ करोड ४० लाख रुपैयाँआम्दानी गरे। सरकारको कर, स्टाफ खर्च तथा अन्य खर्च कटाएर नेट १ करोड रुपैयाँ कमाइ भयो।

**अश्विनी कोइराला**

पालो तपाईको ...........!
के तपाई SLC पास भएर पढाई छोड्नु भयो ?
अब पीर नमान्नुहोस
शनिबार मात्र कक्षा लिई सजिलै
Private I.A. I.Com पास गरौं
अन्तिम भर्ना
७५ जिल्लाबाट सम्पर्क राख्न सकने
जि.शि.का. बाट सम्बन्धन प्राप्त
SANDRA OPEN SCHOOL
Kathmandu
Nayabazar, sorakhutte
4361712, 2160393
(कुमारी पेट्रोलपम्प ठीक अगाडी)
Chitwan
भरतपुर
(कन्या कलेज रोड)
056-525918

उद्घोषण तालिम
चर्चित उद्घोषकबाट १ महिनाको उद्घोषण कोर्ष साथै पत्रकारिता
प्राक्टीकलको लागि F.M. तथा टेलिभिजनमा लगिने
क्रिष्टल ट्रेनिङ्ग, मैतीदेवी
४४१७४३८
९८४१६११३७३

निःशुल्क ब्यूटिसियन तालिम
नेपाल सरकारद्वारा मान्यता प्राप्त NGO को सहयोगमा दक्ष तथा अनुभवी ब्युटिसियनहरुद्वारा बेसिक, एडभान्स र डिप्लोमा तथा स्पेशल कोर्षहरुमा ग्यारेण्टिका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो।



सम्पर्क समय : १० बजेदेखि ५ बजेसम्म
कपाल स्ट्रेट ग्यारेन्टीका साथ गरिन्छ।
बालाजु चोक (LWBTC) 4350762
मैनबत्ती बनाउने तालिम निःशुल्क दिइन्छ।

अर्जेन्ट आवश्यकता
NGO बाट विगत ५ वर्ष देखि संचालित संस्थालाई इमान्दार तथा मेहनती कर्मचारीको आवश्यकता
तलब: ७,५००।– + गाडीभाडा
संख्या: १७ जना
योग्यता: साधारण लेखपढ Test, S.L.C + Above
नोट:– महिला विद्यार्थीको लागी उपयुक्त तथा ग्राहयता दिइने छ।
सम्पर्क: २०६३१००, ९८०३४८४०२६ ९८०३४६४३३४, ९८४१०६९४११
(शनिबार पनि अफिस खुल्ला रहने छ।)

PATENTED
नयाँ !



सम्पर्क : ४४८८२३३
KATHMANDU@EASYHAIRGROUP.COM

# फेसन डिजाइनर बन्ने कि ?

रोजिन शाक्य

एउटा राम्रो, आकर्षक एवं सुन्दर डिजाइनको परिकल्पना फेसन डिजाइनरको मस्तिष्कमा जन्मन्छ, त्यसैलाई कागजमा उतारेर आफ्नो कला, सीप, अनुभव, प्रतिभा र सिर्जनशीलताअनुरूप एउटा राम्रो पहिरन मूर्तरूपमा अभिव्यक्त हुन्छ। व्यक्तिको व्यक्तित्व, उसको चाहना, रहनसहन, शारीरिक बनावट, मौसम, वातावरण जस्ता थुप्रै कुरालाई ध्यानमा राखेर आफ्नो प्रतिभा एवं कल्पनाले फेसन सिर्जना गर्ने डिजाइनर तथा फेसन डिजाइनिङ क्षेत्रले परिवर्तित समयसँगै व्यावसायिक रूप लिइसकेको छ।

सम्भावना, चुनौती, अवसर र प्रतिस्पर्धाको अहिलेको वर्तमान परिस्थितिमा रोजगारमूलक, व्यावहारिक एवं व्यावसायिक शिक्षा समयानुकूल मानिन्छ। आम मानिसको फेसनप्रतिको बढ्दो लगाव, यस क्षेत्रमा विद्यमान अवसर एवं सम्भावनासँगै नाम, दाम र चर्चा आर्जनको दृष्टिले फेसन डिजाइनिङतर्फ आकर्षण बढ्दै गएको छ। मोफसललगायत राजधानीमा बढ्दै गएका फेसन डिजाइनिङसम्बन्धी शिक्षा दिने संस्था एवं बढ्दो बुटिक संख्याले फेसन डिजाइनिङ क्षेत्रको विकसित हुँदै गएको अवस्थातर्फ संकेत गर्छ।

फेसन डिजाइनिङसम्बन्धी शिक्षा दिने विभिन्न संस्थाहरूको अध्यापन गराउने आ-आफ्नै शैली एवं विशेषता भए पनि मूलतः यस विषयभित्र एलिमेन्ट्स अफ डिजाइन एन्ड फेसन, प्याटर्न ड्राफ्टिङ एन्ड ग्रेडिङ, फेसन स्केचिङ, फेसन इलस्ट्रेसन, इम्ब्रोइडरी एन्ड आर्ट, गार्मेन्ट कन्स्ट्रक्सन, अपेरेल मर्चेन्डाइजिङ, फेसन मार्केटिङ एन्ड म्यानेजमेन्ट, टेक्सटाइल केमिस्ट्री एन्ड क्वालिटी कन्ट्रोल, क्रियटिभ प्याटर्न मेकिङ, एक्सपोर्ट एन्ड इम्पोर्ट म्यानेजमेन्ट, फेब्रिक स्टाइलिङ, डाइङ एन्ड प्रिन्टिङ, फेसन रिटेलिङ, प्रोडक्सन म्यानेजमेन्ट, प्रोजेक्ट वर्क, पोर्टफोलियो, फेसन सो म्यानेजमेन्ट एन्ड प्रेजेन्टेसन, कम्प्युटर एडेड डिजाइनिङ आदि विषय अध्ययन गर्नुपर्ने हुन्छ।



**नमुना कलेज अफ फेसन टेक्नोलोजी**

छ वर्षअघि पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा प्रारम्भ भै फेसन विषयमा अध्यापन गराउँदै आएको मुलुककै पहिलो फेसन कलेज हो, नमुना कलेज अफ फेसन टेक्नोलोजी (एनसीएफटी)। बूढानीलकण्ठ सडक, बाँसबारीस्थित नमुना कलेजमा तीन वर्षे ब्याचलर इन फेसन डिजाइनिङ कोर्समा दस जोड दुई वा सो सरहको अध्ययनमा कम्तीमा ४५ प्रतिशत अंक ल्याई उत्तीर्ण गरेका विद्यार्थीले अध्ययनका लागि आवेदन दिन पाउँछन्।

गत वर्षसम्म न्यापल डिजाइनिङ इन्स्टिच्युट सिंगापुरसँग आबद्ध यो कलेज यसै वर्षदेखि न्याफल्स कलेज अफ डिजाइन एन्ड कमर्स, सिड्नी अष्ट्रेलियासँग आबद्ध भएको छ। गुणस्तरीय एवं एकेडेमिक शिक्षा प्राप्त गर्न सकिने यो कलेजमा तीन वर्षे ब्याचलर कोर्सका लागि २ लाख ९० हजार २ सय रुपैयाँ शुल्क लाग्छ।

**आई.ई.सी.**

भारतको इन्डिया एजुकेसन सेन्टरको शाखाका रूपमा ११ वर्षअघि अर्थात् सन् १९९७ मा काठमाडौँको बागबजारमा आईईसी स्थापना भएको थियो। एक दशकपछि आईईसी कलेज अफ आर्ट एन्ड फेसनका रूपमा परिणत भएको छ। भाटभटेनी, विशालनगरस्थित यो कलेजमा तीन वर्षे बीएस्सी इन फेसन डिजाइनिङको अध्यापन प्रारम्भ भएको छ। ए लेभल, प्लस टु वा सो सरह उत्तीर्ण विद्यार्थीले अध्ययन गर्न सक्ने यो कलेजमा तीनवर्षे कोर्स आईईसी कलेजले भारतको एसएनडीटीबाट सम्बन्धन प्राप्त गरेको छ। आईएसओ १००२ गुणस्तर प्राप्त आईईसीले सन् २००३ मा अमेरिकाको गोल्ड क्वालिटी एजुकेसन अवार्डसमेत प्राप्त गरिसकेको छ।

आईईसी इन्स्टिच्युटअन्तर्गत भने तीन महिने प्रारम्भिक फेसन डिजाइनिङ, ६ महिने सर्टिफिकेट इन फेसन डिजाइनिङ, १५ महिने डिप्लोमा इन फेसन डिजाइनिङ तथा २ वर्षे एड्भान्स डिप्लोमा इन फेसन डिजाइनिङ कोर्स सामेल गरिएको छ। जसअन्तर्गत १५ महिने कोर्सका लागि ३४ हजार ६ सय ८० रुपैयाँ र २ वर्षे कोर्सका लागि ३६ हजार ६ सय ८० रुपैयाँ शुल्क तोकिएको छ। दिल्लीको इन्डियन एजुकेसन सेन्टरबाट बनेर आएको पाठ्यक्रमअनुरूप पढाइने यो संस्थामा विद्यार्थीले दिल्लीको आईईसी तथा अमेरिकाको टुका टेक इन्स्टिच्युटको प्रमाणपत्र प्राप्त गर्न सक्छन्।

**लर्ड बुद्ध एजुकेसन फाउन्डेसन**

सन् १९९८ मा स्थापना भएको शिक्षा मन्त्रालयबाट स्वीकृतप्राप्त लर्ड बुद्ध एजुकेसन फाउन्डेसनमा फेसन डिजाइनिङसम्बन्धी अध्ययन सन् २००४ देखि नै प्रारम्भ भएको थियो। ३ वर्षे ब्याचलर इन फेसन डिजाइन कोर्स अध्यापन हुने मैतिदेवीस्थित यो कलेज सिक्किमको मणिपाल युनिभर्सिटीसित आबद्ध छ। यसको परीक्षा पनि मणिपाल बोर्डले नै सञ्चालन गर्ने गरेको छ। कुनै पनि संकायबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण विद्यार्थी भर्ना हुन सक्ने यी संस्थामा तीन वर्षे ब्याचलर कोर्सका अतिरिक्त एक वर्षे डिप्लोमा इन फेसन टेक्नोलाजी तथा एडभान्स डिप्लोमा इन फेसन टेक्नोलाजीको कोर्स पनि उपलब्ध छ। लर्ड बुद्धमा तीन वर्षे ब्याचलर इन फेसन डिजाइनिङ कोर्स पूरा गर्न २ लाख २८ हजार रुपैयाँ शुल्क लाग्छ।

**लखौटिया इन्स्टिच्युट अफ आर्ट एन्ड डिजाइन**

भारतको लखौटिया इन्स्टिच्युटको नेपालस्थित शाखाका रूपमा सन् १९९७ मा सञ्चालनमा आएको लखौटिया इन्स्टियुटमा ६ महिने प्रारम्भिक फेसन डिजाइनिङ एक वर्षे डिप्लोमा इन फेसन डिजाइनिङ, एकवर्षे डिप्लोमा इन फेसन डिजाइनिङ तथा दुई वर्षे अनरसिप कोर्स अफ फेसन डिजाइनिङको अध्यापन हुन्छ। एसएलसी उत्तीर्ण जो-कोहीले पनि अध्ययन गर्न सक्ने कृपण्डोलस्थित यस संस्थामा तीन महिनाको सर्ट टर्म कोर्स पनि उपलब्ध छ। मासिक २ हजार ५ सय रुपैयाँमा फेसन संसारको अध्यन गर्न सकिने यो संस्थाले गुणस्तरीय शिक्षालाई प्रमुख आधार बनाएको छ।

**आईएनआईएफडी**

भारतको चण्डीगढमा मुख्यालय रहेको दुई वर्षअघि स्थापित आईएनआईएफडी इन्स्टिच्युट लाजिम्पाटमा एकवर्षे प्रोफेसनल, दुईवर्षे एड्भान्स, ३ देखि ५ महिने फाउन्डेसन एवं इन्टर्नसिप कोर्सअन्तर्गत फेसन डिजाइनिङ अध्यापन हुन्छ। एसएलसी उत्तीर्ण भएकाले एकवर्षे र प्लस टु वा सो सरह उत्तीर्ण भएकाले दुईवर्षे कोर्समा भर्ना हुन पाउँछन् भने यो संस्थामा एकवर्षे कोर्सका लागि ४९ हजार, दुईवर्षे कोर्सका लागि ५५ हजार, ५ महिने कोर्सका लागि २० हजार तथा ३ महिने कोर्सका लागि १२ हजार रुपैयाँ शुल्क खर्च लाग्छ।

आईएनआईएफडी अमेरिकाको लाडा तथा इटलीको मिलानस्थित आईएमबीसित प्रत्यक्ष रूपमा सम्बन्धनमा रहेकाले विद्यार्थीहरू स्पेसलाइजेसन कोर्सका लागि मिलान जान सक्छन्।

उल्लेखित प्रायः सबै शिक्षण संस्थामा फेसन अध्यापनसँगै व्यक्तित्व विकास, क्यारियर डेभलपमेन्ट, फेसन पत्रकारिता, कोरियोग्राफी, क्याटवाक, फेसन फोटोग्राफी जस्ता विविध जानकारी दिन्छन्। विद्यार्थी डिजाइनरहरूले सिकेका कुरालाई प्रयोग गर्न प्रोजेक्टका रूपमा फेसन सोको आयोजना एवं प्रस्तुतिलाई पनि प्राथमिकता दिइएको पाइन्छ। फेसन डिजाइनिङ अध्यापन हुने यी संस्थाका अतिरिक्त आईआईएफटी, कन्टेम्पोररी इन्स्टिच्युट अफ आर्ट एन्ड फेसन, नेपाल एजुकेसन अफ फेसन टेक्नोलोजी (एनईएफटी), नेसनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजी (एनआईएफटी), त्रिवेणी तालिम केन्द्र, कुमारी इन्स्टिच्युट, त्रिमिया ट्रेनिङ सेन्टर जस्ता संस्था पनि फेसनको अध्यापनमा आबद्ध छन् तर यीमध्ये हाल केही मात्रै सक्रिय छन्।

राजधानीबाहेक पोखरा, वीरगन्ज, बुटवल, जनकपुरमा आईईसीले फेसन डिजाइनिङको कोर्स सञ्चालनमा ल्याएको छ। चितवनमा एनईसी, बुटवलमा साफ्ट सेन्टर, धरानमा पोलिटेक्निक इन्स्टिच्युट तथा भेलोसिटी कलेजले फेसन डिजाइनिङ अध्यापनको कार्यलाई अघि बढाएको पाइन्छ।

गएको फेसन डिजाइनिङले बुटिक सञ्चालन गर्ने तथा फ्रिलान्स फेसन डिजाइनर बन्ने अवसर त प्रदान गर्छ नै साथै विद्यार्थीका लागि कस्ट्युम डिजाइनर, फेसन फोरकास्टर, फेसन स्टाइलिस्ट, डिजाइन म्यानेजर, एक्सेसरिज डिजाइनर, इम्ब्रोइडरी डिजाइनर, टेक्स्टाइल डिजाइनर, मर्केन्डाइजर, गार्मेन्ट टेक्नोलोजिस्ट, फेसन कोअर्डिनेटर, फेसन कन्सल्टेन्ट, फेब्रिक डिजाइनर, फेसन जर्नलिस्ट, फेसन फोटोग्राफी, कोअर्डिनेटर, प्याटर्न डिजाइनर, क्वालिटी कन्ट्रोलर, प्रोडक्सन सुपरभाइजर, फेसन इन्डस्ट्रियालिस्ट आदिका रूपमा अवसर सिर्जना गर्न सक्छ।

# विज्ञान पढाइको पृथक्ता

रामचन्द्र अधिकारी

उच्च शिक्षामा विज्ञान विषयप्रति आकर्षण बढिरहेको छ। प्राविधिक शिक्षाको पहिलो आधार एवं खुड्किलो भएकाले विज्ञानप्रति आकर्षण बढेको हो। यसबाहेक अन्य स्कोपहरू देखेर पनि धेरै विद्यार्थी विज्ञान संकायमै भर्ना हुन्छन्। अरू विषयभन्दा विज्ञानलाई अलि फरक पढाइ मानिन्छ। यसलाई तीक्ष्ण विद्यार्थीहरूले मात्र पढ्ने विषयका रूपमा हेरिन्छ। गाउँघरमा त साइन्स पढ्ने मानिस कति छन् भनेर गन्न लाग्यो भने औंलामा अटाउँछन्। उनीहरूको भिन्न पहिचान र इज्जत हुन्छ। 'साइन्स पढेको' भनेपछि मेहनती, इमान्दार, जेहन्दार, तीक्ष्ण र पढाइ पूरा गरेपछि सजिलै जागिर पाइन्छ भन्ने विश्वास छात्रछात्राहरूमा छ।

के विज्ञानको अध्ययन अरूभन्दा पृथक छ ? के यी उपमा विज्ञान पढ्नेहरूलाई दिन सकिन्छ ? वास्तवमा विज्ञानको अध्ययन-अध्यापनभित्र केही तीतामीठा तथ्यहरू छन्।

कलेजमा अरू संकायको पढाइ दैनिक पाँच घण्टीमा सीमित रहन्छ। यति समयका दरले पढाउँदा तोकिएको कोर्स पूरा गर्न खासै कठिन हुँदैन, तर विज्ञान पढ्नेलाई दिनमा कम्तीमा सात घण्टी पढाइन्छ। यी बढी दुई घण्टी प्रयोगात्मक कक्षाका लागि हो। यद्यपि यति मात्र पढाइले कुनै पनि हालतमा कोर्स पूरा गर्न सकिँदैन। त्यसैले दिनमा कम्तीमा अरू एक वा दुई घण्टी अतिरिक्त पढाउन आवश्यक छ। विज्ञान पढ्ने विद्यार्थीले उच्च मा.वि.हरूमा दिनको आठ/नौ घण्टी पढ्छन्। दिनको आठ-नौ घण्टी नपढाए भौतिक, रसायन र जीवविज्ञानको कोर्स पूरा हुँदैन। प्रायः उ.मा.वि.हरूले यी प्रत्येक विषयको पाठ्यभार घटीमा सात राखेका हुन्छन्। कलेजमा पढाइ समयका आधारमा विज्ञान अरूभन्दा पृथक छ।

तुलनात्मक हिसाबले अरू संकायमा पढाइ हुने विषयको भन्दा विज्ञान विषयका कोर्सहरू लामा छन्। तुलना गर्दा पनि उच्च मा.वि.को कोर्स आईएस्सीको भन्दा दुई गुना लामो छ।

विज्ञानको विद्यार्थीले कलेजमा धेरै समय बिताए पनि घरमा पनि आराम पाउँदैन, किनकि उसले धेरै गृहकार्य गर्नुपर्ने हुन्छ। कलेजमा गरिएका प्रयोगात्मक परीक्षणहरूको पूरा विवरण र परिणाम फियर ड्राफ्ट गर्नुपर्छ। जीव विज्ञानअन्तर्गत धेरै चित्र खिच्नुपर्छ। यी काम गृहकार्यकै रूपमा दिइएको हुन्छ। गृहकार्य पूरा गर्दैमा निवासमा रहन्जेलको समय बित्छ। आईएस्सीमा चाहिँ परीक्षाअगाडिका दुई महिना कलेजबाट बिदा पाउलान्, तर उच्च मा.वि.का विज्ञान संकायमा पढ्नेहरूको दिनचर्या भर्ना भएदेखि बोर्ड परीक्षासम्म उस्तै हुन्छ। मानविकी, शिक्षा र व्यवस्थापन संकायहरूमा थप अभ्यास गराउनु छ भने मात्र नत्र केही विषयबाहेक परीक्षाको दुई-तीन महिनाअघि पढाइ सकिन्छ।

विज्ञानको अध्ययन मेहनतको पर्याय हो भन्दा फरक नपर्ला। बाह्रै महिना अध्ययन गरिरहनेका लागि सफलता टाढा हुँदैन। अर्को कुरा के छ भने विज्ञानमा पढ्नुपर्ने कुरा नै कठिन छन्। नेपाली विद्यार्थीहरूले विज्ञानभित्र अनुमान गर्ने नसक्ने कुरा पढ्छन्। त्यस्ता पाठ्यवस्तु याद गर्न मेहनत नगरी हुँदैन।

स्कोपका आधारमा पनि विज्ञान अरूभन्दा पृथक छ। आईएस्सी वा विज्ञान लिएर उच्च मा.वि. तह उत्तीर्ण गरेको विद्यार्थीका लागि प्राविधिक क्षेत्र पेवा हुन्। यहाँ अरू जुनसुकै संकायमा भर्ना पाउन सकिन्छ। एमबीबीएस, बीडीएस, बीभीएस्सी, इन्जिनियरिङ, बायोकेमेस्ट्री, माइक्रो बायोलोजी, प्राकृतिक स्रोत व्यवस्थापन, बीपीएचजस्ता विषय विज्ञान पढी उ.मा.वि. उत्तीर्ण वा आईएस्सी गर्नेहरूका लागि मात्र हो। यी अवसरबाट अरू संकाय पढ्नेहरू वञ्चित छन्, तर बाँकी संकायका क्षेत्रमा विज्ञानका विद्यार्थी जान नसक्ने प्रावधान छैन।

विज्ञान संकायका भौतिक, रसायन र जीवनशास्त्रमा हरेक वर्ष



बोर्ड परीक्षामा मौखिक परीक्षा (भाइभा) हुन्छ। कलेजहरूले प्रयोगात्मक परीक्षणका विवरण बुझाउँदासमेत यस प्रकारका मौखिक परीक्षा दैनिकजसो लिन्छन्। यो प्रक्रियाले विद्यार्थीको अन्तर्वार्ता फेस गर्ने क्षमताको विकास हुन्छ।

पढाइको चापमा पर्ने भएकाले विज्ञानका विद्यार्थीहरू अनुशासनका पालक हुन्छन्। प्राविधिक क्षेत्रका उच्च र धेरै आयआर्जन गर्ने पढाइमा प्रवेश नपाए पनि साधारण बीएस्सी र एमएस्सी पढेर गरी खाने बाटो खोल्न कठिन छैन। शिक्षणक्षेत्रमा माध्यमिक विद्यालय तहमा सबैभन्दा बढी माग हुने आईएस्सी-बीएस्सी गरेको जनशक्ति नै हो। यस आधारमा पनि विज्ञान अरू विषयभन्दा पृथक् छ।

# रिभिजन क्लासको उपयोग कसरी गर्ने ?

**विश्वमणि अधिकारी**



मंसिर महिनाको आगमनसँगै अधिकांश विद्यालयमा १० कक्षाको कोर्स सकिएर रिभिजन क्लास सुरु हुँदैछ। निकट भविष्यमा सुरु हुन गैरहेको प्रि-सेन्टअप, त्यसपछिको सेन्टअप र एसएलसी परीक्षाका लागि रिभिजन क्लास अत्यन्त फलदायी हुने भएकाले यसको सदुपयोग गर्न विद्यालय प्रशासन, शिक्षक, अभिभावक तथा विद्यार्थी स्वयं पनि बेलैमा सचेत हुन आवश्यक छ। अनुभवहरूले के देखाएको छ भने रिभिजन क्लास वा नियमित कोर्स सकिएपछिको एक-दुई महिना राम्रोसँग मन लगाएर पढेका विद्यार्थीहरूले परीक्षामा १० प्रतिशतसम्म अंक बढाउन सफल भएका छन्। यस प्रकार रिभिजन क्लासलाई दक्षता बढाई अंक तथा प्रतिशत बढाउने अवसरका रूपमा प्रयोग गर्नु बुद्धिमत्ता हुन्छ।

रिभिजन क्लासको अवधारणा नियमित पाठ्यवस्तु पढाउन भन्दा पनि अप्ठेरा शीर्षक तथा नयाँ र अतिरिक्त ज्ञान पाउन आएकाले हामीले यसको उपयोग पनि यही रूपमा गर्नुपर्छ। यसरी नै रिभिजन क्लासमा जान्ने र कम जान्ने विद्यार्थीहरूको छुट्टाछुट्टै समूह बनाएर पढाइयो भने बढी प्रभावकारी हुन्छ। कक्षामा नियमित पढाइका बेला ध्यान नदिने विद्यार्थीहरूले पनि विगतका गल्तीबाट पाठ सिकेर कम्मर कसी पढे पक्कै पनि सोचेअनुसारको परिणाम हात पार्न सहयोग पुग्नेछ।

रिभिजन क्लासको उपयोगको कुरा गर्दा शिक्षकहरूले पर्याप्त मात्रामा जाँचमा आउन सक्ने खालका प्रश्नहरू समावेश गरेर परीक्षा केन्द्रित भै पढाउनुपर्छ। त्योभन्दा बढी विद्यार्थी स्वयं अध्ययनप्रति सचेत हुनु आवश्यक छ। जस्तो कि शिक्षक-अभिभावकहरूभन्दा विद्यार्थी स्वयंलाई नै उनीहरू कुन विषयमा राम्रा छन् र कुन विषयमा बढी मेहेनत आवश्यक छ भन्ने कुरा थाहा हुन्छ। त्यसैले विद्यार्थीहरूले विषयप्रतिको आफ्नो पकड थाहा पाइसकेपछि जानेको विषयलाई अलि कम र अप्ठेरो लाग्ने विषयलाई तुलनात्मक रूपमा बढी समय छुट्याएर रिभिजन क्लासलाई अधिकतम रूपमा प्रयोग गर्नुपर्छ।

रिभिजन क्लासको उपयोग गर्ने सन्दर्भमा समयतालिकालाई अपनाउन सकियो भने सुनमा सुगन्ध हुनसक्छ, किनकि समयतालिकाअनुसार पढाइ अघि बढाउँदा अध्ययन व्यवस्थित हुन्छ। रिभिजन क्लासको तयारीमा जुटेका विद्यार्थीहरूले प्रत्येक विषयको परीक्षा लिन शिक्षक तथा विद्यालय प्रशासनलाई आग्रह गर्नुपर्छ। विद्यालय प्रशासनले पनि रिभिजन क्लासको बीच-बीचमा केही दिनको अन्तर राखेर परीक्षा लिनुपर्छ। यसप्रकारको अभ्यासले तीन घण्टाभित्र तोकिएका सबै प्रश्नको हल गर्ने बानीको विकास हुन्छ। परीक्षा भनेपछि आत्तिनु अधिकांश विद्यार्थीको साझा स्वभाव नै हो। कमजोर विद्यार्थी मात्र होइनन्, निकै जान्ने विद्यार्थीहरूसमेत परीक्षाको प्रश्नपत्र हात नपरेसम्म अस्थिर देखिन्छन्, जसका कारण उनीहरूले तयारी गरेअनुसारको दक्षता परीक्षामा देखाउन सकेका हुँदैनन्। यी सबै समस्याबाट मुक्ति पाउन पनि रिभिजन क्लास सञ्चालनका बखत परीक्षा लिनु आवश्यक देखिएको हो।

विद्यार्थीहरूले प्रवेशपत्र र उत्तरपुस्तिकामा लेखिएका निर्देशनहरू राम्रोसँग नपढ्ने, प्रश्नमाथि राम्रो विचार नपुर्‍याई लामो जवाफ मात्र लेख्ने, कतै चाहिनेभन्दा बढी लामो उत्तर र कतैचाहिं धेरै-थोरै उत्तर लेख्न सक्छन्। यी सबै समस्या रिभिजन क्लास सञ्चालनका बखत लिइएका परीक्षाहरूबाट हटाउन सकियो सोचेअनुरूपको उपलब्धि हात पार्न सकिन्छ। रिभिजन क्लास सञ्चालनका बखत विद्यार्थीहरूलाई अगाडि राखेर उत्तरपुस्तिका परीक्षण गर्न सकियो भने कसरी गल्ती हुँदो रहेछ र अंकहरू काटिदो रहेछ भन्ने प्रत्यक्ष अनुभव उनीहरूले गर्न पाएर गल्ती सच्याउने अवसर प्राप्त हुन्छ।

अनिवार्य गणित तथा अतिरिक्त गणितजस्ता अलि बढी अभ्यास चाहिने विषयलाई रिभिजन क्लासमा बढी समय छुट्याउनुपर्छ, तर नेपाली, अंग्रेजी, सामाजिक शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षाजस्ता भाषा विषयहरूको समेत अंक तथा प्रतिशत बढाउन ठूलो भूमिका रहने हुँदा यी सबै विषयलाई उपर्युक्त समय छुट्याउन बिर्सनुहुँदैन। परीक्षामा अंक तथा प्रतिशत बढाउन राम्रा अक्षरको ठूलो भूमिका भएकाले रिभिजन क्लासलाई अक्षर राम्रो बनाउने अवसरका रूपमा समेत उपयोग गर्न सकिन्छ। त्यसैले रिभिजन क्लासमा सहभागी हुने विद्यार्थीहरूले अंक बढाउन अध्ययनसँगै अक्षरको सफाइमा पनि ध्यान दिनु उचित हुन्छ। अक्षर सफा लेख्न विद्यार्थीहरूलाई घचघच्याउनु अभिभावक तथा शिक्षकहरूको जिम्मेवारी हो। रिभिजन क्लासमा नियमित पढाइको कक्षामा जस्तो कोर्स सिध्याउने हतार पनि नहुने र परीक्षा आइसकेको बेलाजस्तो छिटो-छिटो धेरै तयारी गर्नुपर्ने बाध्यतासमेत नहुने हुँदा यति बेला नै हो– परीक्षामा कसरी उत्तर लेख्ने र अक्षर राम्रो बनाउने भनेर तयारी गर्ने।

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइनेछ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

Paradise Nepal (NGO)
को सहयोगमा 70% सम्म छुटमा निम्न
Computer Course

| | |
|---|---|
| Basic | 750 |
| Graphics Design | 2000 |
| Tally, Fact, TATA EX | 1500 |
| Web Page Design | 2000 |
| Diploma | 3000 |
| Hardware & Networking | 4000 |
| Autocad 2D & 3D | 5000 |

SANDRA Computer Institute
Sorakhutte (Opp. Kumari Petrol Pump)
☎ 4361712 2160393

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Rs. 750/- Herbal44
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयुर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

कामना
छिटो गर्नुहोस्
हिब्रु भाषा
(केयर गिभर तालिम)
जापानिज तथा अंग्रेजी भाषा
होटल तालिम
* कुक * वेटर * हाउसकिपिङ्ग
कोटेश्वर चोक फोन नं.:
४६०१८७८, ४६००३३५

तु- आवश्यकता
L.G company
लाई कर्मचारीको आवश्यकता
योग्यता: Test SLC Or Above
संख्या: 11 Gents & Ladies
तलब: 8500
Unique Reliance
2220042, 9803152873
लोकेसन: कोटेश्वर SOS को अपोजिट
निखिलेश्वर मन्दिर प्रवेश मार्गको छेउको लामो घर

कसलाई हुँदैन र ! सुन्दर हुने चाहना

| | |
|---|---|
| १. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/- | ७. अनुहारको चाया पोतो हटाउने -रु. ३,४९९/- |
| २. Souna Belt Price -रु.२,४९९/- | ८. पेट घटाउन Abking pro -रु. ६,९९९/- |
| ३. Breast घटाउने क्रिम -रु.१,३००/- | ९. Home Jogger -रु. ६,९९९/- |
| ४. Breast बढाउने क्रिम -रु.१,३००/- | १०. कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ६५०/- |
| ५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/- | ११. Breast बढाउने pump -रु. १,४९९/- |
| ६. Roop Amrit -रु.१,३९९/- | १२. जाड रक्सी छुटाउने औषधी -रु. १,८९९/- |

Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारीबैंकपछाडिफोन: ४२४२०६१, ४२३०८१५

**● वेबसाइट ●**

**WWW.fisrtphera.com**

तपाईंले विवाह गर्नका लागि कहिल्यै अनलाइन चर्चा गरेको थाहा पाउनुभएको छ ? सायद छैन होला । तपाईंमा विवाह गर्ने इच्छा पलाएको छ भने आफ्नो वेबसाइट बनाएर विवाहका बारेमा विभिन्न चर्चा गर्न सक्नुहुन्छ । यसका लागि कुनै शुल्क तिर्नुपर्दैन । यो सुविधा फर्स्टफेरा डटकममा गएर लिन सकिन्छ । यहाँ विवाहको तयारीका सम्बन्धमा सम्पूर्ण कुरा खुलेर व्यक्त गर्न सकिन्छ । ब्लगमा जसरी यहाँ पनि निःशुल्क रूपमा वेबसाइटको आनन्द लिन सकिन्छ । यसबाहेक यो साइटबाट ओर्कुट, फेसबुक तथा ट्वीटरजस्ता वेबसाइटमा गएर छलफल गर्न पनि सकिन्छ ।

फर्स्टफेरा डटकममा आफ्नो रुचिअनुसारको वेबसाइट निर्माण गर्न सकिन्छ । यो वेबसाइटको प्रयोग धेरै मानिसले गरिरहेका छन् । यहाँ विवाह गरिसकेका विभिन्न जोडीले पनि आफ्ना विचारहरू रोचक ढंगले व्यक्त गरेका छन् । यसबाहेक यसमा विवाहका बारेमा विभिन्न पक्ष जस्तै मेहन्दी, गीत-संगीत, गिफ्ट आदिका बारेमा समेत जानकारी दिइएको छ ।

## क्यान इन्फोटक नारायणी

मध्यमाञ्चल स्तरीय तेस्रो क्यान इन्फोटेक नारायणी २००९ आगामी माघ २३ गतेदेखि हेटौंडामा हुने भएको छ । सूचना-प्रविधिलाई तल्लो तहसम्म पुऱ्याउन सचेतना फैलाउने उद्देश्यका साथ क्यान इन्फोटेक नारायणीको आयोजना गर्न लागिएको क्यान मकवानपुरले जनाएको छ । माघ २३ देखि २७ गतेसम्म हुने सूचना-प्रविधि मेलामा कम्प्युटर प्रविधि, हार्डवेयर, सफ्टवेयर, मोबाइल, सूचना र मनोरन्जनसम्बन्धी उपकरणहरूको स्टल राखिनेछ । मेलामा सूचना-प्रविधि एवं सञ्चारसम्बन्धी सेमिनार पनि हुने क्यान मकवानपुरले जनाएको छ ।

**–रुपेश दुलाल**

## माछाको मस्तिष्क

समुद्री माछा चलाख हुन्छ भन्ने कुरा हालसालै भएको एक अध्ययनले देखाएको छ । यसअघिका अध्ययनले माछाको स्मरणशक्ति प्रत्येक तीन सेकेन्डमा ह्रास हुँदै जाने र माछा खाने स्तनधारी जीवको मस्तिष्क तेज हुने देखाएको थियो, तर बेलायतको उक्त अध्ययन समूहले समुद्रमा रहने माछा वा सो सरहका जीवले सङ्कटका बेला असाधारण चलाखीपन देखाउने खुलासा गरेको छ । अनुसन्धान टोलीका प्रमुख डा.माइक वेबस्टरका अनुसार समुद्रमा रहने साना जीवले आफ्नो तीक्ष्ण सिकाइका भरमा सङ्कटमा परेको समयमा आफ्नो रक्षाका लागि नयाँ-नयाँ उपाय पत्ता लगाउँछन् ।

## रूखको अवशेष

भारतको हिमाञ्चल प्रदेशको कसौलीमा २ करोड ५ लाख वर्ष पुरानो भोजपत्र रूखको अवशेष पत्ता लागेपछि भूगोलविद्हरू आश्चर्यमा परेका छन् । उक्त भोजपत्रको रूख बालुवा निर्मित चट्टानमा अवशेषका रूपमा पाइएको हो । उक्त अवशेष कुनै विज्ञले नभै सामान्य मानिसले पत्ता लगाएका हुन् । हाल उक्त अवशेषलाई पञ्जाब विश्वविद्यालयको खानीशास्त्र विभागमा सुरक्षित राखिएको छ ।

# गुगलको नयाँ फिचर

गुगलले जीमेल प्रयोगकर्ताका लागि थप नयाँ र आकर्षक फिचरहरू ल्याएको छ । यीमध्ये सबैभन्दा पछिल्लो र महत्त्वपूर्ण फिचर अडियो तथा भिडियो च्याट हो । अब कुनै पनि जिमेल प्रयोगकर्ताले अर्को प्रयोगकर्तासँग प्रत्यक्ष रूपमा कुराकानी गर्न सक्छन् र एक-अर्काको अनुहार पनि हेर्न सक्नेछन् । केही दिनअघि मात्र ल्याइएको यो सुविधा प्रयोग गर्न गुगल मेल (जिमेल) एकाउन्ट खोलेर त्यसमा रहेको भिडियो एन्ड मोर मेनुमा क्लिक गर्नुपर्छ । त्यसपछि स्टार्ट भिडियो च्याट अथवा स्टार्ट भ्वाइस च्याट सेलेक्ट गर्न सकिन्छ । यसअघि याहु र माइक्रोसफ्टका मेसेञ्जरमा भिडियो च्याटको सुविधा भए पनि इमेलमै यो सुविधा उपलब्ध थिएन । यो सुविधामा प्रयोगकर्ताले भिडियोको साइज ठूलो अथवा सानो बनाउन सक्नेछन् । भिडियो नै हेर्नका लागि वेबक्याम प्रयोग गर्नुपर्छ तर वेबक्याम नभए अडियो च्याट मात्र पनि गर्न सकिन्छ । यसका लागि जिमेल एकाउन्ट खोलेर त्यसमा भएको भ्वाइस च्याटमा क्लिक गर्नुपर्छ । त्यसपछि भ्वाइस एन्ड भिडियो च्याट इन्स्टल गरी यो सुविधा उपभोग गर्न सकिन्छ । गुगलको यो सँविधा विन्डोज सञ्चालन प्रणाली तथा एप्लको इन्टेलमा आधारित म्याक कम्प्युटरमा मात्र उपलब्ध छ ।

कमस्कोर नामक एक व्यापार अनुसन्धान कम्पनीका अनुसार विश्वव्यापी प्रयोगकर्ताहरूको संख्या हेर्दा माइक्रोसफ्ट र याहुपछिको गुगल तेस्रो ठूलो निःशुल्क इमेल सेवा प्रदायक हो । कम्पनीका अनुसार हाल माइक्रोसफ्टका करिब २८ करोड, याहुका २७ करोड तथा गुगल ११ करोड निःशुल्क ई-मेल प्रयोगकर्ता छन् । गुगलका एक उच्च अधिकारी राजेन सेठका अनुसार गुगलले चाँडै जिमेल च्याटबाट एसएमएस पठाउने सुविधा पनि प्रारम्भ गर्दैछ ।




गुगल सर्च इन्जिनलाई अंग्रेजीमा जीओओजीएलई लेखिन्छ, तर वास्तवमा यो जीओओजीओएल हो । गुगल वास्तवमा धेरै ठूलो संख्या हो । यसमा १ को अघि १ सयवटा शून्य हुन्छन् । सन् १९२० मा अमेरिकाका एक जना गणितज्ञ एडबर्ड क्यासनर यो संख्याको नाम के राख्ने सोच्दै थिए । यो अवस्थामा उनका ९ वर्षीय भान्जा मिल्टनले यसको नाम गुगल राख्न सल्लाह दिए । हामीले प्रयोग गर्ने सर्च इन्जिनको नाम गुगल कसरी राखियो भन्ने विषयमा फरक तथ्य छ । सन् १९९६ को जनवरीमा अमेरिकाका लारी पेज एउटा अनुसन्धान गर्दै थिए । उनका साथमा सर्गेइ ब्रिन पनि थिए । लारीले यस्तो वेबसाइट बनाउने परिकल्पना गरे, जसले विभिन्न वेबसाइटको आपसी सम्बन्धका बारेमा विश्लेषण गर्न सकोस् । यसो भएमा राम्रो परिणाम निस्कने उनीहरूको सोच थियो । यो सर्च इन्जिनको नाम के राख्ने भन्ने विषयमा छलफल भयो। सुरुमा उनीहरूले यसको नाम ब्याकरब राखे। यसले ब्याकलिंकलाई परीक्षण गर्ने भएकाले यो नाम राखिएको थियो, तर लारीलाई गणितप्रति निकै रुचि थियो। त्यसैले उनको मस्तिष्कमा गुगल शब्द आयो। त्यसपछि सर्च इन्जिनको नाम नै गुगल राखियो।

गुगलले ल्याएको अन्य सुविधामध्ये गुगल ग्याजेट्स पनि हो । गुगलले जिमेलको बायाँतर्फको नेविगेसन बारमा गुगल ग्याजेट्सलाई जोडेको छ । यसमा नमुनाका लागि विभिन्न गुगल डकुमेन्ट्स र क्यालेन्डर गरी ग्याजेट्स दिइएको छ । गुगल क्यालेन्डरमा भविष्यमा गरिने विभिन्न कार्यक्रमलाई सेभ गरेर राख्न सकिन्छ । यदि बिर्सिएको छ भने पनि त्यसले अलार्म घडीका रूपमा काम गरी सम्झाउँछ ।

कहिलेकाहीं कुनै मेल पठाइसकेपछि पनि तिनलाई नपठाएको भए हुन्थ्यो जस्तो लाग्छ । त्यसैले मेल पठाउनुभन्दा अघि केही बेर सोचविचार गरेर मात्र पठाउने व्यवस्थासमेत गुगलले गरेको छ । मेल पठाउनुभन्दा अघि केही साधारण गणितका प्रश्नको उत्तर दिनुपर्छ । त्यसपछि मात्र मेल पठाउन सकिन्छ । यसले अनावश्यक मेल पठाउनुभन्दा अघि केही बेर सोच्ने अवसर प्रदान गर्छ ।

जिमेलको कन्ट्याक्ट म्यानेजरलाई पनि सुधारिएको छ । पहिले कुनै मेल एड्रेसमा ५ पटक मेल सेन्ड भएपछि त्यो एड्रेस स्वचालित रूपमा कन्ट्याक्ट लिस्टमा गएर बस्थ्यो तर अब प्रयोगकर्ताको स्वीकृतिमा मात्रै बस्छ । यसबाट अनावश्यक इमेल एड्रेस लिस्टमा गएर बस्ने समस्याबाट मुक्ति पाउन सकिन्छ ।

**● साइबर जिज्ञासा ●**

**युनिकोड भनेको के हो ?**

**तिलक पोखरेल**

कम्प्युटरको क्षेत्रमा, युनिकोड एउटा यस्तो मानक हो, जसले विश्वका सबैजसो लेखाइ-पद्धतिका पाठहरूलाई एकरूपले प्रतिनिधित्व गर्न र प्रयोग गर्न सम्भव बनाएको छ । कम्प्युटरलाई हामीले जुनसुकै प्रयोजनका लागि प्रयोग गरे पनि आधारभूत रूपमा कम्प्युटरले हाम्रा सबै कामलाई संख्याका रूपमा लिन्छ । यसले अक्षरहरूलाई संग्रह गर्दा हरेकलाई भिन्न-भिन्न संख्याले प्रतिनिधित्व गर्छ । कुन अक्षरलाई कुन संख्याले प्रतिनिधित्व गर्ने भन्ने प्रणालीलाई इन्कोडिङ प्रणाली भनिन्छ । युनिकोड आउनुभन्दा पहिले फरक-फरक खालका यस्ता सयौं किसिमका इन्कोडिङ प्रणाली प्रयोग हुन्थे जसको एक-अर्कामा सामञ्जस्य एकदमै कम थियो र कतिपय ठाउँमा बाझ्ने गर्थे । यसले कम्प्युटरबीच हुने सञ्चार तथा कम्प्युटरमा हुने बहुभाषिक कामहरूमा निकै अप्ठ्यारो पारेको थियो । त्यो समस्याको समाधानका लागि युनिकोड कन्सोर्टियम नामक संस्थाले अस्तित्व रहेका सबै अपूर्ण इन्कोडिङ प्रणालीलाई प्रतिस्थापना गरी एउटै मानकका रूपमा यनिकोडलाई अगाडि ल्याउने काम गरिरहेको छ । हाल युनिकोडले करिब १ लाख क्यारेक्टरलाई समेटेको छ जसलाई फरक-फरक संख्याले प्रतिनिधित्व गर्छन् । यसले इन्कोडिङ प्रणालीका साथै लेखाइसँग सम्बन्धित विभिन्न मानक पनि निर्धारण गरेको छ, जस्तै-देवनागरीमा आधा अक्षरहरू, मिश्रित अक्षरहरूलाई कसरी सम्हाल्ने भन्ने कुरा । यसको प्रयोग कम्प्युटर सफटवेयरको स्थानीयकरण तथा बहुभाषिकमा व्यापक रूपमा भैरहेको छ ।

यदि तपाईंहरूका कम्प्युटरसँग सम्बन्धित केही जिज्ञासा छन् भने तलको ठेगानामा पठाउनुहोला । तपाईंहरूको जिज्ञासाको उत्तर एक जना कम्प्युटर अभियन्ताले दिनुहुनेछ ।

कुनै उत्पादन विशेष र तिनका प्रयोगसम्बन्धी जिज्ञासालाई भन्दा प्रविधिसम्बन्धी जिज्ञासालाई प्राथमिकता दिइनेछ ।

जिज्ञासा पठाउने ठेगाना

saptahik@kantipur.com.np

# नेपाली बजारमा एनईसी ब्रान्ड



इन्टरनेसनल इलेक्ट्रोनिक्स कन्सर्न प्रा.लि.ले नेपालमा आधिकारिक रूपमा एनइसी ब्रान्डका कम्प्युटर बिक्री-वितरण प्रारम्भ गरेको छ । जापानमा एक दशकयता निरन्तर उत्कृष्ट ब्रान्डका रूपमा स्थापित एनईसी ब्रान्डका डेस्कटप तथा ल्यापटप कम्प्युटर विश्व बजारमा पनि लोकप्रिय भएकाले नेपालमा यसको बिक्री-वितरण प्रारम्भ गरिएको कन्सर्नका प्रबन्ध निर्देशक श्यामबहादुर श्रेष्ठले बताए । कन्सर्नले करिब एक दर्जन अत्याधुनिक मोडलका ल्यापटपका अतिरिक्त नोटबुक कम्प्युटर तथा वायरलेस पावरमेट डेस्कटप पनि उपलब्ध गराएको छ । एनईसी एसिया प्यासिफिक क्षेत्रका प्रबन्ध निर्देशक बु टेङ्गुवो भन्छन्- विश्व बजारमा यसको माग बढ्दै गएकाले व्यापार विस्तारका क्रममा हामीले नेपाललाई रोजेका हौं ।' एनईसीको नेपाली बजारमा केही समयअघिदेखि नै उपस्थिति रहे पनि अहिले उपभोक्ताको मागबमोजिमका कम्प्युटर उपलब्ध गराउन पनि एनईसीले आधिकारिक रूपमा उपस्थिति जनाएको हो । बलियो एवं सुरक्षित कम्प्युटर निर्माण गरेको दाबी गर्ने एनईसीले नेपालमै सर्भिस सेन्टर पनि स्थापना गरेको छ ।

# फेडेराको नयाँ संस्करण

काठमाडौं– फेडेरा लिनक्सको नयाँ संस्करण बजारमा आएको छ । यो फेडेरा लिनक्समा आधारित कम्प्युटर सञ्चालन प्रणाली हो । यो प्रणालीले स्वतन्त्र तथा खुला स्रोत सफ्टवेयरको क्षेत्रमा नयाँभन्दा नयाँ कुरालाई समेट्छ । फेडेरा लिनक्स प्रयोग गर्न, यसमा परिमार्जन गर्न तथा परिवर्तित वा अपरिवर्तित स्वरूपमा अरूलाई वितरण गर्न जोसुकैलाई स्वतन्त्रता छ ।

विश्वभरि छरिएर रहेका एउटा समुदाय 'फेडेरा परियोजना' मा सँगै काम गर्ने व्यक्तिहरूले यो प्रणालीको विकास गरेका हुन् । यसको स्वरूप खुला भएकाले यो परियोजनामा जो पनि आवद्ध हुन सक्छन् । फेडेरा लिनक्सले हरेक दुई वर्षको अन्तरमा नयाँ संस्करण विमोचन गर्छ । क्याम्ब्रिज उपनाम दिइएको यो प्रणाली फेडेरा लिनक्सको १० औं संस्करण हो । यो संस्करणमा नेपाली भाषाको बृहत् सुविधा छ । नेपालमा हाल प्रचलित किबोर्ड लेआउटहरू बकमान लेआउट र मोमनाइज्ड लेआउट दुवै समावेश गरिएको छ ।

यसको AMQP पूर्वाधार, साधन औजारहरू, अर्टिस्टिक १.० अनुमतिपत्रको निकाला, छपाइमा सुधार, रिमोट सपोर्टमा सुधार, सुरुवातमा सुधार, वेबक्यामेरा सपोर्टमा सुधार, जडान साझेदारी गर्ने सुविधा नयाँ संस्करणमा ल्याइएको कम्प्युटर सञ्चालन सिस्टमका विशेषताहरू हुन् । साथै एक्लिप्स ३.४, EVDEV इन्पुट ड्राइभर, चाँडो सुरुवात, प्राथमिक सहायता किट, ग्लिचविनाको श्रव्य, ग्नोम २.२४, GStreamer RPM dependencies, ग्राफिक्सका लागि कर्नल मोड सेटिङ, लाइभ कनेक्ट, LXDE डेक्सटप, नेटविक्न्स IDE, अनलाइन खाता सेवा, रिमोट भर्च्युअल स्थापना, RPM ४.६ यो प्रणालीको थप विशेषता हुन् ।

**शिव मुखिया**

# युएसबी ३.० का विवरणहरू निश्चित

युएसबी ३.० प्रबर्द्धक समूहले युएसबी ३.० कस्तो हुने भन्ने विवरणहरू निश्चित भएको जनाएको छ । यसअघिको युएसबी २.० भन्दा दस गुण बढी ब्यान्डविड्थ भएको यो नयाँ इन्टरफेस प्रविधि भविष्यमा आउने कम्प्युटरसँग बाहिरी उपकरणहरू तथा अन्य घरायसी विद्युतीय उपकरणहरूमा सुरुमै एकीकृत भएर आउने आशा गरिएको छ । यसको अधिकतम ब्यान्डविड्थ ५ जीबी प्रतिसेकेन्ड हुनेछ, जबकि युएसबी २.० को अधिकतम ब्यान्डविड्थ ४ सय ८० मेगाबाइट प्रतिसेकेन्ड थियो । सन् १९९६ मा १ दशमलव ५ मेगाबाइट प्रतिसेकेन्ड गति सहितको युएसबी १ दशमलव ० बाट यो प्रविधि प्रारम्भ भएको थियो । गत महिना टेक्ट्रोनिक्स नामक कम्पनीले यो प्रविधिको परीक्षण औजार बनाइरहेको कुरा सार्वजनिक गरेको थियो । यो प्रविधि प्रयोग गरिएका सामानहरू सन् २०१० तिर मात्र बजारमा आउनेछन् जसलाई व्यापारिक रूपमा युएसबी सुपरस्पिड भनिनेछ ।

## बायोमेडिकल इन्जिनियरिङ गोष्ठी

नेपालमा पहिलो पटक 'चिकित्सासम्बन्धी सामग्री, उपकरण र पुनःप्रयोग गर्न सकिने औषधी' विषयक अन्तर्राष्ट्रिय गोष्ठी सम्पन्न भएको छ । कलेज अफ बायोमेडिकल इन्जिनियरिङ एन्ड एप्लाइड साइन्सेज काठमाडौं, सोसाइटी फर बायो-मेटेरिएल्स एन्ड आर्टिफिसिएल अर्ग्यान्स, इन्डिया (एसबिएओआइ) र सोसाइटी फर टिस्यु इन्जिनियरिङ एन्ड रिजेनेरेटिभ मेडिसिन, इन्डिया (स्टर्मी)को संयुक्त आयोजनामा मंसिर ८ देखि १० गतेसम्म काठमाडौंमा आयोजित गोष्ठीमा नेपाललगायत भारत, अमेरिका, बेलायत, जर्मनी, सिङ्गापुर एवं फ्रान्सका प्रतिष्ठित चिकित्सक, इन्जिनियर तथा वैज्ञानिकले भाग लिएका थिए । गोष्ठीमा बेलायतका डा. डेभिड विलिएम्स, अस्ट्रेलियाका डा. जोन राम्स, भारतका प्रा. डा. सिपी शर्मा र प्रा. डा. आलोक राय तथा डा. फाजल मोहम्मदले चिकित्सा विज्ञानसम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए ।

# साप्ताहिक इनफो



# रेडियो कान्तिपुर
## दसौं वार्षिकोत्सवको रमझम





**साप्ताहिक समाचार**

काठमाडौं- जमलस्थित नाचघरको भर्खरै उद्घाटित नयाँ अडियोटोरियमको मञ्चको साजसज्जा रेडियो स्टेसनको स्टुडियोभैं लाग्थ्यो। माइक्रोफोन तथा स्पिकरहरूको 'कटआउट' बीचबाट आए कान्तिपुर एफएम ९६ दशमलव १ का स्टेशन म्यानेजर प्रभात रिमाल। सबैलाई स्वागत गरेपछि उनले निम्त्याए अहिलेको चर्चित रक समूह द स्याडोजलाई। गत शुक्रबार, मंसिर ६ गते कान्तिपुर एफएमले आफ्नो दसौं वार्षिकोत्सव धूमधामका साथ मनायो।

भगिनी संस्थाका प्रतिनिधि, विज्ञापन एजेन्सीका सञ्चालक तथा थुप्रै गीत-संगीत सर्जकहरूबीच आयोजित तीनघण्टे सांगीतिक जमघटमा डिजे राजुले आफ्नो छोटो तर रमाइलो डिजे मिक्स कला देखाए, जसमा केही नर्तकले नृत्य पनि प्रस्तुत गरेका थिए। अनि केही वर्षदेखि अमेरिकातिर हराएका मंगोलियन हार्टका गायक राजु लामा राष्ट्रिय पोसाकमा सजिएर धेरैपछि स्वदेशी मञ्चमा देखिए।

संगीतकर्मी हरिप्रसाद रिमाललाई कार्यक्रममा 'लाइफ टाइम एचिभमेन्ट एवार्ड' १० हजार नगदसहित प्रदान गरियो। ८४ वर्षीय रिमालप्रति समर्पित गर्दै गायकद्वय जगदीश समाल र दीपक लिम्बूले उनका गीतहरू सुनाए। गायक सुजिल कर्माचार्य, सुगम पोखरेल र अनिल सिंह पालैपालो मञ्चमा आए र मञ्च तताएर गए। गायिकाहरूतर्फ पनि शशी रावल, पुष्पा पौडेल तथा प्रतिमा राजभण्डारीले आ-आफ्ना गीतहरू सुनाए।

कार्यक्रमको अन्तमा अभया एन्ड द स्टिम इन्जन्सकी गायिका अभयासँग कान्तिपुर एफएमका आरजेहरूको सामूहिक प्रस्तुति रमाइलो थियो। दसौं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै कान्तिपुर पब्लिकेसन्स तथा कान्तिपुर एफएमका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहियाले विभिन्न चुनौतीको सामना गरी कान्तिपुर एफएमले दसवर्षे सफल यात्रा गरेको बताए। उक्त अवसरमा अध्यक्ष तथा प्रबन्ध निर्देशक सिरोहिया, निर्देशक रामेश्वर थापा तथा एजीएम दीपक वंसलबाट उत्कृष्ट तीन विज्ञापन एजेन्सीलाई पुरस्कृत पनि गरिएको थियो। यसका साथै वर्षभरि कान्तिपुर एफएम ९६ दशमलव १ मा सबैभन्दा बढी बजेका गीतका आधारमा विभिन्न विधाका उत्कृष्ट १० जना संगीतकर्मीको घोषणासहित सर्वोत्कृष्ट एक-एक जनालाई नगद, ट्रफी तथा प्रमाणपत्र प्रदान गरियो।

### सर्वोत्कृष्ट संगीतकर्मीहरू

| | |
|---|---|
| गीत रचनाकार : | कृष्णहरि बराल |
| संगीतकार : | सुरेश अधिकारी |
| आधुनिक गायक : | जगदीश समाल |
| आधुनिक गायिका : | अञ्जु पन्त |
| लोकगायक : | राजु परियार |
| पप गायक : | सुगम पोखरेल |
| पप गायिका : | रेश्मा सुनुवार |
| संगीत समूह : | मन्त्र |
| उत्कृष्ट विज्ञापन एजेन्सी : | थम्पसन नेपाल, इको एडभर्टाइजिङ तथा प्रिज्मा एडभर्टाइजिङ |





## कुमारको खोजी

उद्घोषक तथा मोडलका रूपमा क्यारियर बनाइसकेपछि चलचित्रको रंगीन संसारमा प्रवेश गरेकी नायिका नम्रता श्रेष्ठ चलचित्र 'सानो संसार' को प्रदर्शनपछि चर्चामा छिन् । खासगरी सहरिया दर्शकले अत्यन्त रुचाएको यो चलचित्रको प्रदर्शनसँग नम्रताका रमाइला अन्तर्वार्ताहरू विभिन्न सञ्चार-माध्यममा प्रकाशित हुने क्रम जारी छ। यसबीच एउटा नेपाली वेबसाइटलाई रमाइलो अन्तर्वार्ता दिने क्रममा नम्रताले आफ्ना भावी श्रीमान्का बारेमा पनि खुलेर कुरा गरेकी छिन्। नम्रताको भावी श्रीमान् कस्तो होला त ? उनी भन्छिन्– 'इमान्दार, अनुशासित तथा पढेलेखेको पुरुष मात्र मेरो श्रीमान् हुन सक्छ ।' परम्परागत तथा प्रेम विवाहबीच एक छान्न आग्रह गर्दा उनले प्रेमविवाहलाई रोजेकी छिन्। नम्रता भन्छिन्– 'सम्पूर्ण जीवन बिताउनुपर्ने भएकाले विवाहअघि नै उसका बारेमा जानकारी राख्नु अनिवार्य हुन्छ ।' जात-भातमा नम्रताको विश्वास छैन । उनको श्रीमान् जुनसुकै जातको हुनसक्छ, तर उनले भावी श्रीमान् हुनका लागि एउटा महत्त्वपूर्ण सर्त अघि सारेकी छिन् । नम्रता भन्छिन्– 'मेरो भावी श्रीमान् 'कुमार' हुनैपर्छ । म यसमा कुनै सम्झौता गर्न सक्दिनँ ।'

## खलनायकमा जमे पुष्कर



उनी नेपाली चलचित्र क्षेत्रमा प्रवेश गरेको दुई वर्ष मात्र भयो, तर यो दुई वर्षको अवधिमै उनले दुई दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरिसकेका छन् । उनी अर्थात् पुष्कर भट्ट, अहिले नेपाली चलचित्रमा स्थापित खलनायकका रूपमा चिनिएका छन् । दुई वर्षअघि चलचित्र 'रघुवीर' बाट अभिनययात्रा प्रारम्भ गरेका पुष्करले दयाराम दाहालको 'अग्निज्वाला' बाट स्थापित हुने अवसर पाएका हुन् । विभिन्न चलचित्रमा माडवारी, वकिल, डाक्टर, जंगली मान्छे, प्रहरी अधिकृत, जर्नेलजस्ता फरक भूमिका निर्वाह गरिसकेका पुष्कर पश्चिम नेपालको कञ्चनपुर, दैजीका बासिन्दा हुन् । 'तहल्का डटकम', 'दोस्ती', 'बाटुली', 'अग्निज्वाला', 'इलाका', 'नयाँ नेपाल', 'डर', 'बुबाआमा', 'जय शिव शंकर', 'नसिब आफ्नो', 'तेजाब', 'इतिहास', 'मिस्टर डन', 'सहारा', 'रणसंग्राम' जस्ता चलचित्रमा उनले खलनायकको सशक्त भूमिका निर्वाह गरिसकेका छन् । निर्देशक मदन घिमिरेका अनुसार उनी मेहनती कलाकार हुन् । घिमिरे भन्छन्– 'खलनायकको अभावलाई पुष्करले पूरा गरेका छन् ।' कम समयमै धेरै चलचित्रमा अभिनय गरे पनि पुष्कर यो क्षेत्रबाट सन्तुष्ट भने छैनन् । नायकको तुलनामा अन्य कलाकारको पारिश्रमिक कम भएकोमा उनलाई दुःख छ ।

## नायिका पाएपछि...



चलचित्र 'महान्' अहिले छायांकनको क्रममा छ । कृष्ण चापागाईं यो चलचित्रका निर्देशक हुन् । विराज भट्ट तथा अर्जुन कार्कीसँगै निर्माता रोज राणा पनि यो चलचित्रका नायक हुन् । नायक बन्नकै लागि चलचित्र क्षेत्रमा आएका रोज राणाले यही चलचित्रमार्फत अभिनययात्रा प्रारम्भ गरेका छन् । यसबीच यो चलचित्र छायांकनको अन्तिम चरणमा आइपुग्दा एउटा रमाइलो घटना घटेको छ । चलचित्रमा विराज तथा अर्जुनका आ-आफ्ना नायिका छन् । नन्दिता केसी विराजकी नायिका हुन् । अर्जुनले पनि अर्की एउटी नायिकाको साथ पाएका छन्, तर नवनायक रोजलाई भने निर्देशकले चलचित्रको छायांकन क्लाइमेक्ससम्म पनि नायिका जुटाउन सकेका थिएनन्, तर निर्देशकले छायांकनको मध्यसम्ममा उनका लागि एउटी नयाँ नायिका जुटाए । आफ्नो जोडीका रूपमा नयाँ अनुहारलाई प्रस्तुत गर्न लागिएपछि नायक रोजलाई यो कुरा मन परेन । उनले छायांकनस्थलमै घोषणा गरे– 'जबसम्म मलाई नाम चलेका नायिकासँग अभिनय गराइँदैन, तबसम्म चलचित्रको छायांकनमा सहभागी हुन्नँ ।' अन्त्यमा उनका लागि नायिका उषा पौडेल जुटाइएको रमाइलो खबर प्राप्त भएको छ ।



## कर्माका कुरा

आलोक नेम्वाङको चलचित्र 'सानो संसार' का नायक कर्माको पूरा नाम महेश शाक्य हो भन्ने कुरा उनलाई नजिकबाट चिन्नेहरूलाई मात्र थाहा छ । गुरुकुलबाट प्रशिक्षित यी कलाकार आफ्नो पहिलो चलचित्रको सफलताबाट निकै उत्साहित छन् । २२ वर्षीय यी युवा कलाकारले चलचित्रमा आउनुअघि थुप्रै नाटकमा आफ्नो अभिनय कौशल प्रदर्शन गरिसकेका छन् । 'सानो संसार' को सफलतापछि व्यस्त बनेका कर्मा अभिनयका अतिरिक्त पौडी तथा बास्केटबल खेल्न मन पराउँछन् भने फुर्सदमा संगीत सुनेर रमाउँछन् । आफूलाई 'कुल' स्वभावको युवकका रूपमा चिनाउन चाहने कर्मा विपरीत लिंगीको सुन्दर आँखाबाट प्रभावित हुने बताउँछन् । विवाहलाई महिला तथा पुरुषबीचको सम्झौता भन्न रुचाउने कर्मा परिस्थितिअनुसार प्रेम अथवा परम्परागत जुनसुकै विवाह गर्न तयार छन् । समझदार तथा भित्री सुन्दरता भएका युवतीलाई मन पराउने कर्मा भविष्यसम्म पनि चलचित्र कर्ममै व्यस्त हुने धारणा व्यक्त गर्छन् ।

## नेपाली रक-अन



बलिउडको चलचित्र 'रक-अन'ले यो वर्ष युवापुस्ताको मन जित्यो । तन्नेरी छँदा संगीतप्रेमी केही साथी मिलेर एउटा रक समूह गठन गर्छन् । कालान्तरमा सबैको कार्यव्यस्तताले त्यो समूह लथालिंग हुन्छ । समूहका साथीहरूबीच को कहाँ के गर्दैछ ? भन्नेसम्म पनि जान्ने फुर्सद हुँदैन । धेरैपछि उनीहरू भेट्छन् र फेरि ब्यान्ड गठन गरेर कार्यक्रम गर्छन् । यही कथामा सीमित छ चलचित्र 'रक-अन' । त्यसैसँग नजिकिएको छ, नेपाली रक समूह 'बाइपास'को घटना पनि । फरक यति मात्र छ– १२ वर्षअघि अध्ययनका क्रममा ब्रुनो, सुमन र श्रीजनले अरू केही साथीसँग मिलेर यो समूह गठन गरे । संगीतमा रुचि राख्ने उनीहरू कालान्तरमा आफ्नै कार्यमा व्यस्त रहे । यसबीच सुमन काठमाडौंको तिलगंगा आँखा अस्पतालका सर्जन भए र डा. सुमनका रूपमा चिनिन थाले । ब्रुनो अमेरिकामा कम्प्युटर सफ्टवेयर इन्जिनियर भए । श्रीजन आफ्नो पुर्ख्यौली थलो धरानमा बसी संगीत सिर्जनामै व्यस्त भए । धन्य छ, २१ औं शताब्दीको लोकप्रिय र सजिलो सञ्चारमाध्यम इन्टरनेट, जसका कारण यी तीन जनाको पुनर्मिलन भयो । ब्रुनोले अमेरिकामा र श्रीजनले धरानमा संगीत सिर्जना गरी इन्टरनेटको माध्यमबाट-अर्कालाई सुनाउन थाले, जसमा डा. सुमन पनि सहभागी भए । फरक-फरक स्थानमा भएर पनि उनीहरूले गीतहरू सिर्जना गरे, रेकर्डिङ गरे र एल्बम तयार पारे 'बाइपास-टु' शीर्षकमा । ब्रुनोको जन्मदिनमा श्रीजन र डा.सुमन भेला भए र एल्बम विमोचन गराए, ब्रुनोका बुबा-आमाबाट । यो कथा हाम्रा चलचित्र निर्माताले थाहा पाएपछि 'नेपाली रक-अन' पनि बन्छ कि ?

# कृति एवार्डको भव्य तयारी

**साप्ताहिक समाचार**


नेपाली विज्ञापन बजारको इतिहास त्यति लामो छैन, तर यसले छोटै अवधिमा पनि उपलब्धिमूलक यात्रा तय गरिसकेको छ । दुई दशकअघि छिटपुट मात्रामा देखिने नेपाली विज्ञापनको अहिलेको बजार करिब ३ अरब रुपैयाँसम्म पुगेको विज्ञापन व्यवसायीहरू बताउँछन् । 'प्रारम्भिक दिनमा व्यापारीहरू विज्ञापन बनाउने भनेपछि आफ्नै छोरा-भतिजलाई विज्ञापनमा अभिनय गराउन प्रस्ताव गर्थे,' एडभरटाइजिङ एसोसिएसन अफ नेपाल (आन) का अध्यक्ष निर्मलराज पौडेल भन्छन्- 'तर अहिले तिनै व्यापारीहरू बजारमा बिकाउ हुन सक्ने सेलिब्रेटीलाई राखेर सबैले आहा भन्ने विज्ञापनको अपेक्षा राख्छन् ।'

खुला तथा प्रतिस्पर्धात्मक बजारका कारण प्रत्येक उत्पादनलाई उपभोक्तामाझ परिचित बनाउन विज्ञापन सही माध्यम हो । त्यसैले पनि नेपाली बजारमा प्रत्येक वर्ष २० प्रतिशतका दरले विज्ञापनको बजार बढ्दै गएको छ । विज्ञापन बजार बढेकैले पाँच वर्ष अघिदेखि विज्ञापन निर्माताहरूबीच प्रतिस्पर्धा गराउने उद्देश्यले 'कृति एवार्ड' वितरण गरिँदै आएको छ । यतिखेर आन पाँचौं कृति एवार्डको तयारीमा जुटेको छ । आठवटा राष्ट्रिय टेलिभिजन च्यानलबाट पुस ५ गते शनिबार होटल सोल्टीबाट प्रत्यक्ष प्रसारण हुने कृति एवार्डमा ३२ वटा विज्ञापन एजेन्सीले विभिन्न शीर्षकमा प्रतिस्पर्धा गर्नेछन् ।

गत वर्षभन्दा बढी विज्ञापन व्यवसायीले सहभागिता जनाएको यस पटकको कृति एवार्डमा विभिन्न १८ वटा शीर्षकमा प्रतिस्पर्धा हुने भएको छ । आनका अनुसार बेस्ट टिभिसी, बेस्ट टिभिसी स्क्रीप्ट राइटर, बेस्ट टिभिसी एडिटर, बेस्ट क्यामरापर्सन, बेस्ट टिभिसी डाइरेक्टर, बेस्ट एनिमेटेड टिभिसी, बेस्ट प्रिन्ट एड, बेस्ट आर्ट डाइरेक्टर (प्रिन्ट), बेस्ट कपिराइटर (प्रिन्ट), बेस्ट प्रिन्ट फोटोग्राफर, बेस्ट रेडियो स्पट, बेस्ट लिरिसिस्ट/स्क्रिप्ट राइटर, बेस्ट जिंगल कम्पोजर, बेस्ट साउन्ड रेकर्डिस्ट, बेस्ट रेडियो जिंगल, बेस्ट आउट डोर ( बिलबोर्ड्स), बेस्ट इभेन्ट म्यानेजर, बेस्ट कमर्सियल क्याम्पेन शीर्षकमा नोमिनेसनमा परेका विज्ञापन सामग्रीहरूको प्रतिस्पर्धा हुनेछ । प्रत्येक विधामा पाँच विज्ञापन व्यवसायीका विज्ञापन सामग्री नोमिनेसनमा परेका छन् । प्रतिस्पर्धामा विज्ञापन बजारमा अग्रणी प्रिज्मा एडभरटाइजिङ, वेलकम एड्भरटाइजिङ, एड एभेन्युज नेपाल, बिजनेस एडभान्टेज, स्पेक्ट्रम एड्भरटाइजिङ धेरैवटा विधामा नोमिनेसनमा परेका छन् । केही विज्ञापन व्यवसायीले सहभागिता नजनाएको कृति एवार्डमा यसपटक नयाँ व्यवसायीहरूको उपस्थिति बढेको आनले जनाएको छ ।

तीन घण्टा चल्ने कृति एवार्डमा उपस्थित दर्शकलाई मनोरञ्जन दिने कार्यक्रमहरू प्रस्तुत गरिनेछ । 'सी टुमोरो टुडे' अर्थात भोलिलाई आज नै हेरौं भन्ने नाराका साथ आयोजित कृति एवार्डको यस पटकको संस्करणमा हास्यकलाकार मनोज गजुरेलले २५ वर्ष पछाडिको नेपाली विज्ञापन बजारको कल्पनामा हास्य प्रहसन प्रस्तुत गर्ने भएका छन् । 'विज्ञापन बजारको अतीतदेखि वर्तमान हुँदै भविष्यसम्मको यात्राका विषयमा आलोचनात्मक हास्य प्रहसनलाइ महत्त्व दिँदैछौं,' आन अध्यक्ष पौडेल भन्छन्- 'समग्रमा तीन घण्टाको कार्यक्रमलाई टेलिभिजन हेर्ने दर्शकले पनि महत्त्वका साथ हेरुन् भन्ने हाम्रो चाहना हो ।' एवार्ड समारोहमा ख्यातिप्राप्त गायक-गायिकाहरूले आफ्ना लोकप्रिय गीत प्रस्तुत गर्नेछन् भने अन्य कलाकारले नृत्य तथा प्रहसन प्रस्तुत गर्नेछन् ।

विज्ञापन बजारलाई अझ व्यापक बनाउने उद्देश्यले आयोजना गर्न थालिएको कृति एवार्डका कारण विज्ञापन व्यवसायीहरूमाझ कसले राम्रो विज्ञापन बनाउने भन्ने अघोषित प्रतिस्पर्धा हुन थालेको अध्यक्ष पौडेल बताउँछन् । 'यो सिर्जनात्मक क्षमतालाई पुरस्कृत गर्ने कार्यक्रम हो,' अध्यक्ष पौडेल भन्छन्- 'जहाँ विज्ञापनदाताको लगानी, विज्ञापन व्यवसायीको सिर्जनात्मक क्षमता तथा विज्ञापनको अपेक्षा राख्ने मिडिया हाउसहरूको प्रत्यक्ष चासो हुन्छ । यसले प्रत्यक्ष रूपमा विज्ञापन बजारलाइ अझ विस्तार गर्न मद्दत पुऱ्याउँछ ।'





## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २४ वर्षीया युवती हुँ। ०५८ सालदेखि म आफ्नै गाउँघरको एक युवकसँग प्रेम गर्थें। ऊ पनि मलाई उत्तिकै माया गर्थ्यो। हामीबीचको राम्रै सम्बन्ध थियो। यस विषयमा हामी दुवैको घरपरिवारलाई पनि थाहा थियो। ऊ आफ्नो खुट्टामा उभिएपछि मात्र विवाह गर्ने बताउँथ्यो। त्यही भएर म उसको प्रतीक्षामा बसिरहेकी थिएँ। अहिले आएर घरमा मेरो विवाहको कुरा चलिरहेको छ। उसलाई मैले यस विषयमा भन्दा उसले 'राम्रो केटाको कुरा आएको छ भने विवाह गर' भन्यो। ऊ अझै चार-पाँच वर्ष विवाह नगर्ने बताउँछ। ऊसँग मेरो भेट नभएको पनि चार-पाँच महिना भयो। फोनमा कुरा गर्दा पनि फोन नगर भनेर गाली गर्छ। उसकी दिदी र परिवारलाई सोध्दा उसको बाटो नहेर, ऊ पहिलेको जस्तो छैन, हाम्रो पनि कुरा सुन्दैन भन्छन्। उसकी दिदी त यदि तिमीहरूको माया साँचो र विश्वासिलो छ भने तिमीहरूको माया सफल हुन्छ भन्छिन्। यदि मेरो मनमा ऊप्रति साँचो माया नभएको भए सात वर्षसम्म उसलाई कुरेर बस्थैं होला त ? घरमा सबैले अरूसँग विवाह गर भने जोड दिइरहेका छन्। उता उसको व्यवहार त्यस्तो छ। केही सल्लाह दिनुहुन्छ कि ?**

**–अनाम**

कतै तपाईंको प्रेम एकतर्फी त थिएन ? नत्र प्रेम गरिसकेपछि कुनै प्रेमी यतिसम्म निष्ठुरी हुनु नपर्ने। खैर जे होस्, तपाईंलाई उसको पछिल्लो व्यवहारले दुःखी तुल्याएको छ। यो अवस्थामा तपाईं चाहेर पनि उसलाई बिर्सन सकिरहनुभएको छैन, तर समय-परिस्थितिले धेरै परिवर्तन ल्याउँछ। ऊ अहिले कहाँ छ र किन तपाईंहरूबीच विगत चार-पाँच महिनादेखि भेटघाट भैरहेको छैन ? भन्ने कुरा पत्रमा उल्लेख भएको भए राम्रो हुन्थ्यो। तैपनि जीवनमा कुनै लक्ष्य निर्धारण गरेकाले वा कुनै काममा तल्लीन भएकाले ऊ तपाईंबाट टाढिँदैछ अथवा यसो पनि हुनसक्छ– उसको जीवनमा तपाईंभन्दा महत्त्वपूर्ण अरू नै कोही छ। सकिन्छ भने उसलाई प्रत्यक्ष भेटेर सबै कुरा हाकाहाकी सोध्नुहोस्। तपाईं उसलाई कति माया गर्नुहुन्छ भन्ने पनि उसलाई ज्ञात गराउनुहोस्। मनलाई गाँठो पारेर उसको प्रतीक्षा गरिरहनुभन्दा केही पहल गर्नु उचित हुन्छ। त्यति गर्दा पनि तपाईंलाई पुन अपनाउन तयार भएन भने तपाईं नै उसलाई छाडिदिनुहोस् र जीवनभर उसलाई सम्झने गल्ती नगर्नुहोस्। यसो गर्नुमै तपाईंको भविष्य छ।

▸▸ चरित्र अभिनेत्री प्रज्ञा जोशीले निर्माण गरेको चलचित्र 'सम्झना' प्रदर्शनका लागि तयार छ। यसअघि निर्देशक योगेश घिमिरेको निर्देशनमा चलचित्र 'सपूत'को निर्माण गरेर सफलता पाएपछि घिमिरेलाई नै निर्देशक लिएर निर्माण गरिएको चलचित्र 'सम्झना' लाई उपयुक्त अवसरमा प्रदर्शन गरिने बताइन्छ। चलचित्रमा निखिल उप्रेती, राजवल्लभ कोइराला, सञ्चिता लुइँटेल आदि कलाकारको मुख्य भूमिका छ। चलचित्रमा भीम रानाको छायांकन, सूर्य थोक्करको द्वन्द्व निर्देशन तथा शान्ता नेपालीको नृत्य निर्देशन हेर्न पाइनेछ।

▸▸ उदय सुब्बाको निर्देशनमा निर्माण भैरहेको चलचित्र 'अग्निसाक्षी'को छायांकन अन्तिम चरणमा पुगेको छ। चलचित्रमा निखिल उप्रेती, दिलीप रायमाझी, झरना थापा, अरुणिमा लम्साल आदि कलाकारको मुख्य भूमिका छ।

## ● फिल्मी खबर ●

▸▸ एउटा मात्र गीत सुटिङ गर्न बाँकी रहेको माइक्रो भिजनइन्टरटेनमेन्ट प्रा.लि.को नेपाली कथानक चलचित्र गुरुदक्षिणाको ७५ प्रतिशत सम्पादन कार्य समाप्त भएको छ। सिनेमास्कोपमा सुटिङ भएको गुरुदक्षिणाको सम्पादन मुम्बईमा भैरहेको छ। सुटिङ हुन बाँकी रहेको एउटा गीत भने मुम्बईमै सुटिङ गरिने योजना रहेको र त्यसका लागि नायक रमित ढुंगाना आगामी शुक्रबार (२८ नोभेम्बर) मुम्बई आउने कार्यक्रम रहेको कुरा निर्माता राममणि सुवेदीले जनाएका छन्। रामराजा दाहालको निर्देशन तथा दीपानारायण झाको संगीत रहेको यो चलचित्रलाई नीरञ्जन अर्यालले छायांकन गरेका छन्। सुपरस्टार राजेश हमाल, रमित ढुंगाना, सञ्चिता लुइँटेल, राजबल्लव कोइराला, रवि गिरी, नरेन्द्र श्रेष्ठ आदि कलाकारद्वारा अभिनीत चलचित्र गुरुदक्षिणा आगामी फेब्रुअरीमा प्रदर्शनमा आउनेछ।





# जस्मिन अधिकारी



तस्बिर : राजकुमार



## केवल एक प्रश्न

# बाटोमा हिंड्दा तपाईं महिलाको कुन अङ्ग हेर्नुहुन्छ ?

म प्रायः अनुहारमा ध्यान दिन्छु । कस्तो भने, सुरुमा अनुहार नै हेरिन्छ, खोइ किन-किन .....ए साँची अनुहार त अङ्ग भएन नि ? म ....आँखा हेर्छु । आँखामा आकर्षण हुन्छ नि हैन ?

**दीपक लिम्बू, गायक**

बाटोमा हिँड्दा नर्मल्ली केटीहरूलाई नियालेर हेर्न मिल्दैन । हेरें भने युवतीको स्मार्टनेस, आउट फिट हेर्छु । हेर्नैपरेपछि किन एउटा दुइटा अंग मात्र हेर्नु, होल बडी फिगर नै हेरिन्छ नि..... ।

**आर्यन सिग्देल, नायक**

म आँखामा हेर्छु, फुल कन्ट्याक्ट आँखामा हुने भएकाले होला, बाटोमा हिँड्दा म महिलाहरूको आँखामा ध्यान दिन्छु । आँखा जोसँग जुध्छ, त्यसको तत्कालै रिजल्ट पनि आउँछ, त्यो अनुभूतिको मज्जा नै छुट्टै हुन्छ ।

**सुमन सिंह, नायक**

खै हौ ? खै पार्टिकुलर, त्यस्तो हेर्ने गरिएको त छैन, तर पुरुषहरूको ध्यान सबैभन्दा पहिला स्तनमै जान्छ जस्तो लाग्छ मलाई त ......।

**निमा रुम्बा, गायक**

आँखा होला नि, कुन भन्ने त ....आँखा, ओठ हेरिन्छ, त्यो भन्दा तल नजाऊँ होला है, तपाईंले खोजेको उत्तर अलि आएन कि ? म्युजिक भिडियोका लागि फिगर भएकी युवती खोज्ने भन्दा-भन्दा आजभोलि फिगर मिलेकी युवतीमा ध्यान जान थालेको छ, यसलाई चाहिँ उत्तरमा राखूँ न है..... ।

**डिजे सन्तोष**



## जम्का भेट

नायिका निरुता सिंहले एउटा घोषणा गरिन्, उनी अब चलचित्रमा खेल्दिनन्। कम्तीमा छ महिना त खेल्दै खेल्दिनन्। छ महिनाका लागि उनी बलिउड नगरी मुम्बई जाँदैछिन्। साप्ताहिकसँगको जम्काभेटमा निरुताले छ महिनापछि यहाँ फर्कने तर नेपाली चलचित्रमा फेरि काम गर्ने मानसिक रूपमा तयार नभइसकेको बताइन्। विगत १५ वर्षदेखि अनवरत ९० भन्दा बढी नेपाली चलचित्रमा अभिनय गरिसकेकी यी चर्चित नायिकाका अनुसार तुलसी घिमिरेको निर्देशनमा प्रदर्शोन्मुख चलचित्र "देश" उनको अन्तिम चलचित्र पनि हुन सक्नेछ।



**अबचलचित्रमा नखेल्ने नै निधो गर्नुभएको हो ?**

छ महिना त खेल्दै खेल्दिनँ । मुम्बईबाट फर्केर आएपछि पनि कुनै फरक भूमिकाका लागि अफर आएछ भने विचार गरेर मात्र खेल्छु ।

**किन यस्तो वितृष्णा ?**

यसलाई वितृष्णा भन्न मिल्दैन । सामान्यतयाः नायिकाहरूको 'पर्दामा' आयु पाँचदेखि सात वर्षसम्म हुन्छ । म त १५ वर्ष टिकें, यो ठूलो उपलब्धि होइन र ?

**यसलाई हामी अघोषित संन्यास भनेर बुझ्न सक्छौं ?**

सन्यास नै नभन्नुहोस् । सामान्यभन्दा फरक भूमिकाका लागि अफर आयो भने सोच्न बाध्य पनि हुन्छु, तर छ महिनाका लागि भने संन्यासै लिन लागेकी हुँ ।

**त्यसो भए दर्शकले सम्झनामा राखून् भनेर राजीव श्रेष्ठसँग ग्ल्यामरस तस्बिर खिचाउनुभएको हो ?**

त्यसो पनि मान्न सक्नुहुन्छ । यस्ता फेसनेबल तस्बिर खिचाउने उमेर छँदै हो । उमेर ढल्किएपछि खिच्न मिल्दैन, त्यसैले खिचाएकी ।

**मुम्बई किन जान लाग्नुभएको ?**

तपाईंहरूले चिनेकी नायिका निरुता सिंह नायिका नभएकी भए इन्टेरियर डिजाइनर बन्थी होला । अहिलेसम्म इन्टरेरियर डिजाइनर बन्ने भूत मेरो मस्तिष्कबाट उत्रिएको छैन । मुम्बईमा त्यसैको कोर्स गर्न जान लागेकी हुँ ।

**चलचित्र बनाउँदै हुनुहुन्छ भन्ने पनि सुनेका थियौं नि ?**

फर्किएपछि बनाउँछु तर आफ्नै निर्देशनमा भने होइन ।

**घरजम गर्ने सोंच पलाएको छैन ?**

त्यसका लागि पनि अब धेरै कुर्नुपर्दैन । दुई वर्षभित्रमा भोज ख्वाउँछु । दाँत तिखारेर बस्नुहोला ।

# सम्झनामा राम थापा

**साप्ताहिक समाचार**

काठमाडौं– आधुनिक संगीत तथा लोकगायनमार्फत लाखौं श्रोताको मन जितेका गायक एवं संगीतकार राम थापाले गत मंसिर ५ गते बिहान यो संसारबाट बिदा लिए । ५० वर्षकै उमेरमा श्रोताहरूलाई दुःखी बनाउँदै उनले संसार त्यागेका हुन् । संगीतकर्मी थापाको पारिवारिक स्रोतले जनाएअनुसार उनी विगत केही समययता जन्डिसबाट पीडित थिए । यसबाहेक उनी कलेजो तथा फोक्सोको रोगबाट समेत थलिएका थिए ।



काठमाडौं कमलपोखरीमा २०१५ भदौ २ गते जन्मिएका थापा सानैदेखि संगीतमा रुच राख्थे । अनौपचारिक रूपमा सांगीतिक यात्रा प्रँरम्भ गर्दा उनी पाँच कक्षामा अध्ययनरत थिए । कमलपोखरी क्षेत्रकै अग्रजहरूसँग संगीतसम्बन्धी ज्ञान हासिल गरेका थापाले सबैभन्दा पहिले बजाएको सांगीतिक वाद्ययन्त्र गितार थियो । अग्रजहरूबाट गिटार सिक्ने ज्ञान हासिल गरे पनि उनको विधिवत् सांगीतिक यात्रा भने २०२६ मा 'भैरव नृत्य समूह' बाट भएको थियो । त्यहाँबाट उनले नृत्य, वाद्यवादन तथा गायन सिकेका थिए ।

२०३१ मा रेडियो नेपालबाट स्वरपरीक्षा उत्तीर्ण गरेपछि आफ्नै संगीतमा 'हाईहाई वनकाली माई...' गीत रेकर्ड गराएपछि थापा गायकका रूपमा प्रस्तुत भए । गायिका तारा थापासँग रेडियो नेपालमा गाएको यो गीत लोकप्रिय भएपछि उनले 'राम्रो गायक'को पहिचान बनाएका थिए । 'पहिलो गीत नै लोकप्रिय भएपछि थापाको संगीतप्रतिको रुचि अझ बढी प्रगाढ भयो, थापाका समकालीन लोकगायक कुमार बस्नेत भन्छन्– 'नेपाली संगीतमा गायन तथा संगीतमा एकै पटक लोकप्रियता हासिल गर्ने ऊ मात्र एक्लो संगीतकर्मी थियो ।'

राम थापाले आफ्नो सांगीतिक जीवनमा ३ सयभन्दा बढी गीत-संगीतमा स्वर तथा संगीत प्रदान गरेका थिए । बजारमा आएका करिब ४० भन्दा बढी गीतिसंग्रहमा गायक तथा संगीतकार थापाको सहभागिता थियो । म्युजिक नेपालले २०४२ सालमा प्रकाशित गरेको गीतिसंग्रह 'राम थापाका लोक सुस्केराहरू' नेपाली स्रोताका लागि उनको पहिलो सांगीतिक कोसेली थियो । त्यसपछि भनले 'कटर-कटरमा' शीर्षकको दोस्रो एकल गीतिसंग्रह तयार पारे ।

यो संग्रहको शीर्षक गीत लोकप्रिय भएपछि उनी श्रोतासँग नजिकिएका थिए । उनले गाएका गीतहरूमध्ये 'कटर-कटरमा, तिम्रो झिल्के ज्वाइँ आयो मोटरमा...', 'रेलै घुमेर बहिनीको...' अत्यत्य लोकप्रिय थिए । राम थापा लोकगायनबाट मात्र चर्चित भएका होइनन् । आधुनिक संगीत सिर्जनामा पनि उनको योगदान अतुलनीय छ । स्व.अरुण थापाको 'ऋतुहरूमा तिमी', ओमविक्रम विष्टको 'म मौनतामा', प्रेमध्वज प्रधानको 'तिमीलाई अचेल कहाँ भेटौं', सुनिता सुब्बाको 'थामेर किन छोड्यौ हातहरू', रवीन शर्माको 'जुनी जुनीलाई' जस्ता कालजयी गीतहरू राम थापाले नै संगीतबद्ध गरेका हुन् । यसबाहेक उनले 'बादल', 'घामछायाँ', 'आँखा लोभी मन पापी' चलचित्र तथा 'जुनी' र 'घायल प्रेम' शीर्षकका भिडियो चलचित्रमा समेत संगीत दिएका थिए ।

२०४० सालको आधुनिक गीत प्रतियोगितामा प्रथम भएका राम थापाले त्यसअघि २०३६ सालमा आयोजित राष्ट्रव्यापी लोकगीत प्रतियोगितामा दोस्रो स्थान हासिल गरेका थिए । यसबाहेक उनले २०५० सालमा भारतको चण्डीगढबाट शास्त्रीय संगीतमा स्वरतर्फ प्रथम श्रेणीमा विशारद गरेका थिए ।

त्यसो त उनी संगीतका तीन ठूला सम्मान छिन्नलता गीत पुरस्कार, नारायणगोपाल युवा संगीत सम्मान तथा अरुण थापा स्मृति पुरस्कारबाट पनि सम्मानित भैसकेका थिए । सुमधुर स्वरका धनी थापाले रेडियो नेपालमा उद्घोषकका रूपमा पनि लामो समयसम्म सेवा प्रदान गरेका थिए । रेडियो नेपालमा लोकगीततर्फ विशिष्ठ श्रेणीका गायक तथा आधुनिक संगीततर्फ श्रेणीका संगीतकारका रूपमा कार्यरत छँदा उनले लोकगीतसम्बन्धी कार्यक्रम 'आञ्चलिक सुस्केरा' सञ्चालन गरेका थिए ।

थापा नेपाली भाषामा संगीतसम्बन्धी पुस्तक लेख्ने पहिलो संगीतकर्मी पनि थिए । उनले गिटार बजाउन सिकाउने उद्देश्यले लेखेको पुस्तक 'गितार गाइड' अहिले पनि बजारमा उपलब्ध छ । अरुण थापाको स्वरमा रेकर्डिङ भएको गीत 'ऋतुहरूमा तिमी हरियाली वसन्त हौ...' करिब पाँच वर्षअघि बीबीसी नेपाली सेवाले गरेको सर्वेक्षणमा विश्वकै उत्कृष्ट दस गीतमध्ये सातौं स्थानमा परेको थियो । स्व.थापाका एक मात्र छोराको केही वर्षअघि मात्र निधन भएको थियो भने उनकी श्रीमती विदेशमा रहेको बताइन्छ ।

# आकर्षक जीरे प्रहसन



**भिषा काफ्ले**

धनकुटा– चलचित्र तथा टेलिभिजनको पर्दामा मात्र देखिएका कलाकारहरूलाई प्रत्यक्ष हेर्न पाउँदा धनकुटेली दर्शकहरू यति हर्षित देखिन्थे त्यसको वर्णन गरेर पुग्दैन । धनकुटा महोत्सवको तेस्रो र चौथो दिन नेपाल टेलिभिजनबाट प्रसारण हुने लोकप्रिय कार्यक्रम जीरे खुर्सानीका कलाकारहरूको प्रहसनका लागि आएका जितु नेपाल, किरण केशी, शिवहरि पौडेलको प्रस्तुति हेर्न महोत्सव स्थल खचाखच भरिएको थियो ।

२५ रुपैयाँ प्रवेश शुल्क लिइएको उक्त दिन प्रवेश टिकट नै सिद्धिएर खाली कागजमा महोत्सवको छाप मात्र लगाएर दर्शकहरूलाई भित्र छिराइएको थियो । हास्यकलाकार, गायक तथा निर्माता किरण केसीले आफ्नै एल्बमका दुईवटा गीत गाएर कार्यक्रम सुरु गरेका थिए भने जितु नेपालको व्यङ्ग्यात्मक प्रस्तुतिले दर्शकहरूलाई पेट मिची-मिची हँसाएको थियो । शिवहरि पौडेल र किरण केसीको आधा घण्टाको प्रहसनले धनकुटेली कला पारखीहरूलाई निकै लोभ्याएको थियो ।

मंसिर ४ सुरु भएको धनकुटा महोत्सवमा दैनिक विभिन्न जातीय झाँकी, नाटक तथा स्थानीय तथा राष्ट्रिय कलाकारहरूद्वारा गीत-संगीत पनि प्रस्तुत भैरहेको छ । स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका उत्पादनहरू महोत्सवमा राखिएका छन् भने अन्य आकर्षणमा रोटेपिङ, मौतमा कुवा, ड्रागन, केटाकेटीहरूका लागि कार आदि छन् । महोत्सव भोलि १४ गते शनिबारसम्म चल्नेछ ।

# धरानमा आदिवासी चलचित्र महोत्सव



**सुमित्रा अञ्जान**

भूतपूर्व सैनिक गर्जुमान गुरुङका छोरा लालबहादुर आफ्नो बाबुको सिको गर्दै सेनामा भर्ती हुन्छन् । लालबहादुरका छोरा भने आफ्नै देशमा संघर्ष गर्छन्, तर बिस्तारै उनी असफल हुँदै जान्छन्, जसले गर्दा उनी बिदेसिन बाध्य हुन्छन् । जसको परिणाम उनी अनागरिक बन्छन् ।

यो कथा धरानमा मंसिर १३ र १४ गते हुने भनिएको आदिवासी चलचित्र महोत्सवमा प्रस्तुत गर्न लागिएको चलचित्र 'अनागरिक' को हो । आदिवासी जनजातिहरूको भाषा एवं संस्कृतिमा आधारित भएर निर्माण गरिएका चलचित्रलाई सर्वसाधारणको पहुँचमा पुऱ्याउने उद्देश्यले गर्न लागिएको अन्तराष्ट्रिय चलचित्र महोत्सवमा ९ वटा नेपाली चलचित्र तथा ६ वटा छोटा विदेशी चलचित्र प्रर्दशन गरिने भएको छ । इन्डिजेनियस फिल्म अर्काइभको आयोजनामा गर्न लागिएको उक्त महोत्सवको स्थानीय संयोजक विजयपुर मिडिया ग्रुप हो ।

स्थानीय सैनिक भवनमा गर्न लागिएको उक्त दुईदिने महोत्सवमा लिम्बू जातिको चलचित्र चेसुङ, लाहुरे कथामा आधारित अनागरिक, मगर जातिको चिन्डियाक, नेवार जातिको मतिनाथ कलि, मगर भाषाको मृत तर जीवित, थारू जातिको हमार जिनगीलगायत २० वटा चलचित्र प्रदर्शन गरिनेछ ।

# आठपहरियाहरूको मंसिरे चाड



**साप्ताहिक समचार**

धनकुटा- नेपालमा धनकुटा जिल्लामा मात्र स्थायी बसोबास गररहेका आठपहरिया राईहरूको प्रमुख मंसिरे चाड (छोङलाराङ्ग) सकिएको छ । भाइटीकाको दिन सुरु भएको यो चाड १५दिनसम्म मनाइन्छ । च्याब्रुङ बजाउँदै सबै आठपहरियाको घर-घरमा गएर नाचिने नाच पर्वको यो प्रमुख आर्कषण हो भने पितृ आत्माको वार्षिकी पनि यही पर्वमा फुकाइन्छ ।

विगतमा १५ दिनसम्म मनाउने चलन भए पनि केही वर्षदेखि आर्थिक कारणले एक साता मात्र मनाइँदै आएको छ । कार्तिक पूर्णिमाको दिन दुःख फुकाई पुजारीको घरबाट नाच्न सुरु गरी आफूले मानेको मार्गथानमा गएर अन्य व्यक्तिको घरमा गएर नाचिन्छ । नाचिसकेपछि नाचिने घर-परिवारबाट जाँड-रक्सी, अचार-तरकारी र केही रकम दिइन्छ । यो पर्वमा छोराछोरी जन्मिए आशीर्वाद दिने तथा परिवार सुखी-सम्पन्न हुने कामना गरिन्छ । यसरी एक सातासम्म मनाइने यो चाड धनकुटाका बेलहरा र भीरगाउँ गाविस तथा नगरभित्रका आठपहरियाहरूले धूमधामसँग मनाउँछन् ।

# सिद्धिथुम्का महोत्सवको रौनक

**शिव मुखिया**

ग्रामीण पर्यटनका लागि थुप्रै सम्भावना बोकेका इलामका पर्यटकीय स्थलहरूमा महोत्सव आयोजना गर्ने प्रतिस्पर्धा नै चलेको छ । ग्रामीण पर्यटनलाई प्रोत्साहन, स्थानीय उत्पादन एवं सामग्रीको पहिचान, स्थानीय संस्कृतिको उजागर गर्न यस्ता महोत्सवहरू निकै फलदायी हुने गरेका छन् ।

नेपालमा सूर्योदयको उत्कृष्ट दृश्वालोकन गर्न सकिने श्रीअन्तु होस् वा मध्यपहाडी क्षेत्रमा नेपालकै पहिलो रामसार क्षेत्र माईपोखरी होस्, बर्सेनि महोत्सवको आयोजना गर्ने गरिएको छ । यसबीच, पश्चिमी इलामको सिद्धिथुम्कामा ग्रामीण पर्यटन प्रवर्द्धनका लागि यस्तै प्रयास भएको छ । इलाम सदरमुकामदेखि १५ किलोमिटरको दूरीमा रहेको यो पर्यटकीय स्थलमा गत शुक्रबारदेखि आइतबारसम्म प्रथम पटक महोत्सव सम्पन्न भयो । स्थानीय मौलिक पहिचान झल्कने खाद्यसामग्री, जातीय संस्कृति एवं स्थानीय उत्पादन प्रमुख आकर्षणका रूपमा रहेको महोत्सवमा लक्ष्यभन्दा बढी पर्यटक भित्रिएको आयोजकहरूले बताएका छन् ।

समुद्री सतहबाट १ हजार ६ सय ९३ मिटरको उचाइमा स्थित सिद्धिथुम्का चुलीबाट सूर्योदयको दृश्यालोकन गर्न महोत्सवमा हजारौं पर्यटकको भीड लागेको थियो । आसपासको क्षेत्रमा रहेको अजम्बरे डाँडा, खान्दुक गुफा, फाल्गुनन्द मन्दिर र पखेलुङ झरनाले पनि पर्यटकको मन लोभ्याएको थियो । महोत्सवमा राई, लिम्बू, तामाङ, शेर्पा आदि जातजातिले आ-आफ्नो संस्कृतिमा आधारित झाँकी प्रस्तुत गरेका थिए ।

स्थानीय परिकारहरू फिलोङ्गेको अचार, साँदेको गुन्द्रुक, कोदोको रोटीले पर्यटकको जिब्रोमा बेग्लै स्वाद थपेको थियो । वनभोजको सिजन सुरु भैरहेकै बेला आयोजित उक्त महोत्सवमा आन्तरिक पर्यटकको घुइँचो लागेको आयोजक समितिका अध्यक्ष रामबहादुर राईले बताए ।

# आत्म मैत्री ज्ञानलाई कसैले चिन्न सकेन



बारा– विगत साढे तीन वर्षदेख निराहार तपस्यामा जुटेका बारा रतनपुरी-५ का करिब १८ वर्षीय तपस्वी रामबहादुर बम्जनले गत शुक्रबार बाराको हल्खोरियामा प्रवचन दिएका छन । उनले रिद्धिसिद्धी सर्वभव मंगलम मैत्रिय ज्ञानको श्लोक सुनाउँदै आत्म मैत्री ज्ञानलाई संसारमा कसैले चिन्न नसकेको बताएका छन् । आत्मीय ज्ञानको अलौकिक शक्तिले बेला-बेलामा संसारलाई मार्ग दर्शन गराउने अठोट समेत उनले व्यक्त गरे । संसारका मानिसहरू आत्मीय ज्ञानको मार्गदर्शन गर्नुको साटो व्यक्तिगत स्वार्थमा लागेको उनले बताए । अध्यात्मिक शक्तिबाटै व्यक्तिको व्यवहारमा परिवर्तन ल्याउनेछु, उनले प्रवचनका क्रममा बताए ।

प्रवचनका क्रममा बम्जनको जीउमा कम्पन्न भैरहेको देखिन्थ्यो र उनी अलमलिँदै प्रवचन दिइरहेका थिए । उनले ११ बजेर ५५ मिनेटदेखि १२ बजेर १० मिनेटसम्म प्रवचन दिएका थिए । प्रवचनपछि उनले भक्तजनहरूलाई भेटसमेत दिएका थिए । प्रवचनपछि बम्जनका दाइ गंगाजीत बम्जनले शनिबारदेखि तपस्वी भाइ तपस्यामा लीन हुने कुरा बताए । संसारका निम्ति समर्पित बम्जनले १२ दिनको अन्तरालमा चार पटक प्रवचन दिइसकेको र अहिलेको प्रवचन अन्तिम भएको गंगाजितले बताए । छ वर्ष तपस्या गर्ने भनेर घर छाडेका बम्जनले तीन वर्ष छ महिना तपस्याको अवधि पार गरिसकेको उनले बताए ।

बम्जन निराहार भएको दाबी परिवारजनले गरे पनि उनी हृष्टपुष्ट देखिन्छन् । उनले यसरी निराहार बसेर विज्ञानलाई चुनौतीसमेत दिएका छन् । त्यहाँ उनले खाएको कसैले पनि नदेखेको उनका दाई गंगाजीत बताउँछन् ।

बम्जनको शिक्षादीक्षामा संलग्न बारा गंजभवानीपुरका शिक्षक रूपनारायण यादवले भने– बम्जन पढाइमा निकै कमजोर थिए । उनी २० वटा वर्ड मिनिङ तीन/चार दिन लगाएर कण्ठ गर्थे तर तपस्यामा जानुभन्दा एक साता अघि उनले २० वटा मिनिङ २० मिनेटको अवधि नबित्दै सुनाए । बम्जनमा देखा परेको त्यो अनौठो शक्तिपछि उनी आज यसरी प्रसिद्ध तपस्वीका रुपमा परिचित भएका छन् ।

**–पवन यादव**

# राजधानीमा वृत्तचित्र महोत्सव

**साप्ताहिक समाचार**

काठमाडौं– गत सोमबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा जनाइएअनुसार विश्व एड्स दिवसका अवसरमा आगामी मंसिर २० गते 'प्रथम वृत्तचित्र तथा चलचित्र महोत्सव' हुँदैछ । महोत्सवमा १५ वटा वृत्तचित्र तथा चलचित्र प्रदर्शन गरिनेछ । महोत्सवमा १० मिनेटदेखि २ घण्टा ८ मिनेटसम्मका १५ वटा वृत्तचित्र तथा चलचित्र प्रदर्शन गरिनेछ । महोत्सवका प्रदर्शन गरिएका वृत्तचित्र तथा चलचित्रलाई निर्देशक नारायण पुरी, नवीन सुब्बा तथा फोटो पत्रकार विकास रौनियार सहभागी निर्णायक समितिले मूल्यांकन गर्नेछ । प्रदर्शित चलचित्रलाई उत्कृष्ट वृत्तचित्र/चलचित्र, उत्कृष्ट परिकल्पना/लेखन, उत्कृष्ट क्यामेरा तथा उत्कृष्ट निर्दशन गरी चार विधामा पुरस्कृत गरिनेछ ।

महोत्सवमा राजशरण बस्न्यातको 'फ्युचर', राजु अधिकारीको 'द निर्मला', शंकर घिमिरेको 'विष', मोहन शाहको 'आत्मविश्वास', मनीष कोइरालाको 'द प्रिचिङ वन्डर्स', युवराज लामाको 'मुक्ति', सरोज मानन्धरको 'लेट्स टक', दिवस गुरागाईंको 'द फायर', सिद्धार्थ लामाको 'द मोमेन्ट', डब्बु क्षेत्रीको 'लभ लेटर', रोशनी ढुंगानाको 'इनटु द लाइट', सलिम अख्तरको 'ट्रिटमेन्ट्स वर्क्स' तथा 'सोसियल बेरियर्स', आलोक मास्केको 'निर्णय' एवं केशव रावत र गणेश सुवेदीको 'अन्जान यात्रा' जस्ता चलचित्र तथा वृत्तचित्र प्रदर्शन गरिनेछ ।

# पलेंटीमा भूटानी गीत



हरेक अंग्रेजी महिनाको अन्तिम शुक्रबार नेपालयले कालिकास्थानस्थित 'आर' शालामा सञ्चालन गर्दै आएको पलेंटी श्रृंखलामा पर्सि मंसिर १३ गते भुटानका नेपालीभाषी गायक प्रताप सुब्बाले आफ्ना गीतहरू सुनाउनेछन् । भुटानको चिराङ, लप्सीबोटेमा जन्मिएका प्रताप सुब्बा हाल मोरङको पथरीस्थित शरणार्थी शिविरमा बसोबास गर्छन् । भुटानमा रहँदादेखि नै सङ्गीतमा लागिपरेका सुब्बाको सक्रियता अझै कायम छ । उनको गीत-सङ्गीतलाई शिविरको जीवन र वातावरणले नयाँ आयाम दिएको छ ।

दार्जीलिङ, सिक्किम, डुअर्सलगायत उत्तरपूर्वी भारतका नेपालीभाषीका गीत-सङ्गीत मात्र सुनेका श्रोताहरूले प्रताप सुब्बामार्फत भुटानमा रहेका नेपालीहरूको गीतसङ्गीतको स्वाद लिन पाउनेछन् । 'भुटान छँदा नारायणगोपाल, बच्चुकैलाश, दीप श्रेष्ठका गीतहरू सुन्थ्यौं र गाउँथ्यौं,' प्रताप भन्छन्– 'त्यतिबेला कला, साहित्य र संगीतबाट आफूलाई अभिव्यक्त गर्न सजिलो थिएन । देशले रगत मागे मलाई बली चढाऊ गाउँदा प्रशासनले मसँग स्पष्टीकरण मागेको थियो । अहिले त सबै सम्झनामा सीमित छ ।'

अहिले अलाहबाद युनिभर्सिटी अन्तर्गत सिलीगुढीबाट संगीतमा विशारद गरिरहेका प्रतापले नसुनिएका गीतहरूसँगै भुटानका तीतामीठा सम्झना र शरणार्थी जीवनको पीडा पनि सुनाउनेछन् ।

# दोहामा नेपाली चलचित्र

श्रम बिक्री गरी परिवार पाल्न खाडी मुलुक कतार आएका नेपालीहरूमध्ये केही यस्ता पनि छन् जो यस नीरस भूमिमा नेपाली चलचित्रको माध्यमले सरस फुहार छर्दैछन् । आफ्ना कमाइबाट धेरै-थोरै यस क्षेत्रमा पनि लगानी गर्दैछन् । यो दूरदेशमा अनेकौं नेपाली गीति एलबमका छायांकन भएका छन् । पछिल्लो पटक कतारमा दुई नेपाली चलचित्रको निर्माण सुरु भएको छ । कतारस्थित उत्साही चलचित्रकर्मीहरूको छाता समूह सिने सरोकार केन्द्रले निर्माण गरेको 'तिम्रै लागि' चलचित्रको छायांकन पूरा भै प्रदर्शनको तयारीमा छ भने कृष्ण तमु, भेष तमु र ओम थापामगरको संयुक्त लगानी रहेको 'सपना हो कि बिपना' को छायांकन सुरु भएको छ । दुवै चलचित्रका निर्माता, निर्देशक तथा अधिकांश अभिनेता-अभिनेत्री कतारमा कार्यरत नेपालीहरू नै छन् । चलचित्रको अधिकांश भागको छायांकन नेपालमा भए पनि यी चलचित्रको प्रथम प्रदर्शन कतारमा गर्ने योजना लगानीकर्ताहरूको छ ।

**–श्यामसुन्दर शशि**



## ● साताको स्वर ●



## अनुमा कोइराला

**‘हृदय नै मेरो......’ कस्तो शैलिको गीत हो ?**
नयाँ शैलीको फास्ट ट्र्याकमा गाइएको पप गीत हो ।

**गीतको कुन पक्ष श्रोताले बढी मन पराएका छन् ?**
यो गीत नयाँ शैलीमा गाइएकाले श्रोताहरूले यसको शब्द र संगीतलाई बढी मन पराएका छन् ।

**यो गीतका लक्षित वर्ग को हुन् ?**
अहिलेका युवावर्गलाई लक्षित गरेर गाइएकाले यसको मुख्य लक्षित वर्ग युवा पुस्ता नै हुन् ।

**गीतको कुन पक्ष आकर्षक छ ?**
आफ्नै शब्द, रचना र संगीतमा गाइएकाले पनि होला, दर्शक-श्रोताको राम्रो प्रतिक्रिया आएको छ । त्यसैले गीतको सबै पक्ष राम्रो छ ।

**म्युजिक भिडियो कस्तो छ ?**
जापानिज मोडलले मेहनतका साथ अभिनय गरेकाले पनि होला, म्युजिक भिडियो राम्रो बनेको छ । भिडियो विशेष गरेर युवा पुस्ताले बढी मन पराएका छन् ।

## ● म्युजिक अपडेट ●

**स्वदेशमा** छँदा सांगीतिक कार्यक्रमहरूमा सहभागी भैरहने गायक सञ्जिप प्रधान अमेरिकामा पनि यस्तो मौका गुमाउन चाहँदैनन् । न्यूयोर्कमा आयोजित एउटा सांगीतिक कार्यक्रममा गायक प्रधानले आफ्ना नयाँ तथा पुराना लोकप्रिय गीत गाए । कार्यक्रममा सञ्जिपकी जीवन संगिनी गायिका सरिष्मा अमात्यले पनि आफ्ना कर्णप्रिय गीत गाइन् । न्यूयोर्क नेवाः गुठीले आयोजना गरेको उक्त कार्यक्रममा गोमा गुरुङ तथा सञ्जोग योञ्जनले पनि आफ्ना गीत-संगीत प्रस्तुत गरे । कार्यक्रममा विभिन्न कलाकारले परम्परागत नेपाली नृत्य समेत प्रदर्शन गरेका थिए ।

**अग्रजहरूले** सुगम संगीतलाई पाखा लगाए पनि एकजना युवा गायकले भने यसैमा आफ्नो भविष्य देखेको बताएका छन् । गायक लोकन्द्र राई नेपालमा सुगम संगीतको भविष्य राम्रो मात्र देख्दैनन्, सुनौलो छ पनि भन्छन् । त्यसैले उनले करिव एक वर्षको मेहनतपछि सुगम संगीतमै आधारित गीति संग्रह ‘यादमा’ सार्वजनिक गरेका छन् । उक्त संग्रहका लागि राजु सिंह, श्याम सुन्दर, राम सिटौला जस्ता सर्जकका सिर्जनामा उनले आफ्नो स्वर प्रदान गरेका छन् ।

**यस** वर्षको नारायणगोपाल स्मृति सम्मान सितारवादक नरेन्द्र बाटाजुलाई प्रदान गरिने भएको छ । स्वरसम्राट् नारायणगोपाल संगीत कोषले दशकौंदेखि निरन्तर सितारवादनमा पुऱ्याएको योगदानको कदर गर्दै बटाजुलाई उक्त सम्मान प्रदान गर्न निर्णय गरेको हो । बाटाजुलाई सम्मान पत्रका साथै २५ हजार नगद प्रदान गरिने भएको छ । उक्त सम्मान नारायणगोपाल संगीत कोषकै कार्यालय महाराजगन्जमा मंसिर १९ गते आयोजना हुने कार्यक्रममा प्रदान गरिनेछ ।

**धनगढीमा** आयोजित एक सांगीतिक कार्यक्रममा सहभागी भएर राजधानी फर्कने क्रममा गायक तथा संगीतकार डिजराज पौडेल घाइते भएका छन् । रात्रिबसमार्फत फर्किरहेका गायक डिजराजलाई लुटेरहरूले बस लुट्ने उद्देश्यले प्रहार गरेको ढुंगा अनुहारका विभिन्न भागमा लागेको थियो । दाङको भालुवाङमा घाइते भएपछि उनी त्यहींको एउटा स्वास्थचौकीमा उपचारपछि राजधानी आइपुगेका थिए । हाल उनको स्वास्थ्य सामान्य छ । सांगीतिक कार्यक्रममा डिजराजसँगै गायकद्वय कविराज निरौला तथा बिमल डाँगी पनि सहभागी थिए ।

**लोक** गायक महेश बुढाथोकीलाई पथरी युवा क्लबले सम्मान गरेको छ । अघिल्लो साता पथरीमा आयोजित सांगीतिक कार्यक्रममा गायक बूढाथोकीले लोक-संगीतमा पुऱ्याएको योगदानका लागि सम्मान गरिएको हो ।

**संगीतकार** शम्भुजित बाँस्कोटालाई अमेरिकाबासी नेपालीरूले सम्मान गरेका छन् । सांगीतिक कार्यक्रमका क्रममा करिब एक महिनादेखि अमेरिकामा रहेका संगीतकार बाँस्कोटा आधा दर्जनभन्दा बढी कार्यक्रममा सहभागी भैसकेका छन् । गत साता बाल्टिमोरमा आयोजित ‘शम्भुजित लाइभ इन कन्सर्ट’ मा सहभागी संगीतकार बाँस्कोटाले लाइभ ब्यान्डसँग आफ्ना लोकप्रिय गीतहरु प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा सांगीतिक समूह ओकिलीका गायक सृजन ताम्राकार पनि सहभागी थिए ।

**साई** बाबाको ८३ औं जन्मोत्सवको अवसरमा गत आइतबार राजधानीमा एउटा सांगीतिक कार्यक्रम प्रस्तुत भएको छ । राजधानीसँगैको टोखा गाविसस्थित सत्य साई शिक्षा सदनमा साई भजनसहितको सांगीतिक कार्यक्रम आयोजना गरिएको हो । संगीतकार आनन्द राईको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका विद्यार्थीले राष्ट्रिय गान, भजन तथा साई भजन प्रस्तुत गरेका थिए । अर्केष्ट्रासहितको सांगीतिक कार्यक्रममार्फत सत्य, धर्म प्रेम, शान्ति तथा अहिंसाको बाटोमा हिंडाउने प्रयास गरिएको आयोजकहरूले बताएका छन् ।

**संगीतकार** राजु सिंह भारतको कलकत्ताँमा हुने सांगीतिक प्रतिस्पर्धा ‘साउथ एसियन स्टार-२००८’ को निर्णायकमा छनौट भएका छन् । गत आइतबारदेखि भोलि शनिबारसम्म हुने यो प्रतिस्पर्धामा नेपालबाट प्रकाश तिम्सिना, अमोल सापकोटा तथा आसुसेन लामाले प्रतिस्पर्धा गर्दैछन् । इमेज च्यानलले आयोजना गरेको यो प्रतिस्पर्धामा सहभागि हुन तीनै जना नेपाली प्रतिस्पर्धी तथा संगीतकार सिंह गत आइतबार त्यसतर्फ प्रस्थान गरेका छन् । प्रतिस्पर्धामा नेपाललगायत भारत, पाकिस्तान तथा श्रीलंकाका गायक-गायिकाहरुको सहभागिता रहनेछ ।

**संगीत** संयोजकका रूपमा लामो समयदेखि कार्यरत सन्तु सुब्बा अब भने गायकका रूपमा श्रोँतामाझ आउने भएका छन् । सुब्बाले आफ्नै रचना तथा संगीतमा तयार भएका गीतहरूको संग्रह ‘सम्यत’ यसै साता बजारमा आउने भएको छ । यो संग्रहको एउटा गीतको म्युजिक भिडियो अर्का गायक नरेन लिम्बुले निर्देशन गरेका छन् ।

**गायक** भगवान भण्डारी पनि यति बेला अमेरिकामा छन् । सांगीतिक कार्यक्रमका क्रममा अमेरिका पुगेका गायक भण्डारीले गत शुक्रबर तथा शनिबार न्युयोर्कको एउटा नेपाली रेस्टुराँमा आयोजित दोहोरी गीत कार्यक्रममा आफ्ना लोकप्रिय गीतहरू सुनाए । आयोजक मोहन भट्टले इमेलमार्फत साप्ताहिकलाई दिएको जानकारीअनुसार ‘दोहोरी नाइट’ शीर्षकको उक्त सांगीतिक कार्यक्रममा गायक भण्डरीसहित गायिका आशा तथा साथीहरूले दोहोरी प्रस्तुत गरेका थिए ।

**गीतकार** किरण घिमिरे तथा संगीतकार चित्रलाल शर्माले आफ्ना नयाँ गीति संग्रहको नाम ‘डोली’ राखेका छन् । नरेन्द्र प्यासी, राजेशपायल राई, दीपक लिम्बु, अञ्जना गुरुङ, मल्लिका कार्की, भुवन सुप्तिहाङ राई आदिले संग्रहका गीतमा स्वर दिएका छन् ।

### लाइभ शो

• आगामी शनिबार अर्थात् मंसिर २१ गते ललितपुरस्थित जावलाखेलको मैदानमा गायक राजु लामा एकल गायन कार्यक्रममार्फत श्रोतामाझ प्रस्तुत हुँदैछन् । ‘सेभ म्युजिक यात्रा–थ्री’ अन्तर्गत आयोजना गर्न लागिएको यो सांगीतिक कार्यक्रमको शीर्षक ‘राजु लामा, मंगोलियन हार्ट : एन एक्सक्लुसिभ लाइभ’ राखिएको छ । नमस्ते इन्टरटेन्मेन्टले आयोजना गर्ने यो कार्यक्रमका व्यवस्थापक रितेश क्रिसका अनुसार सांगीतिक कार्यक्रममा फिचरिङ आर्टिस्टका रूपमा गायक मिङ्मा शेर्पा तथा किड सोल पनि सहभागी हुनेछन् । गायक लामाको काठमाडौं उपत्यकामा यो पहिलो एकल गायन कार्यक्रम हो ।

• ललितपुर, चाकुपाटस्थित ज्याजबेल क्याफेमा साताको एक दिन सांगीतिक कार्यक्रम प्रस्तुत हुन थालेको छ । प्रत्येक मंगलबार साँझ ७ बजे प्रारम्भ हुने लाइभ म्युजिकको कार्यक्रममा सांगीतिक समूह ‘एपिक’ ले गीत-संगीत प्रस्तुत गरिरहेको छ ।


## ● अफबिट ●



के हो यो ? : हालै बजारमा आएको रिमिक्स एल्बम एट्र्याक्सन-२ को आवरणका लागि पोज दिँदै नायक पुष्पराज पुरुष र नायिका पुजना प्रधान ।

## ● नजिकबाट ●

## रामकृष्ण ढकाल



| | |
|---|---|
| जन्ममिति | : साउन ७ गते |
| घरमा बोलाउने नाम | : बाबु/रामु |
| नामको अर्थ | : भगवान्को नाम |
| परिचय | : गायक |
| जन्मस्थान | : निजगढ, बारा |
| रुचि | : गायन, फुटबल |
| प्रकाशित एल्बम | : एक दर्जनभन्दा बढी |
| सांगीतिक गुरु | : संगीत प्रवीण नरराज ढकाल, चन्दन श्रेष्ठ |
| नजिकका साथी | : डिजे राजु, निर्मल शर्मा, सचिदानन्द, राजभाइ, दीपकराज, बाबुराम, न्ह्यु बज्राचार्य, डा. प्रदीप |
| मनपर्ने परिकार | : खसीको मासुसहितको नेपाली खाना |
| पकाउन जानेको परिकार | : नेपाली खाना, मःम, चाउमिन |
| मनपर्ने रंग | : कालो, सेतो र नीलो |
| मनपर्ने पहिरन | : क्याजुअल |
| मनपर्ने मौसम | : वर्षात् र हुस्सु लागेको मौसम |
| मनपर्ने खेल | : फुटबल |
| फुर्सदमा | : टेलिभिजन हेर्छु, पत्रपत्रिका पढ्छु |
| रिस उठेको बेला | : कम बोल्छु |
| पहिलो पटक बजाएको बाजा | : हार्मोनियम |
| पहिलो प्रेम | : संगीतसँग |
| पहिलो चुम्बन | : श्रीमतीसँग |
| राम्रो बानी | : मिलनसार र सोझो छु |
| नराम्रो बानी | : एकोहोरो पनि छु |
| गोप्य कुरा | : क्यारमबोर्डको राम्रो खेलाडी हुँ |

## ● ब्यान्ड ●




सन् १९८९ मा द राइजर ब्यान्डबाट सांगीतिक क्षेत्रमा प्रवेश गरेका गायक दीपेश मुल्मी अहिले कबवेभ ब्यान्डको सदस्यका रूपमा परिचित छन् । सन् १९९२ मा स्थापना भएको यो ब्यान्डमा अहिले छ जना संगीतकर्मी सक्रिय छन् । समूहमा सिद्धार्थ धाक्वा ड्रममा, मिलेश जोशी बेस गिटारमा, पवन शाक्य कि-बोर्डमा, मुकेश नकर्मी गिटारिस्ट, रोहित बनमाली गायन र गिटारमा तथा दीपेश मुल्मी गायक र लिड गिटारिस्टका रूपमा सक्रिय छन् । सुरुमा संगीतप्रतिको रुचिका कारण ब्यान्ड स्थापना भए पनि अहिले यसैलाई आफ्नो पेसाका रूपमा लिएको ब्यान्डका गायक दिपेश बताउँछन् । ब्यान्ड स्थापना गरेको सोन्ह वर्षमा नेपालका विभिन्न ठाउँमा सयौं सांगीतिक कार्यक्रममा आफ्नो सहभागिता जनाइसकेको छ । एउटा सांगीतिक कार्यक्रमबाट ४० देखि ५० हजार रुपैयाँसम्मको पारिश्रमिक लिने गरेको ब्यान्डका गिटारिस्ट दीपेश बताउँछन् । ‘सबै सांगीतिक कर्यक्रमको पारिश्रमिक समान हुँदैन,’ दीपेश भन्छन्– ‘कार्यक्रमका आयोजक तथा प्रायोजक हेरेर थपघट भैरहन्छ ।’

यो ब्यान्डले श्रोतामाझ ल्याएको दोस्रो गीतिसंग्रह ‘कबवेभ’ को ‘मान्यो नि मान्यो नि’ गीतले श्रोतामाझ लोकप्रियता हासिल गरेको थियो । सांगीतिक कार्यक्रममा सहभागी हुँदा प्रायः यही गीत गाउने यो समूहले म्युजिक भिडियोबाट पनि उत्तिकै चर्चा पाएको थियो । ब्यान्डले हालसम्म छवटा गीतिसंग्रह सार्वजनिक गरिससकेको छ । कबवेभ ‘अञ्जान’, ‘कबवेभ’, ‘रोलिङ स्टिड’ , ‘मर्सिडिज बेञ्च’, ‘रक एन्ड रोल’ तथा ‘स्वीङ’ जस्ता गीतिसंग्रहपछि नयाँ गीतिसंग्रह श्रोँतामाझ ल्याउने तयारीमा लागेको गायक मुल्मी बताउँछन् । सहकर्मीहरूबीचको एकतालाई नै आफ्नो ब्यान्डको विशेषताका रूपमा लिने यो ब्यान्डले केही समयअघि देशव्यापी सांगीतिक कार्यक्रम सम्पन्न गरेको थियो । अहिले ब्यान्ड स्थापना गर्न सजिलो भएको बताउने गायक दीपेश पहिले आफूले ब्यान्ड स्थापना गर्दा निकै संघर्ष गर्नुपरेको कुरा स्मरण गर्छन् ।

## ● तालुमा आलु ●



## प्रकाश ओझा

एउटा शिशुले पहिलो पल्ट साँप देख्यो । उसले आफ्नो साथीसँग भन्यो- 'ओइ राजु, आज मैले कुकुरविनाको पुच्छर देखें ।'

०००

घर फर्कने क्रममा आधा रातमा कारको दुवै हेडलाइट बिग्रियो, धेरै अप्ठ्यारो थियो, पछाडि परबाट एउटा तिखो बत्ती भएको कार आइरहेको गरेको थाहा भयो, उनले त्यही कारको पछिपछि गएर बाटो पार गर्ने निर्णय गरे, कार क्रस भयो । उनी पनि पछिपछि लागे । केही क्षण यो क्रम जारी रह्यो, कार ठोक्कियो । महानुभाव रिसाउँदै झ्यालबाट टाउको निकालेर कराए- 'के हो ? गाडी रोक्ने बेलामा सिग्नल दिनुर्दैन ?'

आफ्नो गाडी ग्यारेजमा थन्क्याउँदा पनि मैले तँलाई सिग्नल दिनुपर्ने ?' अगाडिबाट आवाज आयो ।

०००

एक जना फटाहा नेताजी चुनावमा उठे । भोटको के स्थिति छ भनेर गाउँमा बुझ्न चम्चाहरूलाई पठाए । चम्चाहरू दिनभरि गाउँ डुले र बेलुकि आएर नेतालाई रिपोर्ट दिए- 'गाउँका ९५ प्रतिशतले तपाईंलाई भोट दिनेरहेछन्, पाँच प्रतिशतले चैं तपाईंलाई भोट नदिने रहेछन् तर आज हामीले गाउँमा जति जनालाई भेट्यौं सबै पाँच प्रतिशतभित्रका थिए ।'

०००

एउटा ज्योतिषिले एउटी युवतीको मृत्युको सही भविष्यवाणी गर्‍यो । युवती त्यहाँको सरदारकी प्रेमिका थिइ । सरदारले युवतीको मृत्युको जिम्मेवार ज्योतिषीलाई मान्यो र उसलाई मार्ने आदेश दियो । ज्योतिषिलाई रूखमा फाँसी दिन तयारी अवस्थामा झुन्ड्याइयो ।

सरदार अगाडि आएर भन्यो- 'तँ त्यति ठूलो भविष्यवक्ता होस् भने अब भन तेरो मृत्यु कहिले हुन्छ ?'

'सरदार, मेरो मृत्यु तपाईंको मृत्युभन्दा तीन दिनअघि हुन्छ ।' ज्योतिषिले भन्यो ।

त्यसपछि सरदारले आफ्नो ज्यानभन्दा पनि ज्योतिषिको ज्यान सुरक्षा गर्न थाल्यो ।

०००

मट्टीतेलको भाँडा बोकेर एक जना मानिस बाटोमा कुद्दै थियो । साथीले देख्यो ।

ओइ कहाँ कुदेको ?

बबरमहल हिँडेको मट्टितेल लिन,' कुद्नेले भन्यो । बबरमहलमा कहाँ मट्टितेल दिन्छ ? मट्टीतेल त यहाँ तीनकुनेमा दिँदैछ । तँ चार किलोमिटर टाढा किन कुदिराखेको ?'

'मट्टीतेलको लाइनमा उभिन, तीनकुनेको मट्टीतेलको लाइन बबरमहलदेखि छ ।'

### मेरो कुरो

ठिस कुमार भनेको त्यस्तो व्यक्ति हो जसले तपाईंलाई पहिले आधा चुट्किला सुनाउँछ, बीचमा रोकिन्छ, केही बेर आफै उफ्री-उफ्री हाँस्छ अनि बाँकी आधा चुट्किला बिर्सन्छ ।

## ● कविता ●

### अधुरो प्रेम



छाडी नै यदि जानुथ्यो भने झूठा कसम खाएथ्यौ किन
धोका नै मलाई दिनुथ्यो भने देखावटी माया लाएथ्यौ किन
बेहोसीमा तिमीले ममाथि गर्नु नगर्नु षड्यन्त्र गरिसकेछौ
यो सुन्दर फूलको रस चुसी तिमी त तृप्त बनिसकेछौ
प्रेमको कदर नै नगर्ने भए मसँग प्रीत लाएथ्यौ किन
सुनौलो महल नै चाहेको भए सानो झुपडी धाएथ्यौ किन
नारीसँग खेलवाड गर्ने महान् पुरुष बनिसक्यौ
आधुनिक संसारमा बोक्रे भलाद्मी तिमी कहली सक्यौ
छाडी नै यदि जानुथ्यो भने झूठा कसम खाएथ्यौ किन
धोका नै मलाई दिनुथ्यो भने देखावटी माया लाएथ्यौ किन ?

**– गायत्री कार्की**

### सम्झनामा घरिघरि

कति दुख्न आउँछौ तिमी, सम्झनामा घरीघरि
लाग्छ तिमी लुकामारी, खेल्छौ कतै वरिपरि
नजिक भए नडराऊ, बोल्दा हुन्छ मन्दमन्द
तिमी मेरी म त तिम्रो, भयौ सानु सरिबरि
डराउनु केलाई छ र, साँचो-माया गर्नेदेखि
भनेकै छु जीवन दिन्छु, तिमीलाई मेरी परी
विश्वासमा सबै कुरा, गर्छु सानु तिमीसँग
फेरि कतै हुनुहुन्न, इच्छुकभित्र मनपरि ।

**–भूमिराज इच्छुक**

### काँडामाथिको जीवन

सयौंचोटि रुनुपर्ने एकपलको हाँसोलाई
हाँसीहाँसी बेर्नुपर्ने जिन्दगीको पासोलाई
दुःखाउन आउँछन् कति जिन्दगीमा हुरीहरू
नदेख्ने गरी छिर्दा रै'छन् वेदनाका हुरीहरू
गोरेटोसँगै पाइलाहरू भीरमा पनि पुग्दा रै'छन्
भरोसाको दियो तर सागरमा पनि सुक्दो रै'छ
फूलझैं मुस्कुराउने नाता आज चुडी गयो
जीवनका रंगहरू भुवासरी उडी गए
वरिपरि फूल हेरी हिँड्नुपर्ने काँडामाथि
आज झुल्क्यो भोलि पुग्ने जिन्दगी यो डाँडामाथि
थोरै थोरै रुँदारुँदै आत्मा मेरो रित्तो भयो
जबसम्म मुटु चल्छ दैव यो ढुकढुकी धितो भयो ।

**– विष्णुराज उप्रेती**

### त्यस्तो नभन

भेट्न मैले बोलाउँदा आइनँ नभन
तिमीसँग चोखो माया लाइनँ नभन
तिम्रा बारेमा आजभोलि कुन्नी के सुन्छु अचेल
तिमीबाहेक अन्त कतै धाइनँ नभन
मनको चाह नलुकाऊ है, सबै भने हुन्छ आज
मैले कहिल्यै प्रीतको गीत गाइनँ नभन
अस्ति मात्रै तिमी र म, दुवै मन्दिर गा'को होइन ?
सँगै मर्ने, बाँच्ने कसम, खाइनँ नभन
अन्तै तिम्रो चाह भए, केहि भन्नु छैन मेरो
मैले कतै शुभचिन्तक, पाइनँ नभन ।

**–बद्री शिवाकोटी**

### मौनता



मर्नेहरूका लागि
एक लास हो मौनता
अल्छीहरूका लागि
एक नाश हो मौनता
शान्ति खोज्नेहरूका लागि
एक बास हो मौनता
तुफानपछिको
एक आभास हो मौनता ।

**– पूजा बराल**

### आश हुन्छ जीवन

मरेपछि यो संसारमा लास हुन्छ जीवन
बाँचुन्जेल जिउनलाई आश हुन्छ जीवन
यो मनको कुना भरी हुन्छ अनेक रहर
कोही पिउँछन् नशा, कोही पिउँछन् जहर
सम्झी ल्याउँदा ओइलिने घाँस हुन्छ जीवन
बाँचुन्जेल जिउनलाई आश हुन्छ जीवन
कहिले माया-प्रेम बग्छ कहिले जाग्छ घृणा
कहिले लाग्छ भोको यहाँ कहिले लाग्छ तृष्णा
जुवाडेलाई कौडा अनि तास हुन्छ जीवन
बाँचुन्जेल जिउनलाई आश हुन्छ जीवन ।

**–रेशमकुमार सुनुवार**



## ● लघु कथा ●

### वियोग

मदन आउने प्रतीक्षामा मुनाले हजारौं रात बिताएजस्तै करुणाले पनि कृष्ण आउने प्रतीक्षामा धेरै रात एक्लै बिताइन् । दिन बित्यो, साता बित्यो, महिना, वर्ष बित्यो । न त कृष्णको खबर आउँछ, न कृष्ण नै । दिन बित्दै जान्छन्, एक दिन करुणा माइती गएकी हुन्छिन् । घरमा कृष्णको खबर आउँछ, कृष्ण बिरामी छ ! अब दुई-चार दिनमा घर फर्कंदै छ रे ! नारीका लागि सबैभन्दा ठूलो सम्पत्ति उसको श्रीमान् हो भन्छन् । श्रीमान् आउने खबरले करुणा धेरै खुसी हुन्छिन् । सबैजना कृष्णको प्रतीक्षामा हुन्छन् । रातको १२ बजेको हुन्छ । ट्याक्सी आँगनमा आएर रोकिन्छ । करुणा साह्रै खुसी हुन्छिन् । करुणाको मुहारमा खुसी र लाजका मिश्रित तरङ्गहरू एकैसाथ तँछाड-मछाड गर्दै दौडिरहेका हुन्छन् । करुणा दगुर्दै आफ्नो कोठामा पस्छिन् । केही समयपछि कृष्णको लास ट्याक्सीबाट निकालेर आँगनमा सुताइन्छ । कृष्ण आफ्नो कोठामा आउने प्रतीक्षामा हुन्छिन् करुणा । एकाएक बाहिर ठूलो स्वरमा कोही रोएको आवाज आउँछ । करुणा दगुर्दै बाहिर निस्कन्छिन्, करुणाको आँखा कृष्णको लासमाथि पर्छ । करुणा केही बोल्न सक्दिनन्, उनी बेहोस भएर भुइँमा लड्छिन् ।

**–बालकृष्ण भट्टराई**

# अनिदो र रक्सीको असर : ड्राइभरहरूमा प्यारालाइसिस

बुटवल- बुटवल नगरपालिकाका लालकाजी गुरुङ हिजोआज राम्रोसँग हिँडडुल गर्न सक्दैनन् । ४३ वर्षीय गुरुङलाई घरबाट भित्र-बाहिर गर्नसमेत अरूको सहारा चाहिन्छ । लालकाजी कुनै बेला मानिसले टनाटन भरिएको बस मेचीदेखि महाकालीसम्म गुडाउँथे । बस चलाउँदै, गीत-सङ्गीतमा रमाउँदै पहाडका भीरदेखि तराईका समथर फाँट छिचोल्नु उनको दिनचर्या थियो । शरीरमा तागत रहेसम्म ड्राइभर बनिरहने योजना थियो उनको, तर अहिले लालकाजीलाई देख्दा उनको विगत पत्याउन गाह्रो पर्छ । उनी अहिले पक्षाघातले थलिएर अपाङ्ग बनेका छन् । २१ वर्षसम्म बस चलाएका चलाएका आफ्नो अवस्था हेरेर आफै विलौना गर्दै भन्छन्– 'मेरो सपना आधा जीवनमै तुहियो ।'

गाडीचालकहरू थकाइ मेट्न र कहिलेकाहीँ यात्राकै दौरान निद्रा भगाउन मदिरा सेवन गर्छन् । लालकाजीले पनि मदिरालाई यात्राको साथी बनाए । भनिन्छ- चालकको जिन्दगी, न खाना न सुत्नकै टुङ्गो हुन्छ । गाडी चलाउँदाको थकाइको त झन् के कुरा । त्यसमाथि रक्सीलाई साथी बनाएपछि शरीरले कहाँबाट धानोस् ? एक वर्ष होइन, दुई वर्ष होइन, वर्षौंसम्म रक्सीको सहारा लिएपछि उनको शरीर थलिँदै गयो । अवस्था यो हदसम्म पुग्यो कि बिस्तारै उनका हातखुट्टा चल्न छाडे । अस्पताल भर्ना भएपछि चिकित्सकले दिएको रिपोर्ट सुनाउँदै गुरुङ भन्छन्, 'मलाई त प्यारालाइसिस भएछ, बेलैमा होस नपुर्‍याउँदा जिन्दगी बर्बाद भयो ।'

उनलाई यो अवस्थामा पुगिएला भन्ने पूर्वानुमान थिएन । अहिले पछुताइरहेका गुरुङ पहिल्यै थाहा पाएको भए यस्तो बिजोगमा बाँच्नु नपर्ने गुनासो गर्छन् । गुरुङ भन्छन्- 'यस्तो हुन्छ भनेर कसैले सिकाएन । पहिल्यै थाहा भएको भए रक्सी छुन्नथें, अरू लापरबाही पनि गर्ने थिइनँ ।'

लालकाजी त एउटा उदाहरण मात्र हुन् । यसरी नै थलिएका गाडीचालकको सूची लामो छ । यातायात मजदुर भलाइ कोष रूपन्देहीका अनुसार यो क्षेत्रमा मात्र थुप्रै गाडीचालक प्यारालाइसिस भएर थलिएका छन् । तथ्याङ्क यकिन नभए पनि कोषको सम्पर्कमा आएका बुटवल र आसपासका २० जना गाडीचालकलाई प्यारालाइसिस भैसकेको छ । उनीहरूमध्ये धेरै ३० देखि ४५ वर्ष उमेरका छन् । धेरैजसो गाडी चलाउन सुरु गरेको १२-१४ वर्षमै र कतिपय २८ वर्षपछि यो अवस्थामा पुगेको पाइएको छ ।

चिकित्सकहरूका अनुसार अनिदो बस्ने र बढी रक्सी सेवन गर्ने गाडीचालकमा सुरुमा हात, खुट्टा, कम्मर, घाँटी, ढाड दुख्ने लक्षण देखा पर्छ र बिस्तारै शरीरका ती भाग कमजोर हुँदै जान्छन् । त्यति हुँदा पनि गाडी चलाइरहने र अनिदो बस्ने



तथा रक्सी पिउने बानी नछाडे पक्षघात हुनसक्छ । यस्ता बिरामीको उपचार गर्दै आएका नशा रोग विशेषज्ञ डा. किशोर खत्री भन्छन्, 'बेलैमा विचार पुर्‍याइएन भने सिङ्गो शरीर नै नचल्ने अवस्थामा पुग्छ ।'

राजमार्गमा चालक र यात्रुका लागि थुप्रै होटल खुलेका हुन्छन् । त्यहाँ खानामा, चिल्लो धेरै हालेको मसलेदार मासु, तरकारी र अमिलो अचार बढी पाइन्छ । तिनै ठाउँमा नियमित भोजन गर्ने चालकका लागि खानासँगै रक्सी पनि नियमितजस्तै हुन्छ । गाडी चलाउँदा सुत्ने र आराम गर्ने समयको टुङ्गो नहुने हुँदा जबर्जस्ती काममा टिकिरहन उनीहरू यस्तै खाने-पिउने कुरामा अभ्यस्त हुन्छन् तर त्यही खाना उनीहरूका लागि विष बनिरहेको पत्तै हुँदैन । डा. खत्री भन्छन्– '१२ देखि १४ वर्ष काम गरेपछि चालकहरूमा यो समस्या देखिने गरेको छ । यसबीच उनीहरू रक्सीका अम्मली बनिसकेका हुन्छन् र उनीहरूलाई प्यारालाइसिस भैसकेको हुन्छ ।'

बढीजसो बस ड्राइभर यो जोखिममा हुन्छन् । त्यसको कारण हो- बसमा बढी कम्पन हुनु र धेरै पुरानो हुँदासम्म पनि बस सञ्चालनमा रहनु । यातायात मजदुर भलाइ कोषका अध्यक्ष कुमार थापा धेरैजसो बसचालकमा कम्मर, घाँटी लुलो हुने, हातखुट्टा नचल्ने, कतिपयको कम्मरभन्दा मुनिको भाग पनि नचल्नेजस्ता समस्या देखिने गरेको बताउँछन् । थापाका अनुसार यस्तो भएर अस्पताल लगेपछि उनीहरूमा प्यारालाइसिस भएको थाहा हुन्छ । कोषमा नाम दर्ता नभएका अन्य थुप्रै चालकमा पनि यो समस्या हुनसक्ने उनको आशंका छ, तर बुटवलका कुनै पनि अस्पतालमा गाडी चलाएकै कारण प्यारालाइसिस भएका बिरामी चालकको विवरण भेटिँदैन ।

लगातारको लामो यात्रामा कम्पन मात्र खेप्नुपर्ने भएकाले चालकलाई व्यायामको आवश्यकता पर्छ, तर धेरैजसो चालक व्यायाम गर्दैनन् । होहल्लामा बसेर सीधा अगाडि हेर्दा टाउको, सीधा बसिरहँदा ढाड र लामो समयसम्म गाडीको कम्पनमा रहँदा कम्मर तथा खुट्टामा असर पर्छ । त्यसमाथि अनिँदो, चिन्ता, चिल्लो खाना र मदिरापानले रक्तचाप बढाउँछ । डा. खत्रीका अनुसार रक्तचापको समयमा उपचार नगर्दा पनि स्टोक (दिमागमा रगतको नशा फुट्ने) हुने र त्यसपछि प्यारालाइसिस हुन्छ ।

यातायात स्वतन्त्र मजदुर संगठन रूपन्देहीले आफ्नो संगठनमा आबद्ध यस्ता चालकलाई ३ हजार रुपैयाँको सामान्य सहयोग दिने गरेको छ । संगठनमा आबद्ध १२ जना त्यस्ता चालकले सहयोग पाएको संगठनका सचिव हरि कार्की बताउँछन् । यातायात मजदुर भलाइ कोषले उनीहरूलाई मासिक १ हजार रुपैयाँ सहयोग गर्छ । कोषका अध्यक्ष थापा भन्छन्– 'यो पैसाले उनीहरूलाई महिनाभरि औषधी किन्न पनि पुग्दैन, तैपनि केही नहुनुभन्दा यतिसम्म भए पनि सहयोग गरेका छौं ।'

प्यारालाइसिसबाटै थलिएका बुटवल दीपनगरका ड्राइभर गुप्तबहादुर केसीको सुझाव छ, 'सरकार, गैरसरकारी संस्था, यातायात संघ-संगठन एवं मजदुर संघले गाडी चलाउनुपूर्व ड्राइभरहरूलाई परामर्श दिए धेरै ड्राइभर प्यारालाइसिस हुनबाट जोगिने थिए ।' केसी भन्छन्– 'कति समय गाडी चलाउने, कति आराम गर्ने, के खाने, के नखानेजस्ता परामर्श दिए हाम्रोजस्तो बिजोग अरूले भोग्नुपर्दैनथ्यो ।'

**सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह**



# विवाहमा क्रमभंगता

वैदिक विधिअनुरूप विवाह गर्ने हो भने पनि विवाहको लगन चालु नै छ। नत्र आजभोलिको विवाहका लागि केहीले छेक्दैन, केवल केटाकेटीको मञ्जुरी भए पुग्छ। न लगन न त साइत, न चिना जुराउनुपर्ने आवश्यकता। त्यसैले त भन्नेहरूले बाटो खुला राखिदिएका छन्- मियाँ-बिबी राजी तो क्या करेगा काजी। काजीले मात्र होइन, दुईजनाको सहमति भएपछि कसैले पनि केही गर्न सक्दैन। त्यसमा पनि नयाँ नेपालमा नयाँ जीवनशैली र पद्धति अपनाउने होडमा नयाँ-नयाँ खालका विवाह पद्धति देखिन थालेका छन्। जे कुरामा पनि नयाँ काम गरेर रेकर्ड देखाउने चलनकै निरन्तरता भन्ने कि विवाह गर्ने परम्परामा क्रमभंगता, जे भने पनि त्यही गरेका छन् दमक, मंगलदीप मार्केटका सुवासचन्द्र भट्टराई र अर्चना दाहालले। हो, यी दुईजनाले नेपाली समाजमा कल्पना नै नगरिएको तरिकाले विवाह गरे, राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन गरेर। वैवाहिक कार्यक्रमको जानकारी भनेर हालै एक राष्ट्रिय दैनिक पत्रिकामा रंगीन विज्ञापन दिएर सुवास र अर्चनाले आफूहरूले विवाह गरेको सार्वजनिक गरेका थिए। दसैंको आसपासमा भएको भनिएको शोभराज–निहिता विवाह होस् वा केही समयअघि सगरमाथाको चुचुरोमा भएको विवाह नै किन नहोस्, नयाँ नेपालमा नयाँ शैलीका विवाह पद्धतिहरू फस्टाइरहेका छन्।

यता विवाह दर्ता ऐन-२०२८ अन्तर्गत विवाह हुन सक्ने अवस्थामा पुरुष वा महिलामध्ये कसैको पति वा पत्नी नभएमा, पुरुष वा महिलामध्ये कोही बहुलाएको नभए अनि पुरुष र महिला दुवैको उमेर बीस वर्ष पूरा भएको उल्लेख छ। तेस्रो प्रावधान लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन-२०६३ द्वारा संशोधन भएपछि ल्याइएको हो। यहाँसम्म कि विवाह दर्ता ऐन अन्तर्गत बनेको नियममा तोकिएको कार्यविधि पालन नगरी विवाह गराए वा विवाह दर्ता गरे विवाह दर्ता गर्ने अधिकारीलाई ६ महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्छ। यसैगरी विवाह नभए पनि विवाह भएको हो भनी वा अन्य कुनै किसिमको झूठा व्यहोरा जानीजानी उद्घोष गर्ने वा लेखिदिने व्यक्तिलाई वा त्यस्तोमा सही छाप गरिदिने साक्षीलाई तीन महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्छ।

हिन्दू समाजमा विवाह संस्कारलाई विशेष महत्त्व प्रदान गरिएको छ। हिन्दूहरूले विवाहलाई शारीरिक वासना तृप्तिको साधन अथवा करार रूपमा मान्दैन, बरु यसलाई धार्मिक अनुष्ठान मान्छ। शरीरमा हुने वंशानुगत दोषहरूबाट शुद्ध गर्ने दस संस्कारमध्ये विवाह सर्वोत्तम संस्कार हो। त्यसैले विवाहलाई धार्मिक आवश्यकता मानिन्छ, भौतिक वासनाको साधन मानिँदैन। ऋग्वेदका अनुसार विवाहको उद्देश्य गृहस्थी भई देवताका लागि यज्ञ गर्नु र सन्तानोत्पति गर्नु हो। मनुले धर्म, सम्पत्ति, प्रजा तथा रती यी चार कुरामा विवाहको प्रमुख उद्देश्य रहेको बताएका छन्।

शास्त्र अनुसार विवाह आठ प्रकारका छन्। ब्राह्म विवाह (ब्राह्मणले गर्ने विवाह), दैव विवाह (देव कार्यमा गरिने विवाह), आर्ष विवाह (ऋषिहरूले गर्ने विवाह), प्राजापत्य विवाह (प्रजापतिसम्बन्धी विवाह), गान्धर्व विवाह (अहिलेको प्रेम विवाह), आसुर विवाह (तल्लो दर्जाका मानिसले परस्परमा सट्टापट्टा गरी गर्ने विवाह), राक्षस विवाह (बलजफ्ती र कामवासना पूर्ति गर्न गरिने विवाह) र पैशाच विवाह (निद्रावस्थामा अचेत भएकी कन्यालाई छलकपट गरी भित्र पसी कुमारित्व भंग गरी कामवासना पूर्ति गर्ने खालको विवाह) मध्ये शास्त्रले अघिल्ला चार वटालाई क्रमैले सर्वोत्तम, उत्तम, मध्यमोत्तम र मध्यम मानेको छ भने बाँकी चारवटालाई निन्दित विवाह मानेको छ। हिन्दू धर्मले नजिकको नातामा विवाह सम्बन्ध कायम गर्दा कतिपय गुप्तदोष उत्पन्न हुने र गुप्त प्रेम सम्बन्धको गुञ्जाइसले समाजमा अनैतिकता बढ्ने हुँदा त्यसो हुन नदिन सपिण्ड विवाहमा प्रतिबन्ध लगाएको देखिन्छ। विवाह भएपछि हिन्दू नागरिक गृहस्थाश्रममा प्रवेश गर्छ भने महिला पिता वा अन्य अभिभावकको संरक्षणबाट मुक्त हुन्छे।

**–कविता पराजुली**



# हनिमुन चेकलिस्ट

हनिमुन हरेक विवाहित जोडीको सपना हो। यो सपनालाई स-साना कुराले पनि बाधा नपुर्‍याओस् भनेर विचार गर्नुपर्छ। यसका लागि निम्न कुरामा ध्यान पुर्‍याउनुपर्छ।

-ट्रेन, हवाईजहाज, बस आदिको टु वे टिकट बुक गर्ने मात्र होइन, किनेरै राख्नुपर्छ। त्यसबाहेक होटल बुकिङको रसिद, दुवैजनाको आई-कार्ड, लाइसेन्स, डेबिट कार्ड/क्रेडिट कार्ड/क्यास/पासपोर्ट, भिसा आदिलाई सुरक्षित राख्नुपर्छ। धेरै कपडाको साटो क्याजुएल ड्रेसलाई प्राथमिकता दिनुपर्छ। टि-सर्ट, जिन्स, नाइटी, अन्डर गार्मेन्टस एवं स्वीम सुटलाई प्राथमिकता दिनुपर्छ।

-आवश्यकताअनुसार क्यामेराको ब्याट्री बोक्नुपर्छ। आवश्यकताभन्दा बढी क्यास बोक्नुहुँदैन। हिँजोआज एटीएमको सुविधा भएकाले त्यसको प्रयोग गर्नुपर्छ। अध्ययन वा गीत-संगीतप्रति रुचि छ भने रोमान्टिक पुस्तक, गीतका सिडी, डिस्कम्यान वा आइपड साथमा राख्नुपर्छ।

-स-साना कुराले अप्ठ्यारो नपारोस् भन्ने हिसाबले सतर्कता अपनाउनुपर्छ। विशेषगरी रुघाखोकी, ज्वरो, फस्टएड, डायरिया रोक्ने औषधि तथा सौन्दर्य प्रसाधनको पनि जोहो गर्नुपर्छ।

-क्यालकुलेटर तथा पेन पनि साथमा राख्नु उचित हुन्छ। आफ्नो मोबाइल, चार्जर पनि साथमा राख्नु राम्रो हुन्छ। नजिकका मित्र तथा परिवारजनलाई आफ्नो कार्यक्रम, आफू बस्ने होटलको लोकेसन र नम्बर छोड्नुपर्छ। यसो गर्दा कुनै समस्या परे उनीहरूले सम्पर्क गर्न सक्छन्।

-होटलमा पुगेपछि पलङको साइज र स्थितिका सम्बन्धमा राम्रोसँग बुझ्नुपर्छ। बाथरुमको सरसफाइ, त्यहाँ उपलब्ध चिसो वा तातो पानीको सुविधा आदिका बारेमा चेक गर्नुपर्छ। कोठामा टेलिभिजन, एसी सुविधा, पंखा वा लाइट सबै चालु अवस्थामा छन्-छैनन् जाँच गर्नुपर्छ।

कोठाको सुरक्षा, आपत्कालीन एक्जिट सुविधाका बारेमा पनि बुझ्नुपर्छ। यसका अतिरिक्त फेस टावल, बाथ टावल, हेयर ड्रायर, आइरन आदि आवश्यक परे हाउस किपिङलाई सूचित गर्नु राम्रो हुन्छ। बहुमूल्य सरसामानका साथै अधिक क्यास र गरगहनाका लागि होटलबाट सेफ्टी डिपोजिट लकर वा बक्सको सुविधाका बारेमा बुझ्नुपर्छ।


**–रोजिन शाक्य**

## ● पारिवारिक स्वास्थ्य ●

'तन, मन दुवै स्वस्थ राख्न हरेक दिन कुनै एक व्यायाम गर्नु आवश्यक छ', प्रायः बिरामीलाई चिकित्सकले यस्तै सल्लाह दिन्छन् तर बिरामीहरू यसलाई गम्भीर रूपमा लिँदैनन्। भागदौड तथा तनावयुक्त जीवनशैलीमा उनीहरू यति व्यस्त हुन्छन् कि व्यायामका लागि चाहेर पनि समय निकाल्न पाउँदैनन्। मानिसहरू भन्छन्– हामी हरेक दिन हिँडिरहेका हुन्छौं त्यसबाट व्यायाम हुन्छ तर चिकित्सकहरू यस विषयमा फरक मत राख्छन्।

सहारा केयर होम, महाराजगन्जका फिजियोथेरापिस्ट डा. हरि लम्साल भन्छन्- 'दिनहुँ हिँड्दा कुनै एक्सरसाइज हुन्छ भन्नु गलत धारणा हो।' यसबाट हाम्रा मांसपेशीले काम त गर्छन् तर उचित तरिकाले होइन। दिनहुँ हिँडेपछि कहिलेकाहीँ कम्मर दुख्छ। यसको अर्थ हाम्रो शरीरको हरेक मांसपेशीले त्यति हिसाबले चल्दैन जुन हिसाबले चल्नु पर्थ्यो भन्ने हो। त्यसैले एक्सरसाइज गर्नु निकै आवश्यक छ। फिजियोथेरापीमा यस्तै प्रकारले व्यायामको माध्यबाट उपचार गरिन्छ। सबै रोग औषधी सेवनले मात्र निको हुँदैन। औषधीका साथमा फिजियोथेरापी अनिवार्य हुन्छ। कतिपय रोग बिना औषधी फिजियोथेरापीले मात्र निको हुन सक्छन्।

डा. लम्सालका अनुसार एक्सरसाइजसँग जोडिएको उपचार विधि नै फिजियोथेरापी हो। शारीरिक दुर्बल व्यक्तिलाई सबल बनाउन, निश्चित तथा सम्भाव्य पेसाका निम्ति सक्षम बनाउन, रूप बिग्रिएका अंगहरूलाई सुधार गरी कार्यक्षमतामा बढाउन, शरीरमा रक्तसञ्चार नियमित राख्न, मुटु तथा फोक्सोको कार्यक्षमतामा वृद्धि ल्याउन, हाड-जोर्नी तथा मांसपेशी एवं स्नायुसम्बन्धी पीडा कम गर्न, पक्षघातसँगै विभिन्न प्रकारका प्यारालाइसिसको उपचारमा आधुनिक चिकित्सा पद्धतिले फिजियोथेरापी सेवालाई अनिवार्य मानेको छ। कतिपय मानिसमा के गलत धारणा छ भने यो उपचार पद्धति कुनै-कुनै बिरामीको उपचारका लागि मात्र प्रयोग हुन्छ जबकि फिजियोथेरापी हरेक प्रकारका बिरामीका लागि लाभदायक हुन्छ। उदाहरणका लागि कहिलेकाहीँ ब्रेस्ट क्यान्सरका कारणले महिलाहरूको एउटा स्तन निकालिन्छ। महिलाहरू स्तन निकालेकोपट्टि हात राखेर बस्छन् तर जब हात हटाउनुपर्छ तब



उनीहरूलाई निकै दिक्क लाग्छ। त्यसैले अपरेसनपछि नै उनीहरूले फिजियोथेरापिष्टकहाँ जानुपर्छ।

**उपचार प्रक्रिया**

फिजियोथेरापी तीन प्रकारले गर्न सकिन्छ। ती हुन्- एक्टिव मुभमेन्ट, पेसिव मुभमेन्ट र काटुनियस पेसिव मुभमेन्ट। कतिपय स्थितिमा बिरामीहरू अपरेसनपछि वा शरीरको कुनै भागमा पीडा भएपछि सुरुसुरुमा खाटबाट उठ्न पनि सक्दैनन्। पेसिव मुभमेन्टमार्फत् त्यसलाई केही समय हिट गरेर एक्सरसाइज गराइन्छ। काटुनियस पेसिव मुभमेन्टमा बिरामीलाई लगातार कयौंप्रकारको उपचार दिइन्छ। एक्टिव मुभमेन्ट ती बिरामीलाई दिइन्छ जो आफैं एक्सरसाइज गर्न सक्छन्।

डा. लम्सालका अनुसार 'हामी मुभमेन्टमा हातले उपचार गर्छौं तर कैयौं अवस्थामा भौतिक साधन पनि प्रयोग गरिन्छ। जस्तै- आइसथेरापी, अल्ट्रासाउन्ड, अल्ट्राबाइट, माइक्रोबेस आदि। कतिपय अवस्थामा पेसिव मुभमेन्ट गर्दागर्दै बिरामीलाई यति पीडा हुन्छ कि उनीहरू हामीहरूलाई हात पनि लगाउन दिँदैनन्। त्यसैले हामी उनीहरूलाई एउटा औषधी लेखिदिन्छौं, जसले गर्दा उनीहरूलाई अलिकति आराम मिलोस्। औषधी अवश्य दिइन्छ तर औषधीमार्फत् आराम पाउन निकै गाह्रो हुन्छ। त्यसैले त्यसपछि हामी आफ्नो उपचार सुरु गर्छौं।

**फिजियोथेरापीको महत्त्व**

फिजियोथेरापी र योगमा के भिन्नता छ? भन्ने प्रश्नमा डा. लम्साल भन्छन्- 'फिजियोथेरापीको मुख्य उद्देश्य मांसपेशीको शक्ति बढाएर हड्डीलाई सहारा दिनु हो। योग गराउने मानिसहरू एउटै कुरालाई महत्त्व दिन्छन्– यसलाई सबै उमेरका व्यक्तिले गर्न सक्छन् तर फिजियोथेरापीको मान्यता के छ भने हरेक व्यक्तिमा आफ्नै समस्या हुन्छ, त्यसैले हामी पहिले बिरामीको एक्जामिन गर्छौं, फेरि त्यस हिसाबले एक्सरसाइजबाट ट्रिटमेन्ट दिन्छौं। योगमार्फत् शरीरले शक्ति पाउँछ, तर त्यसलाई यथावत् राख्न फिजियोथेरापी एकदमै आवश्यक हुन्छ। फिजियोथेरापीले स्ट्रेन्थसँगै स्टेमिना पनि दिन्छ। नेपालको सन्दर्भमा विगतमा चलेको सशस्त्र द्वन्द्वका कारण करिव एक लाख पचास हजारभन्दा बढी मानिस विभिन्न खालका शारीरिक अपांग जीवन बिताउन बाध्य भैरहेको एक अध्ययनले देखाएको छ। शारीरिक सक्षमताका लागि ती सबैलाई फिजियोथेरापी सेवा अनिवार्य छ।'

**फिजियोथेरापीको फाइदा**

फिजियोथेरापीको माध्यमबाट स्वास्थ्य सेवा क्षेत्रमा गरिने तीनवटै सेवा (प्रिभेन्टिभ, क्युरेटिभ र रिहाविलिटेसन) प्रदान गरिन्छ। चोटपटक लागेर वा जन्मदै बांगोटिंगो भएको शारीरिक अंगलाई सीधा बनाउने वा काम गर्न सक्षम बनाउने, मांसपेशी कमजोर भएकाहरूमा शारीरिक बल बढाइदिने, विभिन्न प्रकारको प्यारालाइसिस, हाडजोर्नी तथा नशासम्बन्धी रोगहरू, गर्भवती महिलाको स्वास्थ्य र सुरक्षित डेलिभरी, विभिन्न प्रकारको छाला रोग, मुटु एवं फोक्सोका बिरामीमा फिजियोथेरापी अनिवार्य छ भन्ने कुराको ज्ञान सर्वसाधारणमा मात्र होइन बहुसंख्यक चिकित्सकमा समेत भएको पाइँदैन। यसैको माध्यमबाट वजन पनि कम गर्न सकिन्छ। यसमार्फत् शरीरको मांसपेशीको विकास हुन्छ जुन नयाँ ढंगले आफ्नो काममा जुट्न सक्छ।

यो विधिबाट उपचार गर्दा औषधी सेवन गराइँदैन वा अत्यन्त कम औषधी प्रयोग गरिन्छ। योगलाई समेत परिस्कृत गरी उपचारात्मक व्यायामका रूपमा प्रयोग गरिन्छ। यो उपचार पद्धतिको आकर्षक पक्ष अन्य औषधीहरूले जस्तो साइड इफेक्ट नगर्नु पनि हो।

**– संगीता कटुवाल**

# यो संसार कस्तो छ ?

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पुरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
२. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
३. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
४. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
५. नेपालको राजनैतिक हिरो को हो ? किन ?
६. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
७. सबैभन्दा ठूलो धर्म के हो ?
८. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
९. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
१०. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन?

अचम्मको छ। कहिले पञ्चायत, कहिले बहुदल, कहिले लोकतन्त्र, त कहिले गणतन्त्र।

**प्रेमकान्छा मगर, पाल्पा**

तपाईं अन्धो हुनुहुन्छ र सम्पादकज्यू। अरूसँग यस्तो प्रश्न सोधेर हैरान पार्ने।

**राई रमेश 'गाउँले', दोहा, कतार**

क्षणिक मनोरञ्जनात्मक र प्रायःजसो दुःखैदुःखले भरिएको छ।

**ईश्वरबम मल्ल** (२०)

एकपटक पूरै संसार घुमौंला अनि तपाईंलाई खुसुक्क भनौंला है, अहिलेचाहिँ नभनौं।

**रोहन पौडेल**

हेर्न भ्या'को छैन।

**जयराम कोइराला, धरान**

खै सम्पादकज्यू, यो संसार घुम्न त भ्याएको छैन तर मेरो विचारमा मजस्तै अन्धकारमा रुमल्लिरहेको छ होला।

**भरत आले** (२२), **प्रवासी**

सम्पादकज्यू, संसार त विचित्रको छ। कसैको संसार चारैतिर कालो, कसैको संसार चारैतिर उज्यालो।

**रेशम फगामी**

ओहो ! सपनाजस्तो छ। जहाँ सिङ्गो मानवजगत् शून्यतामा छामछुम गरिरहेको छ।

resham_sunuwar@yahoo.com

नेपाल त राम्रोसँग नघुमेको मान्छेसँग संसार कस्तो छ भन्ने प्रश्न सोध्ने। कस्तो छ कस्तो। हराभरा, रमाइलोका साथै फोहोर पनि। बरु यो प्रश्न संसारसँगै सोधे कसो होला।

**प्रकाश शर्मा**, (१७), **बाग्लुङ**

विचित्रको छ। जस्तो सम्झ्यो त्यस्तै। मेरो पूर्ण शरीर जस्तै छ। कहीं मासु, कही हाड, कही रक्तछाल त कही प्राणवायु यस्तै-यस्तै।

**चन्द्रकुमार थामी, सिन्धुली**

यो संसार विचित्रको छ। कोही प्रेमविवाह गरेर पनि श्रीमतीले दाइजो ल्याइन भनेर कुटपिट गर्छन्, कोही प्रेमविवाह गरी छोडपत्र गर्छन् अनि भएन त विचित्र।

**असीमबाबु श्रेष्ठ** (२२), **काठमाडौं**

फूलको आँखामा फूलै संसार काँडाको आँखामा काँडै संसार होइन र सम्पादकज्यू।

**कल्पना रायमाझी, विराटनगर**

संसार सबैथोक हुनेका लागि वैकुण्ठ, मध्यमका लागि इन्द्रलोक, केही नहुनेका लागि नर्क तर मेरा लागि महाहर्क।

**रुद्रप्रसाद दाहाल, मैनापोखरी**

मलाई पनि थाहा छैन, जिसस क्राइस्टसँग फोन गरेर सोधौंला, अहिले त नेटवर्कको प्रोब्लम छ।

**नीरज अर्याल** (१९), **बुटवल**

संसारको कुरा नगर है सम्पादकज्यू, म त घरबाट अर्को जिल्लासम्म पनि गएको छैन। मलाई त थाहा छैन तर भूगोल सरले भन्नुभएको– यो संसार गोलो छ।

**नरेन्द्र बोहरा, बझाङ**

यो संसार भन्नाले कस्तो संसार भन्न खोजेको। मायाको संसारमा धोका छ, गरिबजति भोका छन्।

**उज्जलकुमार बोहरा, बझाङ**

राम्रो छ, किनभने अहिलको संसार नयाँ प्रविधिको छ।

**सोनिसा शर्मा, रसुवा**

सम्पादकज्यू, तपाईंको गिदी ठिस भयो कि क्या हो ? देख्नुहुन्न यस्तै छ, वाहियात।

**रमेश खड्का** (२७), **झापा**

यो संसार तपाईंहरूजस्तो मूर्खले प्रश्न सोध्ने अनि हामीजस्ता महामूर्खले दिएको जस्तो उत्तर दिने पाठकहरूले भरिएको छ। चित्त दुखाइ छैन त।

**भुवनकुमार चौलागाई, सर्लाही**

सुन्तला आकार जस्तो छ नि, अरू कस्तो हुनु ? बढ्दो प्रदूषण, अव्यवस्थित सहरीकरण, हरेक देशको आन्तरिक द्वन्द्व। सबै एकै ठाउँमा मिसिएर हाम्रो सुन्तले आकारको संसार कुहिएर कहिले झर्ने हो थाहा छैन।

**अनुप, भीमढुंगा**

सुखीहरूका लागि स्वर्ग, दुःखीहरूका लागि नर्कसमान छ।

**संदीप निरौला**

विचित्रको छ। जसले राम्रो गर्न खोज्छ उसको त भ्यालु नै हुँदैन।

**सरु शर्मा, कालिकास्थान**

पृथ्वी गोलो भएपछि संसार पनि त गोलो होला नि सम्पादकज्यू।

**शान्ति श्रेष्ठ, मध्यपुर ठिमी**

यो संसार स्वार्थी छ, आफ्नो स्वार्थका लागि मर्न-मार्नसमेत कोही पछाडि हट्दैनन्।

**टीका अर्याल, स्याङ्जा**

अनगिन्ती भ्रष्टाचार र अराजकताले टनाटन भरिएको छ।

**सिजन श्रेष्ठ, संखुवासभा**

असाध्यै राम्रो भए पनि के गर्ने। लोडसेडिङ र बन्द रोकिंदैनन्, सानो होइन ठूलै छ संसार त।

**देवराज**

यो संसार धन हुनेलाई रमाइलो छ, धन नहुनेलाई धिक्कार छ। हैसियत हुनेलाई न्याय छ, नहुनेलाई अन्याय छ।

**गोपाल सुब्बा** (१८)

पृथ्वी गोलो, विश्व अनौठो र संसार विचित्रको छ।

**देवेन्द्र कायस्थ** (१९), **काभ्रे**

# सकियो बाडाङ्गी



धनकुटा- खाल्सा क्षेत्रका राईहरूको बाडाङ्गी चाड मंगलबार सम्पन्न भएको छ। एक सातासम्म राई युवा-युवतीहरू प्रेम र प्रकृतिका गीत गाउँदै दिनरात नभनी लागिरहे। बाडाङ्गी धनकुटाको खोकु, छिन्ताङ र आँखिसल्ला भेगमा बसोबास गर्ने आदिवासी राईहरूको प्रमुख चाडका रूपमा मनाइन्छ।

प्रकृतिपुजाका राईहरू अन्नबाली रोप्ने र भित्र्याउने बेलामा प्रकृतिको पूजा गर्छन्। अहिले अन्नबाली भित्र्याउने समय भएका कारण उनीहरूले अन्न अर्को वर्षसम्म कीरा नलागोस्, खेर नजाओस्, चराचुरुङ्गीले नखाओस् भनेर पूजा गर्छन् भने यसै अवसरमा खाल्सा क्षेत्रका विभिन्न ठाउँमा मेला पनि लाग्ने गरेको छ।

अन्नबाली भित्र्याइसकेपछि युवायुवती, बूढाबूढी, केटाकेटी भेला भएर ढोल झ्यालीका साथ राई वेशभूषामा सजिएर सामूहिक पापानी गाउने-नाच्ने गर्छन्। स्थानीय बूढापाकाहरूका अनुसार पहिले-पहिले पापानी एक सातासम्म दिन-रात नभनी गाइन्थ्यो, जति लम्ब्याए पनि लम्बिन्थ्यो, तर अहिले बाडाङ्गी सुरु भएदेखि रातमा दुई-चार घण्टा गाइन्छ। यो चाडलाई प्रकृति र प्रेमको पर्वका रूपमा आदिवासी राईहरूले मनाउँदै आएका छन्।

**-भिषा काफ्ले**

## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : म २२ वर्षीय अविवाहित युवक हुँ। विगत पाँच वर्षयता मैले दिनहुँजसो हस्तमैथुन गर्दै आएको छु। यौन उत्तेजना एकदमै हुने भएकाले यौनकर्मीसँग कन्डम प्रयोग गरेर आफ्नो उत्तेजना मेटाउन मन लागे पनि एड्स लाग्ने डरले सक्दिनँ। के दैनिक हस्तमैथुन आफैंमा कुनै रोग हो ? यसले भविष्यमा गरिने यौनसम्पर्कमा असर पुग्छ कि पुग्दैन ? सन्तान उत्पादनमा असर गर्छ कि गर्दैन ? कन्डम प्रयोग गरेर यौनसम्पर्क गर्दा एड्स वा यौनरोग सर्छ कि सर्दैन ? दैनिक हस्तमैथुनले स्मरणशक्तिमा ह्रास र शारीरिक बद्धिमा असर पार्छ ?**

**– जी.ए.आर.**



डा. राजेन्द्र भट्टा

**उत्तर : हस्तमैथुन के हो ?**

आफ्ना यौन अङ्गहरू आफैंले चलाएर यौनसन्तुष्टि लिने एक किसिमको यौन व्यवहारलाई हामी हस्तमैथुन भन्छौं। युवावस्थामा यौनेच्छा तीव्र हुन्छ। कुनै पनि सामाजिक परिस्थितिमा युवावस्थामा यौन सन्तुष्टि प्राप्त गर्न गरिने एक प्रमुख क्रियाकलाप सायद यही नै हो। कतिपय व्यक्तिले त पहिलो यौन चरमसुख यही उपायबाट पाएका हुन्छन्। युवावस्थामा शिखरमा रहने यो यौन क्रियाकलाप पछि वयस्क अवस्थाको उत्तरार्द्धमा आफैं कम भएर जान्छ। केटा र केटी दुवैले हस्तमैथुनलाई यौनसन्तुष्टिको उपाय बनाए पनि केटीहरूको तुलनामा केटाहरूमा यो क्रियाकलाप बढी पाइन्छ। जे होस्, धेरै व्यक्तिको यौनजीवनमा यसको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ।

**के हस्तमैथुनले स्मरणशक्तिमा ह्रास ल्याउँछ ?**

यौनआनन्द पाउने उपायहरूमध्ये सबैजसोका लागि यौनअङ्गको घर्षण नै प्रमुख हो। यौनसम्पर्क गर्दा यौनअङ्गलाई एकआपसमा घर्षण गराइन्छ। मानिसले आफ्नो यौनअङ्गको घर्षण अरू कसैको यौनअङ्गमा गराए मात्र यौन आनन्द पाइन्छ भन्ने होइन। हस्तमैथुन एउटा यस्तो उपाय हो जसबाट मानिसले अन्य तरिकाबाटै आफ्नो यौनअङ्गको घर्षण गराएर यौनआनन्द तथा यौन चरमसुख प्राप्त गर्छ। सिद्धान्ततः सम्भोग गर्दा र हस्तमैथुन गर्दा यौनअङ्गको घर्षणबाट यौनआनन्द पाउने प्रक्रिया उस्तै हो। त्यसैले सम्भोग गर्दा हानि हुँदैन र हस्तमैथुन गर्दा हानि हुन्छ भन्न मिलेन। हस्तमैथुन समाजमा व्यापक रूपमा रहे पनि यसले सामाजिक मान्यता पाएको छैन। यसका विरोधीमध्ये कतिले यसलाई अप्राकृतिक मान्ने, कसैले यसलाई पापसँग जोड्ने गरेका छन् भने कसैले खराब स्वास्थ्यसँग, तर यसलाई वरदान मान्नेहरू पनि यो संसारमा छन्। कतिपल्ट गरिनु ठीक होला ? भन्ने प्रश्नमा हामी शरीर र मनले चाहेसम्म भन्न सक्छौं, त्यसैले दैनिक रूपमा गरिँदैमा यसलाई रोग मान्नुपर्ने आधार छैन।

हस्तमैथुन गरे मुखमा दाग आउने, आँखाको दृष्टि कमजोर हुने, नपुंसक हुने वा सन्तान जन्माउन नसक्ने, विवाहपश्चात् आफ्नो यौनसाथीलाई सन्तुष्टि दिन नसक्ने वा शीघ्र स्खलन हुन्छ भन्नेजस्ता भ्रमहरू व्याप्त छन्। हस्तमैथुनले स्वास्थ्यसम्बन्धी यस्ता कुनै हानि-नोक्सानी गर्दैन। यसले स्मरणशक्तिमा कुनै किसिमको ह्रास ल्याउनुपर्ने कुनै कारण छैन। शारीरिक वृद्धिमा पनि यसको प्रत्यक्ष असर छैन। हस्तमैथुन आफैंले खराबी नगर्ने भए पनि यसैसँग जोडिएर आउने हीनताबोध वा दोषीपनले समस्या उत्पन्न गराएको हुन्छ। मानिसले बाल्यकालदेखी नै ठूला व्यक्तिहरूको व्यवहारलाई चनाखो रूपमा अवलोकन गरिरहेको हुन्छ र त्यसैका आधारमा यौनसम्बन्धी धारणा बनाउन थाल्छ। त्यसैले यसमा हाम्रा सामाजिक मूल्य-मान्यताको ठूलो हात हुन्छ। प्राकृतिक शारीरिक क्रियाकलापसँग अमिल्दा रूपमा भएका मूल्य-मान्यताले यस्ता नकारात्मक असरहरू देखाउँछ। यसलाई हामीले मनबाट निकाल्न सक्नुपर्छ।

**हस्तमैथुनका फाइदा**

सर्वप्रथम त हस्तमैथुनले यौनइच्छाको दमनबाट हुने तनावबाट मुक्ति दिलाउँछ। तनावबाट मुक्त मानिस बढी सकारात्मक सिर्जनशील हुनसक्छ। यसरी यौनचाहना शान्त पार्न मद्दत पुर्‍याउने भएकाले कतिपय यौन अपराधलाई कम गर्न सहयोग पुग्छ भन्नेहरू पनि थुप्रै छन्। यस्तै हस्तमैथुनले अनावश्यक गर्भधारण, देहव्यापार गर्ने व्यक्तिसँगको यौनसम्बन्ध, यस्ता क्रियाकलापमा खर्च हुने धन तथा समय दुरुपयोगबाट पनि बचाउँछ। अर्को व्यक्तिसँग यौनसम्पर्क नै नहुने भएकाले अहिले चर्चामा रहेका एड्स वा अन्य यौनरोगहरू लाग्नबाट पनि बचाउँछ।

**एचआईभी रोकथाममा हस्तमैथुन र कन्डम**

यौनसम्पर्कबाट एचआईभी सर्ने कुरा त धेरैलाई थाहै छ। धेरै जना यौनसाथी हुने व्यक्तिमा एचआईभी हुने सम्भावना बढी हुन्छ, त्यसैले उनीहरूसँगको यौनसम्पर्कबाट एचआईभी सर्ने सम्भावना पनि। तपाईंले त्यस प्रकारका यौनसम्बन्धबाट टाढा रहने कुरा गर्नुभएको छ, जुन कुराको म प्रशंसा गर्छु। यौन क्रियाकलापअनुसार एचआईभी सर्ने जोखिम पनि फरक-फरक हुन्छ। सामान्यतया यस्तो जोखिम विशेष गरी हाम्रो शरीरबाट निस्कने तरल वस्तुको प्रकार र त्यसको सम्पर्कमा कत्तिको आइन्छ भन्ने आधारमा गरिन्छ।

त्यस्ता तरल पदार्थ एक-अर्काको सम्पर्कमा नआउने किसिमको क्रियाकलापमा एचआईभी सर्ने सम्भावना हुँदैन, त्यसैले त्यसलाई जोखिम नभएको मानिन्छ। सुख्खा चुम्बन, अन्य कुनै चिल्लो पदार्थ प्रयोग गरेर साथीले गरिदिएको हस्तमैथुन वा स्वस्थ छालामा दिसा वा पिसाबको सम्पर्क यसका उदाहरण हुन्। अर्को थरी जसमा सैद्धान्तिक रूपमा एचआईभी सर्ने सम्भावना भए पनि वास्तविक रूपमा एचआईभी सरेको कुनै घटना नभएकाले त्यसलाई सैद्धान्तिक जोखिम भनिन्छ। थुकको सम्पर्क हुने गरी गरिने चुम्बन कन्डम लगाएर गरिएको मुख मैथुन, औंला यौनअङ्गमा पसाउनु, यौनअङ्गबाट आएको रसको सम्पर्कमा आउने गरी साथीबाट गरिएको हस्तमैथुन यसका उदाहरण हुन्। रगत, वीर्य वा योनिरसको सम्पर्कमा आइने भए पनि थोरैलाई मात्र यसरी सरेको देखिएको यौन क्रियाकलापलाई कम जोखिम पूर्ण भनिन्छ। कन्डम नलगाई गरिएका मुखमैथुन वा कन्डम लगाए गरिएको योनि तथा गुदामैथुन यसका उदाहरण हुन्। रगत, वीर्य वा योनिरसको सम्पर्कमा आइने र धेरैलाई सरेको देखिएको यौन क्रियाकलापलाई धेरै जोखिमपूर्ण भनिन्छ। कन्डम नलगाई गरिएका योनि तथा गुदामैथुन यसका उदाहरण हुन्।

कष्मेटिक सर्जरी
- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
सम्पर्क:
प्लाष्टिक सर्जरी क्लीनिक
०१६९१०५३२, ९८०३८८३५७७
मानभवन, जावलाखेल

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

जीन्दगीको खुसी
100% Handsome & Beauty
३ महिनामा ३ इन्चसम्म उचाई बढाउन सफल
Height Plus
अन्तराष्ट्रिय होलोग्राम सहित
0% side effect 100% effective
100% आयुर्वेदिक औषधि
रात परेपछि
नयाँ उमंग, नयाँ आनन्द
यौन: लिङ्गको विकास, शीघ्र पतन, दुर्वलता
स्तन: बढाउन, घटाउन र टाइट गर्न
शरीर: ३ महिनामा 12kg घटाउन, बढाउन
कुलतः जाँड रक्सीबाट पूर्ण मुक्ति
4672065, 2084130
2172882, 9841883397

# ८८ मिनेटमा आठ चलचित्र

• कृष्ण भट्टराई







काठमाडौं- आठ युवा निर्देशकका आठ छोटा चलचित्र अहिले चर्चामा छन्। एचआईभी एड्सका बारेमा जनचेतना फैलाउने उद्देश्यले निर्माण गरिएका यी चलचित्रमा नेपाली चलचित्र तथा सानो पर्दाका लोकप्रिय कलाकारहरूले अभिनय गरेका छन्। चलचित्र निर्माणपछि उपत्यकाका तीन स्थानमा प्रदर्शन गरिसकिएका यी छोटा चलचित्र सातदेखि नौ मिनेटसम्मका छन्।

यी आठ चलचित्रमध्येको पहिलो चलचित्र **'न्यारी'** को निर्देशन प्रशंसा वाइबाले गरेकी हुन्। ८ मिनेट ३५ सेकेन्ड लामो यो चलचित्रमा नायिका अरुणिमा लम्सालले प्रमुख भूमिका निर्वाह गरेकी छिन्। चलचित्रमा बिना जोशी तथा देबु वाराले पनि अभिनय गरेका छन् तर चलचित्रको मुख्य विषय अरुणिमाकै वरिपरि घुमेको छ। संवेदशील स्वभावकी निर्देशक वाइबाले चलचित्रमा एकातिर पश्चिम नेपालको संस्कृति झल्काएकी छिन् भने अर्कातिर यथार्थपरक घटनालाई भावनात्मक ढंगले प्रस्तुत गरेकी छिन्। 'न्यारी' अर्थात् राम्री केटी। सोझी न्यारी घरमै बसीबसी एचअँईभी एड्सबाट संक्रमित हुन्छिन्। मुम्बईमा काम गरेर फर्किएका आफ्ना श्रीमान्कै कारण उनी एड्स संक्रमित भएकी हुन्। एड्सपीडित बनेपछि न्यारीले आफ्नी मितिनीका श्रीमान् काम गर्न विदेश जाने क्रममा उपहारका रूपमा कन्डम दिएको प्रसंग रोचक छ।

निर्देशक प्रचण्डमान श्रेष्ठको चलचित्र **'वशमा छैन मेरो मन'** ८ मिनेट ४६ सेकेन्ड लामो छ। चलचित्र 'सानो संसार' की नायिका नम्रता श्रेष्ठको मुख्य भूमिका रहेको यो चलचित्रमा सौगात मल्ल, सरिता गिरी, संगम विष्ट तथा विनय श्रेष्ठले अभिनय गरेका छन्। यो चलचित्रमा निर्देशक श्रेष्ठले पैसाको प्रलोभनका कारण कन्डम नलगाई यौनसम्पर्क गर्ने यौनकर्मीको कथालाई समेटेका छन्। यसबाहेक उनले चलचित्रमा युवापुस्ताको शारीरिक तन्दुरुस्तीको अहमका कारण अरूले भोग्नुपर्ने पीडालाई आत्मपरक रूपमा प्रस्तुत गरेका छन्। यसअघि कान्तिपुर टेलिभिजनबाट प्रसारण भएको टेलिश्रृंखला 'क्याफे-कान्तिपुर' मार्फत नै युवापुस्ताको सोचलाई दर्शकमाझ ल्याइसकेका निर्देशक श्रेष्ठले यो चलचित्रमा पनि युवा मनस्थिति तथा सोचलाई प्रभावकारी ढंगले प्रस्तुत गरेका छन्।


निर्देशक गणेशप्रसाद सुवेदीको चलचित्र **'भोक'** ८ मिनेट २५ सेकेन्ड लामो छ। गौरी मल्ल, सिरु विष्ट, मनोज भेटवाल, गोविन्द प्रभातको ख्य भूमिका रहेको यो चलचित्रमा ायिका गौरी मल्ल तथा सिरु विष्टले भावकारी भूमिका निर्वाह गरेका छन्। यो चलचित्र ग्रामीण जनजीवनमा देखे-सुनेका, पढेका तथा भोगेका घटनामा आधारित छ। चलचित्रमा पश्चिम नेपालको मौलिक तथा सांस्कृतिक परिवेश सिर्जना गरिएको छ। चलचित्रमा एकातिर पेटको भोकलाई देखाइएको छ भने अर्कातिर यौनको भोकलाई पनि समानान्तर रूपमा प्रस्तुत गरिएको छ। निर्देशक सुबेदीले यो चलचित्रमा असुरक्षित यौनसम्पर्कका कारण एचआईभी/एड्सबाट संक्रमितका दुई चरित्रले नयाँ जीवन सुरुवात गरेको यथार्थलाई समेटेका छन्। चलचित्रमार्फत उनले एड्सबाट पीडित हुँदैमा जीवन समाप्त हुन्छ भन्ने धारणा गलत भएको सन्देश दिएका छन्।

पुर्नेन्दु झाले निर्देशन गरेको चलचित्र **'अपवाद'** मा भने चलचित्र क्षेत्रका व्यस्त कलाकारको जमघट छ। नीर शाह, मेलिना मानन्धर, राजबल्लभ कोइराला तथा ऋचा शर्माले यो चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन्। ८ मिनेट ४० सेकेन्ड लामो यो चलचित्रमार्फत झाले आफूलाई सशक्त निर्देशकका रूपमा प्रस्तुत गरेका छन्। झाले यो चलचित्रमार्फत दर्शकलाई 'तपाईं अपवाद हुन सक्नुहुन्न' भन्ने सन्देश दिँदै एचआईभी/एड्सले कसैलाई पनि छाड्दैन भन्ने मूल आशयलाई प्रस्तुत गरेका छन्। चलचित्रमा आधुनिक युवा-युवतीहरूको यौनतृष्णा, उत्तेजना तथा होसियारीलाई प्रमुखता दिइएको छ। युवापुस्ताको मनोविज्ञानलाई समेटिएको यो चलचित्र मनोवादमा आधारित छ। कलेज अफ फिल्म स्टडिजबाट स्नातक गरेका निर्देशक झाले अध्ययनका क्रममा सिकेको ज्ञानलाई चलचित्रमा आकर्षक ढंगले उतारेका छन्।

७ मिनेट २५ सेकेन्ड लामो चलचित्र **'वासनाको सिकार'** को निर्देशन विज्ञान दीक्षितले गरेका छन्। सानो पर्दाका लोकप्रिय कलाकारहरूलाई समेटेर निर्माण गरिएको यो चलचित्रमा धार्मिक विषयवस्तुमार्फत एचआईभी/एड्सका बारेमा जनचेतना जगाउने प्रयास गरिएको छ। दीपकराज गिरी, निर्मल शर्मा, भीमबहादुर थापा, विष्णु सापकोटा तथा प्रेम पाण्डेको प्रमुख भूमिका रहेको यो चलचित्र होसियारी नपुऱ्याएको खण्डमा एड्सले जतिसुकै शक्तिशाली भए पनि कुनै पनि व्यक्तिलाई छाड्दैन भन्ने विषयमा आधारित छ। चलचित्र कथा तथा प्रविधिको समायोजन हो भन्ने सिद्धान्तमा विश्वास गर्ने युवा निर्देशक दीक्षितले यो चलचित्रमा धार्मिक परम्परालाई आधार बनाई मुकुट तथा सत्ताका लागि अप्सराहरूलाई प्रयोग गर्ने देवता पनि एड्सबाट संक्रमित हुन्छन् भनी आफ्नो कथालाई हास्यपरक रूपमा प्रस्तुत गर्न सफल भएका छन्। एड्सजस्तो गम्भीर विषयमा पनि निर्देशकले हास्यरस घोलेर दर्शकको मन जितेका छन्।







टेलिभिजनकर्मी तथा थुप्रै म्युजिक भिडियोका निर्देशक आशिफ साहले निर्देशन गरेको चलचित्रको शीर्षक हो, **'सोनाम'**। निर्देशक साहले सुदिन पोखरेल, शिवशंकर रिजाल, निकोलस पाण्डे, नरेश भट्टराई तथा सागर घिमिरेलाई आफ्नो चलचित्रको मुख्य पात्रका रूपमा प्रस्तुत गरेका छन्। टेलिभिजनका लागि मनोरञ्जक कार्यक्रम तयार पारिसकेको अनुभवलाई निर्देशक साहले यो चलचित्रमा सकेसम्म सदुपयोग गरेका छन्। यो चलचित्रमा उनले सहरी क्षेत्रमा घटिरहने घटनालाई यथार्थपरक ढंगल प्रस्तुत गरेका छन्। वास्तविक घटनाक्रम समेटिएको यो चलचित्रमा चिनेजानेको मानिससँग अथवा अपरिचित व्यक्तिसँग पहिलो पटक शारीरिक सम्बन्ध राख्दा कन्डमको आवश्यकता पर्दैन भन्ने भ्रममाथि शालिन व्यंग्य प्रहार गरिएको छ। अन्य पेसाकर्मीलाई यौनरोगका बारेमा सजग बनाउने चिकित्सकहरूसमेत कन्डम प्रयोग गर्ने विषयमा अन्धविश्वासी हुँदा उत्पन्न हुने परिस्थितिलाई चलचित्रमा समेटिएको छ। यो चलचित्र ८ मिनेट ४४ सेकेन्ड लामो छ।

अमितेश शाह तथा राजन उप्रेतीद्वारा संयुक्त रूपमा निर्देशन गरिएको **'कमला'** मा दुई जना कलाकार सञ्चिता लुइँटेल तथा प्रमेश झाले मुख्य भूमिका निर्वाह गरेका छन्। सिर्जनशील अभिव्यक्ति बोकेका अमितेश तथा राजनले यो चलचित्रमा मिथिला कला एवं संस्कृतिको समायोजन गरेका छन्। चलचित्रमा विदेशमा काम गरी फर्किएका आफ्नै श्रीमान्का कारण एड्सबाट संक्रमित एउटी साहसी युवतीको कथालाई कलात्मक ढंगले प्रस्तुत गरिएको छ। मिथिला आर्ट सेन्टरमा काम गर्ने ती युवती आफ्ना श्रीमान्मार्फत एड्स संक्रमित बने पनि उनी आफ्नो साहसका कारण समाजमा शिर ठाडो पारेर बस्न सक्षम देखिएकी छिन्। यो चलचित्र ८ मिनेट ४२ सेकेन्ड लामो छ।

अविनाश विक्रम शाहद्वारा निर्देशित **'हर्न प्लिज'** ८ मिनेट २७ सेकेन्ड लामो छ। चलचित्रमा तृप्ति नाडकर, श्याम घिमिरे, अनुप सापकोटा तथा प्रतीक्षा पन्थीको मुख्य भूमिका छ। यसअघि 'यु एन्ड आई' चलचित्रमार्फत दक्षिण कोरियामा सम्पन्न पुसान अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सहभागिता जनाइसकेका निर्देशक शाह चलचित्र 'हर्न प्लिज' रात्रिबसका चालक तथा होटल साहुनीबीचको खुला सम्बन्धमा आधारित छ। बसचालक तथा होटल साहुनीबीचको आकर्षण कसरी शारीरिक सम्पर्कमा परिवर्तन हुन्छ तथा सम्पर्क राख्ने क्रममा उनीहरूले कन्डमको प्रयोग नगर्दा कस्तो परिणाम भोग्नुपर्छ भन्ने तथ्य चलचित्रमा देखाइएको छ। यसबाहेक चलचित्रमा बसका खलासीको महत्त्वाकांक्षा तथा अनुभूतिसमेत समेटिएको छ।


**रोजगार**

NGO को संस्थालाई १३ महिला, विद्यार्थी कर्मचारी आवश्यकता तलब. ८५००, २०७३६१६, ९८४१९८८१७४, कोटेश्वर

शिक्षित अशिक्षित महिला/पुरुष आवश्यकता तलब ५०००-७०००, सम्पर्क: २१४२६०३, ९८०३८७०६०८, ९८०३४६१७५२

**सम्पर्क**

Bank Balance with transaction complete visa-documents 7500, 9851106595

**उपचार**

Penis increase and Sexual-power 9849051161

दाँत-मुख सम्बन्धि सम्पूर्ण उपचार कोलागि एकमात्र गन्तब्य, मध्यपुर डेन्टल केयर कौशलटारचौक, २१३१५९४

अल्काई (piles) पिडित बिरामी हरुलाई खुशिको खबर कुनै पनि खाने र पिउने चिजहरु बार्न नपर्नेगरि ग्यारेन्टीका साथ अल्काई रोगको उपचार गरिन्छ, ग्यारेन्टी अल्काई उपचार केन्द्र सोह्रखुट्टे नयाँबजार, ९८४१४०८४५४

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

# छोरी सम्झँदै सफलताको स्वाद

● मुकुन्द बोगटी



काठमाडौं- नेपाली महिला बक्सर अनुराधा लामालाई द्विविधा भयो । एकातर्फ एसियाली महिला बक्सिङ च्याम्पियनसिपमा सहभागिता गर्नुपर्ने तर यसका लागि १४ महिनाकी दूधे छोरी प्रेक्ष्या लामालाई केही समय छोड्नुपर्ने । तर उनले आफ्नो मनलाई कठोर पारिन् र प्रतियोगितामा सहभागी भइन् ।

केही साताअघि भारतको गुहाटीमा प्रतियोगिता जितेर आफूलाई पुनः महिला बक्सिङमा प्रस्तुत गरिन् । काखकी छोरीलाई केही समय त्यागेर राष्ट्रका लागि पदक जितेपछि उनले भनिन्- यो सफलताको श्रेय मेरा गुरु, श्रीमान् र परिवारजनलाई दिन चाहन्छु । किनकि उहाँहरूले लगातार प्रोत्साहन नदिएको भए सायद म खेल्न जाने पनि थिइनँ र नेपाललाई एसियाली च्यापियनसिपमा पदक पनि दिलाउन पनि सक्दिनथें ।



सम्पन्न चौथो एसियाली महिला बक्सिङ च्याम्पियनसिपमा सहभागी हुन जाने बेलामा अनुराधाकी छोरी आमाकै दूधमा बढी आश्रित थिइन् । नेपाल प्रहरी क्लबबाट खेले पनि उनी गर्भवती भएदेखि प्रतियोगितामा फर्कन सकेकी थिइनन् । यद्यपि उनले छनौट

काखकी छोरी छोडेर गुहाटी जाने क्रममा भद्रपुर विमानस्थल ओर्लिएपछि नै उनको स्तन कसिन थाल्यो । शिशुले दूध खाएपछि हल्का हुने स्तन जति कसिँदै जान्थ्यो उनलाई शारीरिक रूपमा त्यति नै गाह्रो हुन्थ्यो अनि छोरीको सम्झनाले सताउँथ्यो । स्तन कसिँदै गएपछिसाथीहरूको सहयोगमा स्तनबाट दूध निकालेर फ्याँक्नुपर्ने अवस्था कैयौं पटक आयो । लामा भन्छिन्- दिनको १३-१४ पटकसम्म दूध पम्प गरेर फ्याँक्नुपर्थ्यो । यसले मलाई शारीरिक एवं मानसिक रूपमा पनि कमजोर बनायो । म कैयन् पटक छोरीको यादमा रोएँ । कहिलेकाहीं प्रतियोगिता नखेली घर फर्कने सोचसमेत आयो, तर गुरुहरूले पदक जितेर फर्कने हौसला दिँदै मलाई मैदानमा उतारे । सन्तानलाई छोडेर पनि मैदानमा उत्रिई सफलता हात पारेपछि भने मलाई आफ्नो त्यागले सार्थकता पाएजस्तो लाग्यो ।

बक्सिङ खेलाडी श्रीमान् पूर्णबहादुर लामाको साथमा पहिलो पटक लामो समय छोरी छोडेर रिङमा उत्रन विदेश गएकी अनुराधा आफूलाई पहिलो पटक शारीरिक एवं मानसिक तनाव भएको बताउँछिन् । छोरीको याद आएपछि म फोन गरेर उसको हालखबर बुझ्थें । यता छोरीको रेखदेखमा बसेका पूर्णबहादुर भन्छन्- अनुराधा हुँदा बुबाको भूमिका मात्र निर्वाह गर्थें, तर उनी गएपछि आमाको भूमिका पनि निर्वाह गर्नुपर्‍यो । सशस्त्र प्रहरी बलबाट बक्सिङ खेल्ने पूर्ण भन्छन्- आमाको काम निकै कठिन हुने कुरा मैले अनुराधाको अनुपस्थितिमा थाहा पाएँ, तर उनले पदक जितेपछि ती कठिन क्षणहरू सुखमा परिणत भए ।

मकवानपुरमा बक्सिङ खेल्ने क्रममै अनुराधा र पूर्णबहादुरको देखादेख भएको हो । त्यो बेलामा उनीहरूबीच कुनै आकर्षण थिएन । काठमाडौंमा १९ वर्षमुनिको एसियाली च्याम्पियनसिपका क्रममा बल्ल उनीहरूले एक-अर्कालाई मन पराउन थाले । उक्त प्रतियोगितामा पूर्णले कांस्यपदक जितेका थिए । प्रेमको प्रस्ताव कसले अघि सार्‍यो ? भन्दा दुवै



लजाउँदै पूर्ण अनुराधातर्फ र अनुराधा पूर्णतर्फ देखाउँछन् र भन्छन्– 'हामी दुवैले ।' प्रशिक्षणका क्रममा रंगशाला आउने-जाने क्रम बढेपछि उनीहरूले वि.सं. २०६२ मा विवाह गरे ।

सशस्त्र प्रहरी बलबाट खेल्ने पूर्णबहादुरले दसौं साग खेलकुद प्रतियोगितामा कांस्यपदक जितिसकेका छन्, तर अनुराधाले एसियाली स्तरको पदक जितेकी छिन् भन्दा पूर्णलाई कुनै हीनताबोध हुँदैन । पहिलो कुरा उनले नेपालको महिला बक्सिङलाई माथि उठाइन्, अर्को कुरा आफ्नै घरमा यो सफलता रहेका कारण आफूलाई अझ गौरव लागेको छ । अनुराधा भन्छिन्- मलाई खेलमा लागि रहन उहाँले लगातार प्रशिक्षण गराइरहनुहुन्छ । कतिपय अवस्थामा मैले अभ्यास भिडन्त भनेकै श्रीमान्सँग गर्ने हो । अनि घर-व्यवहारमा चाहिँ भिडन्त गर्नुहुन्छ ? भन्ने प्रश्नमा अनुराधा भन्छिन्– 'श्रीमान्-श्रीमती सँगै भएपछि सामान्य रूपमा भैहाल्छ, तर अहिले पहिलेको जस्तो हुँदैन । एउटै क्षेत्र त्यसमा पनि एउटै खेलको खेलाडी भएपछि मनको कुरा बढी बुझिन्छ । एकले अर्काको समस्यालाई आफ्नै ढंगले लिइन्छ ।' पूर्ण भन्छन्- 'महिला र पुरुषको प्रतियोगिता एकै पटक सञ्चालन हुने हुदाँ कमै अलग हुनुपर्छ ।'

नेपाली खेलकुदमा विभागीय टिमहरूको वर्चस्व रहँदै आएको वास्तविकतामा अनुराधा आफ्नो श्रीमान्ले खेलेको खेलमा सशस्त्र टिमको समर्थक हुन्छिन् भने बाँकी खेलमा भने नेपाल प्रहरीको समर्थन गर्छिन् । नेपालमा महिला बक्सिङ खेलाडीहरूको अभाव रहेको महसुस गर्दै आएकी अनुराधा महिला बक्सिङलाई राष्ट्रिय खेलकुद परिषद्ले मूलधारमा ल्याए नेपालले यो खेलमार्फत् अन्तर्राष्ट्रिय पदक जित्ने सम्भावना बढी हुने कुरा बताउँछिन् ।

# बास्केटबलमा जुटेका कोमल हातहरू

● राजु घिसिङ





धरान- २० वर्षीय नबिना राईले बास्केटबल खेल्न थालेकी केही साता मात्र हुँदैछ । एनबीए स्टार ओनिलकी फ्यान नवीना कहिलेकाहीं टेलिभिजनमा बास्केटबल खेल हेर्छिन् । 'अबचाहिं निरन्तर खेल्नेछु,' -काठमाडौंबाट धरानमा एमबीबीएस अध्ययन गर्न आएकी राईले भनिन् । 'जीउ फुर्तिलो राख्ने रहेछ,' -पोखरेली जोडी विष्णु गुरुङ र संगम श्रेष्ठ भन्छन् । बीएस्सी नर्सिङका विद्यार्थी यी दुई युवती पनि भर्खरै मात्र बास्केटबल खेल्न कोर्टमा उत्रन थालेका हुन् । संगम भन्छिन्- 'नखेले पनि कहिलेकाहीं स्कुलमा बास्केटबल छोइन्थ्यो ।' बास्केटबल खेल्ने सौख भने उनीहरूले बच्चैदेखि पालेको बताए । 'बल्ल इच्छा पूरा हुँदैछ', -ठूलो जीउडालकी विष्णुले बताइन् ।

श्वेता ठाकुर अमेरिकाका महान् बास्केटबल खेलाडी माइकल जोर्डनकी फ्यान हुन् । उचाइले पनि उनलाई बास्केटबल खेल्न प्रेरित गरेको छ । किनभने अग्ला खेलाडीले नै बास्केटबलमा फाइदा लिन सक्छन् । ब्याचलर इन डेन्टल साइन्स (बीडीएस) की २१ वर्षीय छात्रा स्वेता भन्छिन्- 'पढाइको बोझ घटाउन, दिमागी थकान मेटाउन र शारीरिक तन्दुरुस्तीका निम्ति बास्केटबल उपयुक्त खेल रहेछ ।'

काठमाडौंकी नवीना र श्वेता तथा पोखराकी विष्णु र संगम चारै जनाले जेठ ५ गतेदेखि दैनिक २ घण्टा बास्केटबल प्रशिक्षण लिइरहेका छन् । उनीहरूसँगै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्ययनरत २० जना युवती बिहान ५ बजे नै अभ्यासमा जुट्छन् । आगामी सेप्टेम्बरमा धरानमा आयोजना हुने अधिराज्यव्यापी अन्तरमेडिकल कलेज खेलकुद प्रतियोगितामा बास्केटबलको उपाधि जित्नु उनीहरूको मुख्य लक्ष्य हो ।

त्यसैले पढाइमै दैनिक कम्तीमा १२ घण्टा व्यस्त रहने छात्राहरू बस्केटबल खेल्न जुटेका हुन् । १० मिनेट वार्मअप गरेपछि उनीहरूलाई स्थानीय बास्केटबल क्लब द होराइजनका कप्तान विकास राईले खेल्ने शैली सिकाउँछन् । स्कुल छँदादेखिकै खेल्ने इच्छा भएकाले उनीहरूले छोटो अवधिमै निकै प्रगति गरेको प्रशिक्षक विकासले बताए । उनी भन्छन्- 'निरन्तरता दिने हो भने ५-६ जना युवती उच्चस्तरका बास्केटबल प्रतियोगिता खेल्न सक्षम छन् ।'

प्रशिक्षण भर्खर मात्रै प्रारम्भ भएकाले मेडिकल कलेजमा अध्ययनरत छात्राहरूको संख्या बढ्नेमा प्रतिष्ठानका खेल संयोजक डा. रवि शाक्य विश्वस्त छन् । उनी भन्छन्- 'प्रतियोगिता जित्ने लक्ष्यसाथ प्रशिक्षण सुरु गरिए पनि वर्षैभरि बास्केटबल खेलाउने योजना हो ।' अध्ययनको बोझ कम गर्न र शरीर फुर्तिलो राख्न उपयुक्त भएकाले डेडिकल कलेजका छात्राहरूलाई बास्केटबल प्रशिक्षण दिइएको उनी बताउँछन् ।



छात्राहरूको बास्केटबल प्रशिक्षणले खेलको लोकप्रियतासँगै स्तर पनि वृद्धि गर्ने पक्का छ । यो क्रेजबाट नयाँ र अब्बल खेलाडी उत्पादन हुनेमा धरान बास्केटबल संघका अध्यक्ष सुरजकुमार लामा ढुक्क छन् । साढे चार दशकअघि धरान भित्रिएको बास्केटबलमा २ सयभन्दा धेरै महिला खेलाडी सक्रिय रहेको अध्यक्ष लामा बताउँछन् ।



# ब्याडमिन्टनमा नयाँ स्टारको उदय

● अनिल बोगटी

कैलालीका रामसिंह चौधरी नेपाली ब्याडमिन्टनको अंग्रपक्तिमा आएका छन्। काठमाडौंमा सम्पन्न पाँचौं कृष्णमोहन स्मृति ब्याडमिन्टनको पुरुष एकलमा उपाधि जितेपछि रामसिंह नेपाली ब्याडमिन्टनमा नयाँ नायकका रूपमा उदाएका हुन्। सर्वाधिक पुरस्कार राशिको उक्त प्रतियोगिताको उपाधि जितेपछि चौधरीको खेलजीवनले जीवन्तता पाएको हो। फाइनलमा सशस्त्र प्रहरीका पंकज चन्दलाई २१-१४ र २१-१८ को सोझो सेटमा पराजित गर्दै रामसिंहले उपाधि जितेका हुन्। उक्त प्रतियोगिताको अघिल्ला संस्करणमा वर्चस्व कायम गर्दै आएका पशुपति पनेरु र बलराम थापा विदेश भ्रमणका कारण अनुपस्थित भएपछि रामसिंहले उपाधि जित्ने अवसर पाए। जितपछि रामसिंहले भने- 'यो जितले मलाई नम्बर एक खेलाडी बनायो, आगामी सबै प्रतियोगितामा च्याम्पियन बन्ने लक्ष्य लिएको छु।' पंकजलाई पहिलो सेटमा सजिलै जितेका चौधरीले दोस्रो सेटका लागि संघर्ष गर्नुपर्‍यो। विपक्षी खेलाडीको लगातार नेगेटिभ प्वाइन्टको फाइदा उठाउँदै सफलता पाएको रामसिंह बताउँछन्। पहिलो पटक उपाधि जितेका रामसिंहले ५० हजार रुपैयाँ हात पारे।

उपविजेता पंकजले पुरुष युगलमा भने उपाधि जिते। उनको र राजीव दाहालको जोडीले सशस्त्रका इन्द्र महता र विशाल प्रधानको जोडीलाई पराजित गर्दै उपाधि जित्यो। सो जोडीले २१-१८ र २१-१२ को जित दर्ता गर्‍यो। महिलातर्फ भने नेपाली सेनाकी सरादेवी तामाङले उपाधि जितिन्। सशस्त्रकै पूजा श्रेष्ठलाई २१-१३, २१-१२ को सोझो सेटमा पराजित गर्दै सरादेवीले पहिलो पटक उपाधि जितेकी हुन्।

गत वर्षकी उपविजेता सरादेवीले फाइनल सोचेजस्तो गाह्रो नभएको र च्याम्पियन बन्ने आफ्नो लक्ष्य पूरा भएको बताइन्। उनले महिला युगलमा समेत सफलता पाइन्। बिना तुलाचन र उनको जोडीले पूजा श्रेष्ठ र सुजना श्रेष्ठको जोडीलाई हरायो। पूर्व च्याम्पियन पूजा श्रेष्ठले भने मिक्स युगलमा इन्द्र मेहतासँग मिलेर पंकज चन्द र सुस्मिता गुरुङलाई हराउँदै उपाधि जितिन्। प्रतियोगिताको यु-१९ को पुरुषतर्फ साजनकृष्ण ताम्राकार र महिलातर्फ सुस्मिता गुरुङले उपाधि जिते। भेट्रान्स युगलमा सुरेशचन्द्र श्रेष्ठ र गणेश थापाको जोडीले मिलन राजभण्डारी र जयराम हमालको जोडीलाई पराजित गर्दै उपाधि जिते।

## कास्कीका वर्ष खेलाडी अनिल र मञ्जु


पोखरा- यस वर्षको कास्की जिल्ला वर्ष खेलाडीबाट फुटवलका राष्ट्रिय खेलाडी अनिल गुरुङ र महिलातर्फ भलिबल खेलाडी मञ्जु गुरुङ सम्मानित भएका छन्। जिल्ला खेलकुद विकास समिति कास्कीले खेलकुदको विकासका लागि खेलाडिलाई प्रोत्साहित गर्ने उद्देश्यले यस वर्षदेखि जिल्ला वर्ष खेलाडीको सम्मान दिन थालेको हो।

२०५२ सालदेखि फुटबल खेलमा लागेका नेपालकै महँगा खेलाडी गुरुङले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागिता जनाइसकेका छन। यसैगरी भलिबल खेलाडि मञ्जुले पनि नेपालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाएकी छिन्। युवा तथा खेलकुद मन्त्री गोपाल शाक्यले सम्मानित गुरुङद्वयलाई जनही ३० हजार रुपयाँ तथा सम्मानपत्र प्रदान गरेका थिए। उक्त अवसरमा कराँते खेलाडी फत्तेबहादुर गुरुङलाई विशेष सम्मान गरिएको थियो।

सोही अवसरमा खेलकुद विकास समिति, कास्कीले विभिन्न समयमा साफ, एसियन खेलमा सहभागी भै नेपालका लागि पदक जित्ने २६ पूर्व खेलाडी, प्रशिक्षक तथा खेलाडीहरूलाई सम्मान गरेको थियो। सम्मानित हुनेमा फुटबलतर्फ कृष्ण थापा, पुष्प केसी, डम्बरसिंह गुरुङ, विजय गुरुङ, विसन गौचन र वसन्त गौचन छन्। भलिबलतर्फ सिपोरा गुरुङ, लक्ष्मी गुरुङ, यकिना गुरुङ, हरिप्रसाद पराजुली, देविप्रसाद सुवेदी, बलराम क्षेत्री, एथलेटिक्सतर्फ गोपबहादुर अधिकारी, नारायणी थापा गुरुङ, खड्कबहादुर रानाभाट सम्मानित भएका छन् भने कबड्डीतर्फ मनमाया पुन, मीरा मोक्तान, गंगा गुरुङ, तेक्वान्दोतर्फ हरिश्वर पोखरेल, सपना मल्ल, बक्सिङतर्फ सुरेश मल्ल, चित्रबहादुर गुरुङ तथा गणेशबहादुर भट्टराई छन्। उसुतर्फ वीरेन्द्र विक तथा पौडीतर्फ आनन्द कुँवर सम्मानित भए।

● मैदान बाहिर ●














## क्रेजी रोनाल्डो

अन्तर्राष्ट्रिय फुटबलमा डेभिड बेकह्यामलाई जति ग्ल्यामरस फुटबलर मानिन्छ त्यत्ति नै लभर ब्वाईका रूपमा पोर्चुगलका फुटबलर क्रिस्टियानो रोनाल्डोलाई चिनिन्छ। हँसिलो अनुहारका धनी रोनाल्डोप्रति युवतीहरूको आकर्षण बढी नै छ। उनी पनि आफ्नो सामीप्यमा आउने युवतीहरूलाई कमै निराश पार्ने स्वभावका छन्। हाल इङ्ल्यान्डको म्यानचेस्टर युनाइटेडबाट प्रोफेसनल फुटबल खेलिरहेका रोनाल्डोको जीवनमा पाँच जनाभन्दा बढी युवतीले घनिष्ठता जनाइसकेका छन्।

कुनै समय रोनाल्डोको घनिष्ठता मिर्से रोमेरोसँग थियो। पोर्चुगलमा टेलिभिजन प्रस्तोता रोमेरो रोनाल्डोभन्दा जेठी थिइन्। ३१ वर्षीया रोमेरोसँग रोनाल्डोको घनिष्ठता बढेपछि रोनाल्डोलाई मन पराउने युवतीहरूले रोमेरोको हत्या गर्ने धम्की दिन थाले, जसका कारण यो जोडी चाँडै अलग भयो। केटाको जस्तो हक्सी स्वर भएका कारण गामा एट्किन्सन टेलिभिजनको क्षेत्रमा लोकप्रिय कलाकार मानिन्छन्। मुख्य पेसा मोडलिङ भए पनि उनलाई टेलिभिजनका दर्शकले बढी रुचाए। उनीसँग पनि रोनाल्डोको घनिष्ठता थियो र कतिपय सञ्चारमाध्यमले उनलाई रोनाल्डोकी जीवनसंगिनीका रूपमा हेरेका थिए।

रोनाल्डोको जीवनमा आएकी अर्की युवती करिना फ्लोरेस थिइन्। रोनाल्डोको पारिवारिक जमघटमा देखा परिरहने करिना पोर्चुगलकी चर्चित मोडल हुन्, तर पछि उनलाई पनि रोनाल्डोले त्यागेका थिए। केही साता अघिसम्म पनि रोनाल्डोको घनिष्ठता मिया जुडाकेनसँग थियो। उनलाई रोनाल्डोसँग कुममा कुम मिलाएर हिँडेको प्रशस्तै देखिन्थ्यो, तर मियासँग रोनाल्डोको चर्चा चल्न थालेलगत्तै उनले मियालाई पनि आफूबाट अलग गरे। अहिले रोनाल्डोको प्रेम नेरेडा गर्लाडोसँग छ। समुन्द्री तटमा फोटोसेसन गर्ने मोडलका रूपमा ख्याति कमाएकी नेरेडासँग रोनाल्डोको प्रेम कति समयसम्म रहने हो, कौतूहलकै विषय भएको छ। २५ वर्षीया नेरेडा फरासिलो स्वभावकी भएका कारण उनीसँग रोनाल्डोको मायापिरती सुहाउँदो मानिन्छ।





विक्रम राई

## प्रसंग कतिपय

लोकतान्त्रिक नेपाली राजनीतिमा नेताहरूलाई रिटायरमेन्टको चलनले छोएको छैन । त्यसैले राजनैतिक दलहरूमा जो जति वृद्ध ऊ त्यति नै पुरानो अनि खाँटी नेता भएको पाइन्छ । कच्चा जवानीदेखि पाको वृद्धपनसम्म पार्टीमा होमिएकाहरू पुराना र खाँटी नेता हुनु स्वाभाविक हो, तर पनि राजनीतिमा रिटायरमेन्ट अर्थात् संन्यासको चलन नदेखिएकाले धेरै नेता हजुरबुबासम्मको उपाधि पाउन्जेल पनि युवा नेता नै कहलाइरहेका छन् । यसको एउटा फाइदा पनि छ– पार्टी ज्वाइन गरेपछि जोकोही सधैं युवा नै रहन्छ ।

भारतमा केही वर्षअघि भारतीय जनता पार्टीको पच्चीसौं स्थापना दिवसका बेलामा तत्कालीन प्रधानमन्त्री अटल बिहारी बाजेपायीले आफ्नो राजनैतिक सन्यासको घोषणा गरेका थिए, जसको एउटा कारण पार्टीको विचार र नीतिविपरीत राष्ट्रिय स्वयंसेवक संघको लहलहैमा लागि धेरै सहयात्री अति हिन्दूवादतिर लम्कनु पनि एक थियो, तर यहाँ हामीकहाँ पार्टीको दर्शन, विचार, नीति र कार्यक्रम ठीक उल्टो घोप्टचाएर परिवर्तन गर्दा पनि त्यही पुराना बूढा नेताहरू लाजै नमानी नयाँ विचारको वकालत गर्दै नेतृत्वमा ढसमस्स छन् । हामीकहाँ संविधानसभा निर्वाचनअघि तत्कालीन प्रधानमन्त्री गिरिजा बाबुले आफू बूढो भएको महसुस गरी संविधानसभा निर्वाचनपछि राजनीतिबाट संन्यास लिने घोषणा गर्नुभएको थियो । उक्त घोषणाका साथ उहाँले कांग्रेसलाई संविधानसभामा बहुमत दिलाइछाड्ने वाचा गर्नुभएको थियो । अब आज उहाँलाई त्यो कुरा सम्झाउने हिम्मत कसले गर्न सक्लान् र ? संसारभरि चुनावमा पराजित भएपछि नेतृत्व लिनेले संन्यास वा राजनीतिबाट पछि हटिदिने चलन चले पनि यहाँ हारपश्चात अर्को निर्वाचनमा बहुमत ल्याएर देखाइदिने अनि मात्र ठाउँ छाड्ने वाचा गरेको देखिन्छ । जसले पराजयपछि नेतृत्व छाडे, उनीहरू पनि शक्तिरूपी टनिक खाँदै अध्यक्ष पद नै हत्याउने दाउमा लागेका छन् । अब प्रश्न के मात्र छ भने नेपाली राजनीतिमा युवाहरूले कहिले अवसर पाउने ? त्यसो त युवाहरूले राणाशासनको विरुद्धमा कांग्रेसको नेतृत्वमा हतियार उठाएकै थिए । नयाँ नेपाल बनाउने क्रममा युवाहरूलाई लिग र फोर्सको नाउँमा दस्ता बनाएर व्यस्त राख्न नेतृत्व पंक्ति सफल भएकै छ ! अहिले आएर नयाँ संविधानको निर्माणमा पनि त्यही पुराना र बूढा नेताहरूको आपसी खिचातानी र पर्सनल इगोका कारण केही हदसम्म अप्ठ्याराहरू आइलागेका हुन् भन्दा त्यसलाई स्वीकार गर्ने वातावरण बन्दै गएको छ ।

राजनीति गर्ने नेताहरूले संन्यास लिनु भनेको उनीहरूका लागि मृत्यु समान हो भन्ने धारणा सधैं प्रबल छ । उमेरको पाकोपनमा यहाँ पुरानो नेतृत्वले आफ्नो हैसियतको धाक मात्र जमाएको पाइन्छ, उमेरसँगै विचारको प्रस्फुटन र सबैलाई समेट्न सक्ने नेतृत्व गरेको पाइँदैन । जति-जति उमेर छिप्पिँदै जान्छ पुरानो नेतृत्व त्यति नै जालझेल र षड्यन्त्र गर्न सिपालु हुँदै गएको देखिन्छ । वास्तवमा उमेरको बढ्दो क्रममा लोभ-लालच र मोह त्याग्नुपर्ने हो, जसले अनुभवको सफल कार्यान्वयन गर्न सहयोग पुर्‍याउँछ, तर यहाँ त्यसको ठीक विपरीत नेताहरूले आफूसँग भएको अनुभवलाई सही दिशामा प्रयोग गरेको पाइँदैन । आश्चर्य यति हुँदाहुँदै पनि ती बूढा-पुराना नेताहरू नेपाली राजनीतिमा अहिले पनि स्थापित छन् ।

हरेक दसैंमा राजदूताबासहरूबाट रक्सीको बोतल थाप्ने नेताहरू यदि अब पनि रिटायर नहुने हो भने दलहरूले बूढा पुरानाहरूका लागि संघ खोली वर्गीय संगठनमा सीमित राखिदिनुपर्ने बेला आइसकेको छ । यदि कसैले युवाहरू सक्षम नभएकै कारणले बूढा-पुरानाहरूको हालीमुहाली भएको ठहर गर्छ भने त्यो अवसर नपाएका र षड्यन्त्र गरी राजनीतिबाट पछाडि पारिएका युवाहरूमाथिको आक्रमण नै सावित हुन्छ ।

prasangakatipaya@hotmail.com













कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल ।**